# करैयामाई गाउँपालिका

# शिक्षा क्षेत्र योजना

# २०८३-२०८७



## करैयामाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## करैया, बारा

## मधेश प्रदेश, नेपाल

# विषय सूची


| क्रम संख्या | विषय वस्तु | पृष्ठ |
|---|---|---|
| **परिच्छेद १** | **संक्षिप्त परिचय** | **१-७** |
| **१.** | **पृष्ठभूमि** | **१** |
| १.१. | करैयामाई गाउँपालिकाको संक्षिप्त परिचय | ३ |
| १.२. | करैयामाई गाउँपालिकाको शैक्षिक स्थिति | ७ |
| १.३. | विद्यालय शिक्षा क्षेत्रका मुख्य समस्या तथाचुनौतिहरु | ११ |
| १.४ | विद्यालय शिक्षाका अवसरहरु | १३ |
| १.५. | विद्यालय शिक्षाका अनुभव र सिकाइ | १४ |
| १.६. | अपेक्षित उपलब्धी | १८ |
| १.७ | गाउँपालिका विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रिया | १९ |
| **परिच्छेद २** | **दुरदृष्टि, ध्येय तथा उद्देश्य** | **२२-२४** |
| २.१. | दुरदृष्टि | २२ |
| २.२. | ध्येय | २२ |
| २.३. | उद्देश्य | २३ |
| **परिच्छेद ३** | **रणनीति तथा कार्यनीति** | **२५-३३** |
| ३.१ | गाउँपालिका शिक्षा क्षेत्र योजनाको मुख्य उपलब्धी | ३१ |
| ३.२ | परिमाणात्मक लक्ष्य तथा प्रमुख कार्यसम्पादन सूचक | ३२ |
| **परिच्छेद ४** | **विद्यालय शिक्षाका उप क्षेत्रहरु** | ३४-७७ |
| **४.१** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | **३४-३९** |
| ४.१.१ | उद्देश्य | ३६ |
| ४.१.२ | रणनीति | ३६ |
| ४.१.३ | मुख्य उपलब्धी | ३७ |
| ४.१.४ | उपलब्धी, नतिजा र क्रियाकलाप | ३८ |
| **४.२** | **आधारभूत शिक्षा** | **३९-४४** |
| ४.२.१ | बर्तमान अवस्था र चुनौतिः | ४० |
| ४.२.२ | उद्देश्य | ४१ |
| ४.२.३ | रणनीति | ४१ |
| ४.२.४ | उपलब्धी | ४२ |
| ४.२.५ | उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप | ४३ |
| **४.३** | **माध्यमिक शिक्षा** | ४५-५० |
| ४.३.१ | वर्तामान अवस्था र चुनौति | ४५ |
| ४.३.२ | उद्देश्य | ४६ |

४.३.३ रणनीति ४७
४.३.४ उपलब्धी ४८
४.३.५ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ४९
**४.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ** ५१-५६
४.४.१ वर्तमान अवस्था तथा चुनौति ५१
४.४.२ उद्देश्य ५३
४.४.३ रणनीति ५४
४.४.४ उपलब्धी ५५
४.४.५ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ५५
**४.५ पाठ्यक्रम तथा मूल्याङ्कन** ५७-६२
४.५.१ वर्तमान अवस्था तथा चुनौति ५७
४.५.२ उद्देश्य ५९
४.५.३ रणनीति ६०
४.५.४ उपलब्धी ६०
४.५.५ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ६०
**४.६ शिक्षक व्यवस्थापन, विकास र पेशागत सहायता** ६३-६७
४.६.१ वर्तमान अवस्था तथा चुनौति ६३
४.६.२ उद्देश्य ६५
४.६.३ रणनीति ६५
४.६.४ उपलब्धी ६६
४.६.५ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ६६
**परिच्छेद ५ अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ६८-८२
५.१ समतामूलक पहुँच र समावेशीकरण ६८
**५.१.१** वर्तमान अवस्था तथा चुनौति ६८
**५.१.२** उद्देश्य ७०
**५.१.३** रणनीति ७०
**५.१.४** उपलब्धी ७१
**५.१.५** उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ७१
**५.२ आपतकालीन तथा संकटपूर्ण अवस्थामा दिइने शिक्षा** ७२-७७
५.२.१ वर्तमान अवस्था तथा चुनौति ७३
५.२.२ उद्देश्य ७४
५.२.३ रणनीति ७५
५.२.४ उपलब्धी ७६
५.२.५ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ७६
**५.३ भौतिक पूर्वाधार विकास** ७८-७९
५.३.१ उद्देश्य ७८
५.३.२ रणनीति ७९
५.३.३ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ७९
**५.४ विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधि** ८०-८२

५.४.१ उद्देश्य ८१
५.४.२ रणनीति ८१
५.४.३ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ८२
**परिच्छेद ६ संस्थागत विकास, वित्तिय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन** ८३-९४
**६.१ संस्थागत विकास** ८३
६.१.१ वर्तमान अवस्था तथा चुनौति ८३
६.१.२ उद्देश्य ८४
६.१.३ रणनीति ८५
६.१.४ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ८५
**६.२ वित्तीय व्यवस्थापन** ८६
६.२.१ उद्देश्य ८७
६.२.२ रणनीति ८८
६.२.३ उपलब्धी, ८८
६.२.४ उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ८८
६.२.५ प्रस्तावित कार्यक्रम बजेट अनुमान ८९
**६.३ अनुगमन र मुल्याङ्कन** ९२-९४
६.३.१ उद्देश्य ९३
६.३.२ रणनीति ९३
६.३.३ उपलब्धी उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप ९४
**परिच्छेद ७ लक्ष्य तथा कार्यक्रम, कार्यान्वयन रणनीति तथा योजना** ९५-१०२
**७.१. कार्यक्रम तथा क्रियाकलाप** ९५
७.१.१ रणनीति ९६
७.१.२ योजना कार्यान्वयनको प्रबन्ध ९७
**परिच्छेद ८ अनुगमन तथा प्रतिवेदन** १०३-१०९
**८.१ शिक्षामा अनुगमन तथा वर्तमान अवस्था** १०३
८.१.१ उद्देश्य १०३
८.१.२ विधि र प्रक्रिया १०४
८.१.३ अनुगमन तथा सुपरिवेक्षणमा सहभागिता १०४
८.१.४ विद्यमान अवस्था १०४
८.१.५ चुनौतिहरु १०४
८.१.६ अवसरहरु १०५
८.१.७ रणनीतिक प्राथमिकता १०५
८.१.८ क्रियाकलाप १०५
८.१.९ सरोकारवालाहरुको भूमिका १०७
सन्दर्भ सामाग्री ११०

# तालिका सूची



| क्रम संख्य | तालिका विवरण | पृष्ठ |
|---|---|---|
| तालिका नं. १ | वडागत जनसंख्या विवरण | ५ |
| तालिका नं. २ | वडागत सडक सम्बन्धी विवरण | ५ |
| तालिका नं. ३ | वडागत क्षेत्रफल विवरण | ७ |
| तालिका नं. ४ | तहगत विद्यालय विवरण | ८ |
| तालिका नं. ५ | तहगत विद्यालय विवरण | ८ |
| तालिका नं. ६ | स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरण | ९ |
| तालिका नं. ७ | श्रेणीगत शिक्षक विवरण | ९ |
| तालिका नं. ८ | सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण | ९ |
| तालिका नं. ९ | साक्षरता सम्बन्धी विवरण | १० |
| तालिका नं. १० | शैक्षिक उपलब्धी विवरण | १० |
| तालिका नं. ११ | शिक्षा क्षेत्रको बजेट | १० |
| तालिका नं.१२ | शैक्षिक सुचकको अवस्था | ३२ |
| तालिका नं.१३ | वडा अनुसार साक्षरस्थिति | ५२ |
| तालिका नं.१४ | साक्षरता सम्बन्धी विवरण | ५२ |
| तालिका नं.१५ | गाउँपालिकाको समग्र साक्षरता सम्बन्धी विवरण | ५२ |
| तालिका नं.१६ | विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (रु. हजारमा) | ९० |

# परिच्छेद-१

# पृष्ठभूमि र संक्षिप्त परिचय

## १. पृष्ठभूमिः

आम नागरिकको आधारभूत आवश्यकताको परिपूर्ति देखि लिएर नागरिकको हित, कल्याण एवम् समष्टी विकासका लागि बिना भेदभाव वितरण गरिने सेवा नै सार्वजनिक सेवा हो । नागरिकलाई निःशुल्क वा सशुल्क दुबै माध्यमबाट सेवा प्रवाह गर्नु राज्य र स्थानीय तहको कर्तव्य र आम नागरिकलाई सेवा सुविधाको समानुपातिक वितरण गर्नु सार्वजनिक प्रशासनको दायित्व हो । सरकारद्वारा नागरिकहरुलाई सेवा वितरण गर्नका लागि कार्य प्रकृति बमोजिम सार्वजनिक प्रशासनको व्यवस्था गरिएको छ । प्रशासनको कार्यक्षमता र प्रभावकारीता वृद्धि नै सेवा प्रवाहको मापन हो । नेपालको संविधानको मौलिक हकमा नागरिकलाई प्रदान हुने सेवाहरुका बारेमा व्यवस्था गरिएको छ । प्रशासनमा रहेको नीतिगत, संगठनात्मक, कार्यप्रणालीगत र मनोवृत्तिगत समस्याका कारण सेवा प्रवाह सरल, सहज र जनमैत्री बनाउन कठीनाइ भइरहेको छ । लोकतान्त्रिक मूल्य, मान्यता, पारदर्शी कार्यशैली र प्रणालीको अबलम्बन गर्दै आम नागरिकलाई केन्द्रविन्दुमा राखी सेवा प्रवाह सञ्चालन गरिनु आजको अपरिहार्यता रहेसंगै नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी समेत स्थानीय तहलाई सुम्पिएको छ ।

समृद्ध, सम्पन्न देशले अपनाएको विकासको सूत्र भनेको शिक्षामा व्यापक सुधार, पर्याप्त लगानी, गुणस्तरीय सार्वजनिक शिक्षा, दक्ष जनशक्ति उत्पादन र समग्र पक्षको विकास नै हो । स्थानीय तहदेखि केन्द्रसम्मले शिक्षालाई पहिलो प्राथमिकतामा राखी दक्ष, सक्षम जनशक्ति उत्पादन गर्न सकेमा हाम्रा समुदाय, स्थानीय तह, प्रदेश र समग्र देशको नै विकास हुन सम्भव छ । संविधानले आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने भनेर मौलिक हकका रूपमा शिक्षालाई राखी सबै बालबालिकालाई शिक्षा सुनिश्चित गर्न खोजेको छ । आधारभूत तहसम्मको शिक्षामात्र होइन, माध्यमिक तहसम्मको गुणस्तरीय शिक्षा सर्वसुलभ भएमा मात्र मानवीय पूर्वाधार तयार भई अन्य क्षेत्रको विकासमा सहयोग पुग्न सक्छ । अपेक्षित लक्ष्य, उद्देश्य तथा नतिजा प्राप्त गर्न गरिने कार्यको पूर्व निर्णय नै योजना हो । योजना निर्माण गर्दा निर्धारित लक्ष्यमा पुग्न विकल्पको चयन गर्ने, आवश्यक स्रोत/साधन व्यवस्था गर्ने, समयसीमा निर्धारण गर्ने कार्य गरिन्छ । योजनाले लाग्ने खर्च, स्रोत/साधनको दुरुपयोग र अनिश्चितता घटाउँछ भने सहयोग, सहकार्य र लक्ष्य प्राप्तिको सुनिश्चितता बढाउँछ । योजना विहीन गरिएको कार्य अन्धकारमा ढुङ्गा फाल्नु सरह हो ।

नेपालमा २०१३ सालबाट योजनाबद्ध विकास थालनी गरिए पनि शिक्षा क्षेत्रमा २०२८ सालको नयाँ शिक्षा योजना नै योजनाको थालनी हो । जति राम्रा योजना, नीति र कार्यक्रम निर्माण भए पनि कार्यान्वयन पक्ष फितलो भयो भने अपेक्षित नतिजा हासिल गर्न सम्भव छैन भन्ने नियति रही नै रहेको पाइन्छ । शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफल तत्काल नदेखिने, परिणाम निकै ढिलो प्राप्त हुने, मापन गर्न पनि नसकिने हुनाले स्थानीय तहहरुले शिक्षालाई पहिलो प्राथमिकतामा राखेको पाइदैन । शिक्षाजस्तो संवेदनशील क्षेत्र सुधार गर्नका लागि स्थानीय तह जागरुक भइ लाग्नु पर्ने अवस्था रहेको छ र योजनाबद्ध रुपमा शिक्षा क्षेत्रको सुधारमा लागेमा परिणाम केही बर्षमा सकारात्मक रहने कुरामा दुइमत रहदैन । त्यसैले केही स्थानीय तहमा शिक्षा क्षेत्रको पञ्चवर्षीय तथा दीर्घकालीन योजना निर्माण गरेर कार्यान्वयनको थालनी गरिसकेको पाइन्छ । दिगो विकासका लक्ष्य, समग्र देशको शिक्षासम्बन्धी योजना, प्रदेशका शैक्षिक योजना आदिको सूचकाङ्कीय लक्ष्यसँग आफ्नो स्थानीय तहको सूचकाङ्क तुलना गर्दा सबल र कमजोर पक्ष यकिन गर्न र लक्ष्य निर्धारण गर्न सहज हुन्छ । समग्र देशको अवस्था हेर्दा प्रायः बालबालिका विद्यालयमा भर्ना भएका छन् । केही स्थानविशेषमा, कुनै विशेष समुदायमा, अभिभावकको ज्यादै गरिबी र चेतना कमीको कारणले तथा बालबालिकाको शारीरिक अवस्थाका कारणले दुई/तीन प्रतिशत बालबालिका विद्यालयमा भर्ना हुन नसकेको देखिन्छ ।

शैक्षिक योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य निर्माण गर्दा संविधानमा भएको शिक्षा सम्बन्धी मौलिक हकको सुनिश्चित गर्ने, पछाडि परेको समुदायलाई सशक्तीकरण गर्ने, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा सुनिश्चित गर्ने, पठन संस्कृति वृद्धि गर्ने, सबैलाई साक्षर बनाउने, उद्यमशील तथा रोजगारमूलक शिक्षा दिलाउने, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने तथा शैक्षिक गुणस्तर वृद्धि गर्ने, जस्ता कुरा नछुटाइ उद्देश्य र लक्ष्यप्राप्त गर्नका लागि सबल पक्ष र सम्भावना तथा समस्या र चुनौतीको राम्रोसंग यकिन गरी सकेसम्म धेरै सरोकारवाला, स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनुपर्छ, योजना कार्यान्वयन योग्य हुनुपर्छ, भौगोलिक, सामाजिक, आर्थिक अवस्था भन्दा फरक खालका, विदेशीले तथा अन्य कसैले बनाइ दिएका योजना सफल हुन सक्दैनन्। वि.सं.२०७२ सालमा नेपालको संविधान जारी भएपछि यस क्षेत्रमा भएका उल्लेखनीय परिवर्तनहरुलाई सम्बोधन गर्न विद्यालय क्षेत्र विकास योजनाको संघीय सरकारले कार्यान्वयन गरेको हुँदा प्रत्येक स्थानीय तहमा विद्यालय शिक्षा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

तसर्थ राष्ट्रिय शिक्षा नीतिमा भएका कुरासमेतलाई अक्षरस मध्यनजर गर्दै स्थानीय तहले आफ्नो योजना बनाई टोलटोल, गाउँगाउँबाट शैक्षिक सुधार थालनी गर्ने हो भने समग्र देशको शैक्षिक सुधार हुन, दक्ष जनशक्ति उत्पादन हुन र समग्र देश समृद्ध बन्न धेरै लामो समय नलाग्ने कुरामा विश्वस्त हुंदै स्थानीय तहहरुका लागि आवश्यक पर्ने विभिन्न कार्यविधि तथा योजनाहरु मध्ये शिक्षा योजना एक महत्वपूर्ण योजना रहेकोले स्थानीय तहबाट हुने काम कारवाहीमा सहजीकरण र हातेमालो गर्दै शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता बढाउन मद्दत पुगोस भन्ने उद्देश्य सहित करैयामाई गाउँपालिकाको **शिक्षा योजना (२०८३-२०८७)** तयार गरिएको छ ।

## १.१. करैयामाई गाउँपालिकाको संक्षिप्त परिचयः

बारा जिल्लामा रहेको १६ स्थानीय तहहरु २ वटा उपमहानगर पालिका, ५ वटा नगरपालिका र ९ वटा गाउँपालिका मध्ये करैयामाई गाउँपालिका जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित रहेको छ । यो गाउँपालिका ४७६८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । मधेश प्रदेशको बारा जिल्ला अन्तर्गत समतल भू-भागमा विशेषता बोकेको यो गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहाँसिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ ।

### ➢ भौगोलिक अवस्थितिः

कुनैपनि राष्ट्रिय राजमार्गसंग प्रत्यक्ष पहुँच नभएको करैयामाई गाउँपालिका बारा जिल्लाको करिव मध्य भागमा रहेको छ । यसको पूर्वमा कोलहवी नगरपालिका, पश्चिममा कलैया उपमहानगरपालिका, उत्तरमा जितपुरसिमरा उपमहानगरपालिका र कलैया उपमहानगरपालिका पर्दछन भने दक्षिणमा पचरौता गाउँपालिका, बारागढी गाउँपालिका र महागढीमाई नगरपालिकासंग सिमाना जोडीएको छ ।

#### ❖ अक्षांश र देशान्तरः

यो गाउँपालिका २६ डिग्री ५८ मिनेट ० सेकेण्ड देखी २७ डिग्री ४ मिनेट ५१ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ३ मिनेट ४ सेकेण्ड देखि ८५ डिग्री ८ मिनेट १३ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ ।

#### ❖ क्षेत्रफलः

बारा जिल्लाको कुल क्षेत्रफलको ३.७५ प्रतिशत भू-भाग ओगटेको यस गाउँपालिकाको क्षेत्रफल ४७.६८ बर्ग किलोमिटर रहेको छ ।

#### ❖ धरातलीय अवस्थाः

मधेश प्रदेश अन्तर्गत बारा जिल्लाको यस गाउँपालिका समथर भू-भाग भएको तराईको रुपमा रहेको छ । धरातलीय स्वरुपका हिसाबले यस गाउँपालिकाको अधिकांश भू-भाग खेतीयोग्य क्षेत्रले ओगटेको छ ।

### ➢ साँस्कृतिक, पर्यटकीय तथा धार्मिक स्थलहरुः

करैयामाई गाउँपालिकामा मुख्य ३ वटा पर्यटकीय तथा धार्मिक स्थलहरु रहेका छन् जस्मा बारा गढीमाई मन्दिर, करैयामाई मन्दिर र रामजानकी मठ मुख्य हुन ।

- **प्रमुख व्यापारिक स्थलहरुः**

  यस गाउँपालिकामा मुख्यत ६ वटा बजार क्रमशः वडा नं. १ को मधुवन बजार, २ को करैया बजार, ५ को तेतरीया बजार, ६ को बारा बजार, ७ को उमजन बजार र वडा नं. ८ को नरहरी बजार हुन् भने वडा नं.२ को जाममैडा बजार वडा नं. ७ को रौतडी मा हाटबजार लाग्ने गरेको पाईन्छ ।

- **हावापानीः**

  धरातलीय स्वरुप अनुसार उष्ण मनसुनी हावापानी पाइने, गर्मीमा अत्याधिक गर्मी र जाडोमा अत्याधिक जाडो हुने । चैत, बैशाख, जेठ महिनामा हावाहुरी बतास चल्ने, तातो हावा लुको प्रभाव बढ्ने, आगलागी, चट्याङ जस्ता विपत्ति आइपर्ने । जाडो याममा शीत लहरका कारण जनजीवन प्रभावित हुने यहाँको मौसमी विशेषता हो ।

- **राजनीतिक अवस्थितिः**

  करैयामाई गाउँपालिका मधेश प्रदेश अन्तर्गत बारा जिल्लामा अवस्थित रहेको छ । साविकका छ गा.वि.स.हरु सामावेश गरी बनाइएको यस गाउँपालिकामा ८ वडाहरु रहेका छन् । बारा जिल्लामा विद्यमान २ उपमहानगरपालिका ५ नगरपालिका र ९ गाउँपालिका गरी १६ वटा स्थानीय तह मध्ये करैयामाई गाउँपालिका पनि एक हो । हाल यस गाउँपालिकाको कार्यालय करैयामा रहेको छ। साविक नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलको बारा जिल्लामा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा तथा प्रदेश सभा निर्वाचन क्षेत्र मध्य (ख) अन्तर्गत पर्दछ । (स्रोतः करैयामाई गाउँपालिकाको गाउँवस्तु स्थिति विवरण-२०७५)

- **जनसंख्याः**

  राष्ट्रिय जनगणना **२०७८** अनुसार करैयामाई गाउँपालिकाको कुल जनसङ्ख्या २९,१६५ रहेको छ भने यहाँ ५,०५१ घरधुरी रहेका छन् । यस गाउँपालिकाको कुल जनसंख्याको **१४६५१ (५०.२ प्रतिशत) पुरुष**को संख्या रहेको छ, भने **१४५१४ (४९.८ प्रतिशत) महिला**को संख्या रहेको छ । लैङ्गिक अनुपात १००.९४ पुरुष प्रति १०० महिला रहेको छ । वडागत जनसंख्या देहाय बमोजिम तालिकामा दर्शाईएको छ ।

**तालिका-१**

**वडागत जनसंख्या विवरण**

| वडा | साविकका गा.वि.स. | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व (व्यक्ति/वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | हरैया (२-५) | ३,२७४ | ५.०९ | ६४३.२२ |
| २ | करैया (१-४) | १,६९७ | २.११ | ८०४.२७ |
| ३ | करैया (६, ७) र हरैया (७-९) | २,८६० | ३.५६ | ८०३.३७ |
| ४ | सिहोर्वा (६-९) | २,६९६ | ३.८६ | ६९८.४५ |
| ५ | तेतरिया (१-९) | ३,८३४ | ६.३६ | ६०२.८३ |
| ६ | करैया (५, ९) र सिहोर्वा (१-४) | २,९४१ | ५.८४ | ५०३.६० |
| ७ | उमजन | ६,४९९ | ११.२२ | ५७९.२३ |
| ८ | नरही | ५,३६४ | ९.६४ | ५५६.४३ |
| | **जम्मा** | **२९,१६५** | **४७.६८** | **६११.६८** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

- **यातायातः**

यस गाउँपालिकामा ३.८ कि.मि.को सिहोर्वा-जीतपुर जोड्ने सिहोर्वा सडक (वडा नं.४,५,६) र ३.५ कि.मि.को करैया बजार-बारा बजार जोड्ने कोल्हवी सडक मुख्य सडक हुन् । २०७४ को स्थानीय निर्वाचन पश्चात अधिकांश गाउंटोल जोड्ने ग्राभेल तथा कच्ची सडकहरु स्थानीय पूर्वाधारका रुपमा निर्माण भएका छन् । कतिपय निर्माणाधिन अवस्थामा छन् । नजिकको हवाई मार्ग बारा जिल्लाको सिमरा विमानस्थल हो ।सडक सम्बन्धी वडागत विवरण देहाय बमोजिम तालिकामा दर्शाईएको छ ।

**तालिका-२**

**वडागत सडक सम्बन्धी विवरण**

| सडकको नाम | वडा नं. | जोडिने स्थान | | लम्बाई | प्रकार |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| गंजभवानीपुर सडक | ३,२,१ | करैया ३ बाट | मधुबन बजार | २.८ | ग्राभेल |
| कोल्हबी सडक | २,७ | करैया बजार | बारा बजार | ३.५ | ग्राभेल |
| नरही परसौना सडक | ८,७ | नरही | पिप्रा टोल | ४ | ग्राभेल |
| सिहोर्वा सडक | ४,५,६ | सिहोर्वा | जीतपुर रोड | ३.८ | ग्राभेल |
| गालोपटी सडक | ३ | बजनी चोक | गालोपटी | २.४ | कच्ची |
| गंजभवानीपुर नरही सडक | ८ | सिरिसिया | नरही बजार | १.६ | ग्राभेल |
| कृषि तथा शाखा सडक (वडा १-८ भित्र) | | सबै वडा | सबै वडा | १५ | कच्ची |

स्रोतः करैयामाई गाउँपालिकाको गाउँ वस्तुगत विवरण, २०७५

- **सञ्चार (हुलाक, टेलिफोन, रेडियो र पत्रपत्रिका):**
  यस गाउँपालिकाको वडा नं. १ मधुवनमा अतिरिक्त हुलाक कार्यालय रहेको र उमजन बजारमा NTC को टावर रहेको छ । उपलब्ध सेवा सुविधा हेर्दा नमस्ते (NTC र Ncell) मोवाइल प्रविधि अधिकांशले प्रयोग गरिरहेका छन् भने न्युन रुपमा ल्याण्ड लाइन फोन समेत उपयोग गर्दछन् । World link, subishu, Ncell र NTC Net जस्ता ईन्टरनेट प्रविधिहरुले करैयावासीहरुलाई विश्वव्यापीकरणको अनुभुति दिलाई रहेका छन् ।स्थानीय पत्र पत्रिकाको प्रकाशन नभएतापनि राष्ट्रिय दैनिक पत्रिका, साप्ताहिक र मासिक पत्रिकाहरु उपलब्ध हुने गरेका छन्।

- **स्वास्थ्य सेवाः**
  गाउँपालिकाको शाखाको रुपमा स्वास्थ्य तथा सामाजिक विकास शाखा रहेको सो अन्तर्गत ५ वटा स्वास्थ्य चौकी रहेको जस्मा करिव ४० जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् । आवधिक रुपमा भिटामिन ए खुवाउनुका साथै वि.सि.जि.,पेण्टाभ्यालेण्ट, पोलियो तेश्रो, दादुरा/रुवेला, जापानिज इन्सेफ्लाइटिस खोप कार्यक्रम संचालन भइरहेको । कुपोषित बालबालिकालाई पोषण युक्त औषधि उपलब्ध गराउने गरिएको। यस गाउँपालिकामा देखा पर्ने रोगहरु मध्ये  झाडा पखालाका बिरामी अत्याधिक देखिने गरिएको छ । गाउँपालिका भित्र प्राथमिक स्वास्थ्य सेवामा पहुँच न्युनतम १५ मिनेटदेखी बढीमा १ घण्टा भित्रमा पुग्न सक्ने देखिएको ।

- **विद्युत सेवाः**
  यस क्षेत्रमा पिलुवा विद्युत प्रशारण केन्द्रबाट वितरण हुने विद्युतको सुविधा अधिकांश गाउँ/वस्तिमा पुगेको छ । कमजोर प्रसारण लाइनका कारण हावाहुरी, बर्षाको समयमा बढी प्रभावित हुने गर्दछ। कतिपय स्थानको विद्युतीय सेवा राष्ट्रिय प्रसारणमा आवद्ध हुन नसकी सामाजिक रुपमा समेत सञ्चालन भईरहेकाले जनताले सास्ती खेप्नुपरेको छ ।

- **कला, भाषा र संस्कृतिः** यस क्षेत्रमा स्थानीय चाँडपर्वको रुपमा नयाँ बर्ष, दशै, तिहार, साउने संक्रान्ति, माघेसंक्रान्ति, मंसिर पूर्णिमा, कृष्ण अष्टमी, ईद, बकरईद चैत्रे दशै, फागु पूर्णिमा आदी मनाइने गरिन्छ। गाउँपालिकामा अवस्थित बारा गढीमाई मन्दिर, करैयामाई मन्दिर र रामजानकी मठ चाँडपर्व, जात्रा र मेला मनाइने मुख्य ३ वटा धार्मिक स्थलहरु हुन ।

- **मुख्य पेशा र व्यवसायः** कृषि (अन्न धान,गहुँ, मकै, दालखेती, तेलहन बाली, पशुपालन, माछा पालन, आँप/लिच्चि/कटहर र तरकारी खेती) शिक्षण तथा निजामती सेवामा नोकरी, व्यापार व्यवसाय, घरेलु, साना तथा मझौला उद्योग लगायत बैदेशिक रोजगारी करैयामाई गाउँपालिकाका बासिन्दाहरुको पेशा रहेको छ ।
- **धार्मिक स्थलः** करैयामाई गाउँपालिकामा बारा गढीमाई मन्दिर, करैयामाई मन्दिर र रामजानकी मठ मुख्य धार्मिक स्थलहरु हुन ।

➢ **वडा गत क्षेत्रफलः**

गाउँपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहाय बमोजिम तालिकामा दर्शाईएको छ ।

**तालिका-३**

**वडागत क्षेत्रफल विवरण**

| वडा नं. | समावेश साविक गा.वि.स. | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | करैया (१ देखि ४) | २.११ | ४.४३ |
| २ | करैया (२ देखि ५) | ५.०९ | १०.६८ |
| ३ | करैया (६,७) हरैया (७ देखि ९) | ३.५६ | ७.४७ |
| ४ | सिहोर्वा (६ देखि ९) | ३.८६ | ८.१ |
| ५ | तेतरिया (१ देखि ९) | ६.३६ | १३.३४ |
| ६ | करैया (५,९) र सिहोर्वा (१ देखि ४) | ५.८४ | १२.२५ |
| ७ | उमजन (१ देखि ९) | ११.२२ | २३.५३ |
| ८ | नरही (१ देखि ९) | ९.६४ | २०.२२ |
| **जम्मा** | | **४७.६८** | **१००** |
| स्रोतः करैयामाई गाउँपालिकाको गाउँ वस्तुगत विवरण २०७५ | | | |

## १.२. करैयामाई गाउँपालिकाको शैक्षिक स्थिति

करैयामाई गाउँपालिका भित्र २० वटा प्राथमिक विद्यालय, १ वटा आधारभुत विद्यालय, २ वटा माध्यमिक विद्यालय १०-९, २ वटा उच्च माध्यमिक विद्यालय ९-१२, उच्चमाध्यमिक प्राविधिक विद्यालय १ वटा, बालविकास केन्द्र २० वटा, सामुदायिक सिकाई केन्द्र (CLC) ५ वटा रहेका छन्। २० वटा बालविकास केन्द्रहरु सामुदायिक विद्यालयमै केन्द्रित छन् । संस्थागत विद्यालयहरुमा ७ वटा आधारभुत विद्यालयको रुपमा सञ्चालित छन् । तहगत विद्यालय विवरण २०८२ को विवरण देहायबमोजिम तालिकामा दर्शाइएको छ ।

## तालिका नं. ४

## तहगत विद्यालय विवरण

| **क्र.सं.** | **तह** | **सामुदायिक** | | | **संस्थागत** | |
|---|---|---|---|---|---|---|
| | | **स्वीकृत** | **अनुमति** | **जम्मा** | | **जम्मा** |
| १ | प्राथमिक | - | - | - | - | - |
| २ | निम्न माध्यमिक | - | - | - | - | - |
| ३ | आधारभुत | १६ | - | १६ | ७ | २३ |
| ४ | माध्यमिक ९-१० | २ | - | २ | - | २ |
| ५ | उच्च माध्यमिक | - | - | - | - | - |
| ६ | माध्यमिक ९-१२ | २ | - | २ | - | २ |
| ६ | क्याम्पस | - | - | - | - | - |
| ७ | बालविकास केन्द्र | २० | - | २० | - | २० |
| ८ | सामुदायिक सिकाइ केन्द्र (CLC) | ५ | - | ५ | - | ५ |
| | जम्मा | ४५ | - | ४५ | ७ | ५२ |

स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा ।

## तालिका नं. ५

## तहगत विद्यालय विवरण

| क्र.सं. | तह | सामुदायिक | | | | संस्थागत | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | अनुदान | जम्मा | | जम्मा | |
| १ | प्राथमिक | १३ | - | २ | १५ | ७ | ७ | २२ |
| २ | निम्न माध्यमिक | - | - | - | - | - | - | - |
| ३ | आधारभुत | १ | - | - | १ | - | - | १ |
| ४ | माध्यमिक ९-१० | २ | - | - | २ | - | - | २ |
| ५ | उच्च माध्यमिक | - | - | - | - | - | - | - |
| ६ | माध्यमिक ९-१२ | २ | - | - | २ | - | - | २ |
| ६ | क्याम्पस | - | - | - | - | - | - | - |
| ७ | बालविकास केन्द्र | २० | - | - | २० | - | - | २० |
| ८ | सामुदायिक सिकाइ केन्द्र (CLC) | ५ | - | - | ५ | - | ५ | ५ |
| | जम्मा | ४३ | - | २ | ४५ | ७ | १२ | ५२ |

स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा ।

## तालिका नं. ६

## स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरण

| क्र.सं. | किसिम | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ५० | ९ | ९ | ६ | ७४ |
| २ | राहत | २० | २ | ४ | ४ | ३० |
| ३ | शिक्षक अनुदान | - | २ | ६ | - | ८ |
| | जम्मा | ७० | १३ | १९ | १० | ११२ |

स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा ।

## तालिका नं. ७

## श्रेणीगत शिक्षक विवरण

| क्र.सं. | तह | प्रथम | द्वितिय | तृतिय | अस्थायी | राहत | रिक्त | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | - | ९ | ३५ | ८ | २० | - | ७२ | प्राविधिक दरवन्दी सहित |
| २ | निम्न माध्यमिक | - | - | ९ | - | २ | - | ११ | प्राविधिक दरवन्दी सहित |
| ३ | माध्यमिक | - | २ | ५ | - | ४ | - | ११ | प्राविधिक दरवन्दी सहित |
| ४ | उच्च माध्यमिक | - | १० | - | - | - | - | १० | प्राविधिक दरवन्दी सहित |
| | जम्मा | - | २१ | ४९ | ८ | २६ | - | १०४ | |

स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा ।

## तालिका नं. ८

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण

| क्र.सं | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | | अपाङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | बालविकास | ८८३ | ८०४ | १६८७ | १७९ | १९५ | ३७४ | २६८ | २३३ | ५०१ | १ |
| २ | प्राथमिक | १८५१ | १८९७ | ३७४८ | ४५४ | ५११ | ९६७ | ४९४ | ५०७ | १००१ | २ |
| ३ | निम्न माध्यमिक | ५५४ | ६३२ | ११८६ | १४० | १५८ | २९८ | १९३ | २३३ | ४२६ | २ |
| ४ | आधारभुत १-८ | २४०५ | २५२९ | ४९३४ | ५९६ | ६६९ | १२६५ | ६८७ | ७४० | १४२७ | ४ |
| ५ | माध्यमिक ९-१० | २५१ | २९२ | ५४३ | ४३ | ४५ | ८८ | ९६ | १४० | २३६ | - |
| ६ | उच्च माध्यमिक | १४३ | १८८ | ३३१ | २५ | २६ | ५१ | ५७ | ९६ | १५३ | |
| ७ | माध्यमिक ९-१२ | ३९४ | ४८० | ८७४ | ६८ | ७१ | १३९ | १५३ | २३६ | ३८९ | |
| | जम्मा | ६४८१ | ६८२२ | १३३०३ | १५०७ | १६७५ | ३१८२ | १९४८ | २१८५ | ४१३३ | ९ |

स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा ।

## तालिका नं. ९

## साक्षरता सम्बन्धी विवरण

| क्र.सं. | विवरण | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | कुल जनसंख्या | १४५१४ | १४६५१ | - | २९१६५ |
| २ | ५ बर्ष माथिको जनसंख्या | १३०८९ | १३१५७ | - | २६२४६ |
| ३ | ५ बर्ष माथिको साक्षर जनसंख्या | ७२७८ | ९८२८ | - | १७१०६ |
| ४ | ५ बर्ष माथिको साक्षर प्रतिशत | ५५.८% | ७४.७% | - | |
| ५ | साक्षर-निरक्षर नखुलेको जनसंख्या | - | - | - | १२०५९ |
| स्रोतः राष्ट्रिय जनगणना, २०७८ | | | | | |

## तालिका नं. १०

## शैक्षिक उपलब्धी विवरण

| कक्षा | नेपाली | | | अंग्रेजी | | | गणित | | | सामाजिक | | | विज्ञान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ४७४ | ४८४ | ९५८ | ४७४ | ४८४ | ९५८ | ४७४ | ४८४ | ९५८ | ४७४ | ४८४ | ९५८ | ४७४ | ४८४ | ९५८ |
| २ | ४३० | ४१४ | ८४४ | ४३० | ४१४ | ८४४ | ४३० | ४१४ | ८४४ | ४३० | ४१४ | ८४४ | ४३० | ४१४ | ८४४ |
| ३ | ३५८ | ३५७ | ७१५ | ३५८ | ३५७ | ७१५ | ३५८ | ३५७ | ७१५ | ३५८ | ३५७ | ७१५ | ३५८ | ३५७ | ७१५ |
| ४ | ३०५ | ३३८ | ६४३ | ३०५ | ३३८ | ६४३ | ३०५ | ३३८ | ६४३ | ३०५ | ३३८ | ६४३ | ३०५ | ३३८ | ६४३ |
| ५ | २८४ | ३३३ | ५८८ | २८४ | ३३३ | ५८८ | २८४ | ३३३ | ५८८ | २८४ | ३३३ | ५८८ | २८४ | ३३३ | ५८८ |
| ६ | २१५ | २४८ | ४६३ | २१५ | २४८ | ४६३ | २१५ | २४८ | ४६३ | २१५ | २४८ | ४६३ | २१५ | २४८ | ४६३ |
| ७ | १८८ | २३८ | ४२६ | १८८ | २३८ | ४२६ | १८८ | २३८ | ४२६ | १८८ | २३८ | ४२६ | १८८ | २३८ | ४२६ |
| ८ | १५१ | १४६ | २९७ | १५१ | १४६ | २९७ | १५१ | १४६ | २९७ | १५१ | १४६ | २९७ | १५१ | १४६ | २९७ |
| ९ | १२३ | १६४ | २८७ | १२३ | १६४ | २८७ | १२३ | १६४ | २८७ | १२३ | १६४ | २८७ | १२३ | १६४ | २८७ |
| १० | १२८ | १२८ | २५६ | १२८ | १२८ | २५६ | १२८ | १२८ | २५६ | १२८ | १२८ | २५६ | १२८ | १२८ | २५६ |
| स्रोतः करैयामाई गाउँपालिकाको शिक्षा शाखा । | | | | | | | | | | | | | | | |

## तालिका नं. ११

## शिक्षा क्षेत्रको बजेट

| आ.ब. | शिक्षा क्षेत्रको बजेट रु.हजारमा | | | | कुल बजेट रु. हजारमा | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | सशर्त अनुदान | आन्तरिक श्रोत | जम्मा | शिक्षा क्षेत्रको अंश | वित्तीय समानीकरण | सशर्त अनुदान | आन्तरिक श्रोत | |
| ०८२/८३ | १०५६१ | ४५२६ | १५०८७ | १२१८७५ | ४६५७९८.९२० | ११०७०० | १४४९०६.९२० | |
| स्रोतः करैयामाई गाउँपालिका, लेखा शाखा | | | | | | | | |

## १.३. विद्यालय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुः

**१.३.१. मुख्य समस्याः** नेपालको विद्यालय शिक्षा प्रणालीमा विभिन्न समस्याहरु देखा परेका छन् । बालबालिकाहरुको विद्यालयमा सहभागिता र पहुँच कमजोर देखिनु, आधारभुत तह पुरा गर्ने दर कमजोर देखिनु, शिक्षामा गुणस्तरियता कायम हुन नसक्नु, विद्यालयमा विषयगत र तालिम प्राप्त शिक्षककहरुको कमी हुनु, विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धी हासिल हुन नसक्नु, विद्यालयमा भौतिक र शैक्षिक वातावरण अनुकुल सिकाइको व्यवस्था नहुनु, तहगत र विषयगत रुपमा विद्यालयमा शिक्षकको व्यवस्थापन हुन नसक्नु, विद्यालयमा व्यवस्थापकीय सुधार तथा सुशासनको अभाव देखिनु, पठन संस्कृतिको विकास तथा जिवन पर्यन्त सिकाइका लागि पुस्तकालय प्रणालीको विकास नहुनु, निजी लगानीका शिक्षण संस्थाको उचित व्यवस्थापन तथा प्रतिभाहरुको पलायन नियन्त्रण गर्न नसक्नु, तोकीएको शैक्षिक सत्रमा तह पार गर्नेहरुको संख्या कम हुनु, अपाङ्गमैत्री शिक्षाको अभाव हुनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारको रुपमा विकास गर्न नसकीनु, शिक्षा क्षेत्रका सबै तह र शैक्षिक प्रशासनमा सुशासनको प्रत्याभूति हुन नसक्नु तथा शिक्षककहरुमा दलगत स्वार्थ हावीभई अध्ययन अध्यापनमा ध्यान नदिने प्रवृति देखिनु जस्ता समस्याहरु शिक्षा क्षेत्रमा देखिएका छन् । यसका अतिरिक्त करैयामाई गाउँपालिकामा विद्यालय शिक्षाका क्षेत्रमा देखिएका समस्याहरुलाई देहाय बमोजिमका बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

(क) शिक्षककहरुमा दलीय गुटबन्दी तथा राजनीति गर्ने परिपाटीले विद्यालय सञ्चालन र व्यवस्थापनमा नराम्रो असर परेको ।

(ख) विद्यालयमा समुदायको सहभागिताका साथै अपनत्वको भावनामा कमी भएकोले विद्यालय सञ्चालन, पठनपाठन तथा व्यवस्थापन प्रभावकारी हुन नसकेको ।

(ग) शिक्षामा जीवन उपयोगी सिपको विकास गर्न नसकीएको ।साथै जनसंख्याको ठुलो हिस्सा निरक्षर भएकोले साक्षर बनाउने सन्दर्भमा आवश्यक पहल नगरिएको ।

(घ) गुणस्तरीय, व्यवहारिक र जीवन उपयोगी शिक्षाको अभाव देखिएको ।

(ङ) सबै उमेरका बालबालिकाहरुको पहुँच विद्यालयमा हुन नसक्नु ।

(च) बिचैमा विद्यालय छाड्ने तथा पुनः कक्षा दोहोर्‍याउने दर बालबालिकाहरुमा उच्च रहनु ।

(छ) विद्यालय, समाज तथा परिवारमा शिक्षा सम्बन्धी सामाजिक र लैङ्गिक विभेद कायमै रहनु।

(ज) विशेष किसिमका बालबालिकाको चाहना र आवश्यकतालाई पहिचान गरी शिक्षा दिन नसक्नु ।

(झ) गाउँपालिकामा सामाजिक आर्थिक जातिय विविधता तथा विभेदका कारण समान र समतामूलक शिक्षा हुन नसक्नु ।

(ञ) विद्यालयमा सूचना र सञ्चारको प्रभावकारी व्यवस्था नहुनु जस्ले गर्दा तालुक निकायबाट प्राप्त हुने कार्यक्रम र बजेट एवं अख्तियारी तथा बजेटको निकासा, फुकुवा समयमा हुन नसकी कार्यक्रम प्रभावकारी नभएको ।

(ट) कार्यक्रम सञ्चालन निर्देशिका तालुक निकायबाट समयमै वितरण नहुदा शैक्षिक कार्यक्रम सञ्चालनमा बाधा उत्पन्न भएको ।

(ठ) विद्यालयमा सञ्चालित कार्यक्रमहरु दिगो तथा उद्देश्यमूलक बनाउन विद्यालयसंग सम्बन्धित सरोकारवाला निकायहरु विद्यालय व्यवस्थापन समिति, स्थानीय तह, अभिभावक संघ, शिक्षक शिक्षिका तथा सर्वसाधारण सरोकारवालाहरुको सहभागिता र अपनत्वको भावनामा कमी देखिएको ।

(ड) विद्यालयको विद्यमान संरचना भौतिक तथा संस्थागत सुधार तथा संगठनात्मक क्षेत्रमा पुनर्संरचना हुन नसक्नु ।

(ढ) राजनीतिक र दलीय गुटबन्दीका आधारमा विद्यालयलाई विभेद र खण्डित गर्ने शिक्षक उपर विभागीय कारवाही गर्न नसक्नु ।

(ण) विद्यालय शिक्षा कार्यक्रमहरु आर्थिक बर्षको अन्त्यमा विद्यालयमा प्राप्त हुने हुंदा पूर्व योजना र तयारीकासाथ प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुन नसक्नु ।

(त) विद्यालयस्तरीय पाठ्यक्रम बाल मनोविज्ञानमा आधारित बालमैत्री स्तरीय तथा गुणस्तरयुक्त तथा समय सान्दर्भिक हुन नसक्नु ।

**१.३.२.** चुनौतीहरुः नेपालको विद्यालय शिक्षा प्रणालीमा विभिन्न चुनौतिहरु विद्यालय स्थानीय सबैको लागि सर्वसुलभ हुनुपर्ने, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, सबै विद्यालयहरुमा पोषण स्वास्थ्य सम्बन्धी कार्यक्रम प्रभावकारी बनाउनु पर्ने, सुविधा विहिन तथा सिमान्तकृत, अपाङ्ग भएका बालबालिका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकालाई योजनाबद्ध ढंगले सम्बोधन गर्नुपर्ने, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षक प्रति आकर्षण बढाउनु, शैक्षिक सुशासन र उत्तरदयीत्व अभिबृद्धि गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने प्रवृत्ति हटाइ अपेक्षित सिकाई उपलब्धी हासिल गर्नु, विद्यार्थी संख्या अनुपातमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि प्राविधिक जनशक्ति, भौतिक पूर्वाधार जस्ता आवश्यक श्रोत साधानको व्यवस्थापन गर्नु, विद्यालयमा हिंसा, डर, दण्ड तथा विभेदको अवस्थाबाट मुक्त गराई विद्यालय वातावरणलाई तुलनात्मक, सृजनात्मक, समावेशी र समतामूलक बनाउनु पर्छ । विद्यालय शिक्षा क्षेत्रले सामना गरेको विद्यमान चुनौतीहरु निम्नानुसार रहेका छन्।

क) बालविकास केन्द्र तथा विद्यालयहरुको स्थापना, समायोजन तथा पुनर्वितरणमा निश्चित मापदण्ड तथा नक्साङ्कनको प्रयोग गरी विद्यालयको वितरणमा समानता ल्याउनु ।

ख) सार्वजनिक निकायको सिकाई र व्यवस्थापनप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सृजना गर्ने ।

ग) कम उमेरका बालवालिकालाई दिवा स्याहार केन्द्रको अभावले गर्दा वाल विकास केन्द्रमा भर्नाको चाप बढ्ने जस्ले बालविकास शिक्षक तथा सहयोगी कर्मचारीहरुको न्यूनता हुन जाने ।

घ) आवश्यक शिक्षा र तालिम प्राप्त शिक्षकको अभाव हुनु जसबाट सिकाइ उत्कृष्ट हुन नसक्नु ।

ङ) शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिका उपकरणहरुमा शिक्षक तथा विद्यार्थीको पहुँचमा सुधार ल्याउनु पर्दछ ।

च) सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधारल्याई विद्यालयलाई एक रुपता प्रदान गर्न शिक्षण सिकाई तथा मुल्याङ्कन पद्दतीमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता बृद्धि गर्ने ।

छ) सबै विद्यालय मार्फत बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाई,स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्ने ।

ज) विद्यालयलाई समावेशी र समतामूलक बनाउन विद्यालयमा भय, विभेद र दुर्व्यवहार मुक्त बनाई विविधता अनुकुल व्यवस्था मिलाउने ।

झ) विद्यालय शिक्षालाई अप्रत्यासित संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।

ञ) विद्यालय शिक्षालाई व्यवहारकुशल तथा रोजगारमूलक सिकाइको प्रयोग गरी शिक्षा र रोजगारविच तालमेल मिलाउने र प्रतिभा पलायन रोक्ने ।

(ट) विद्यालयलाई राजनीतिकरणबाट भिन्न राखी नेतृत्वको भूमिका सबलीकरण गरी शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने ।

(ठ) संघ, प्रदेश र स्थानीय सरकार बीच समन्वय, सहकार्य तथा उत्तरदायित्वको कार्यढाँचा सुदृढ तथा संस्थागत बनाउनु पर्छ ।

(ड) सबै तहका विद्यालयहरुमा शिक्षण सिकाइको उचित तथा भरपर्दो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरी प्रोत्साहन तथा दण्डको व्यवस्था गर्नुपर्ने ।

**१.४. विद्यालय शिक्षाका अवसरहरुः** नेपालको संविधानमा शिक्षालाई मौलिकहकको रुपमा स्थापित गर्दै आधारभूत तहमा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहमा निःशुल्क शिक्षाको व्यवस्था गरी सोही अनुसार कानूनी तथा नीतिगत आधार तयार गरिएको र गर्ने प्रयास भएको छ । संघ प्रदेश र स्थानीय तह बीच सहकार्य तथा समन्वयात्मक साझेदारी कायम गर्दै विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रवन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाईएको छ ।

(क) आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा बृद्धिगरी गुणस्तर सुधार गर्न सकिने अवसरको सृजना हुनु ।

(ख) विद्यालय शिक्षाको गुणस्तर विस्तार र सुधार कायम गर्न राजनैतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त भएको ।

(ग) प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरुले शिक्षा र रोजगारी बीच तालमेल मिलाउने हुँदा रोजगारको अवसर समेत सृजना हुने ।

(घ) शिक्षाका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिने र मूल बजेट प्रवाह हुने प्रमुख प्राथमिकताका कार्यक्रमको रुपमा पहिचान भएको ।

(ङ) स्थानीय स्तरमा शिक्षा क्षेत्रमा भएका सुधारका कारण निर्माण भएको आधारले दिर्घकालीन मार्ग तय गर्दै विद्यालय शिक्षामा पहुँच, समता तथा गुणस्तरमा सुधार ल्याउन सक्ने अवस्था सृजना भएको छ ।

(च) विद्यालय तहको शिक्षाको जिम्मेवारी लिन स्थानीय सरकारहरु उत्साहित, तत्पर र प्रतिबद्ध देखिएकाले शिक्षामा रहेका विद्यमान चुनौतीलाई समाधान गर्दै नविन कार्यहरुको थालनी भएको छ ।

(छ) स्थानीयस्तरमा विद्यालय शिक्षालाई गुणस्तरीय, समान पहुँच र अवसरमा बृद्धिगर्न विभिन्न संघसंस्थाहरुको साझा प्रतिबद्धता जाहेर भईरहेको ।

**१.५. विद्यालय शिक्षाका अनुभव र सिकाइः** नेपालमा शिक्षाको विकास र सुधारको लागि विभिन्न कार्यक्रमहरु राष्ट्रियस्तरम सञ्चालन भई कार्यान्वयनमा आइसकेको देखिन्छ । यसै क्रममा विद्यालय शिक्षालाई मार्गदर्शन गरी सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन् २००१ देखि २०१५ सम्मका लागि तर्जुमा भएको छ । यसैगरी सबैको लागि शिक्षा कार्यक्रम सन् २००४ देखि २००९ सम्मका लागि तर्जुमा भइसकेको छ । २००३ देखि २००८ सम्म माध्यमिक शिक्षा सहयोग कार्यक्रम, २००२ देखि २००७ सम्म शिक्षक शिक्षण आयोजना, २०६६ देखि २०७२ विद्यालय क्षेत्र सुधार योजना, २०७३ देखि २०८० सम्म विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आइसकेका छन् ।

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा विकासका कार्यक्रमहरु परिलक्षित गरेर १५ वटा आवधिक योजनाहरु तर्जुमा भईसकेका छन् । यस्ता योजना तथा कार्यक्रमको कार्यान्वयनबाट देहाय बमोजिमका अनुभव तथा सिकाइहरु प्राप्त भएका छन् ।

| क्रम संख्या | कम्पोनेन्ट | अनुभव र सिकाइ |
|---|---|---|
| १ | शैक्षिक गुणस्तर अभिबृद्धि | १. उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन गर्दा प्रतिस्पर्धाको भावनामा विकास हुने ।<br>२. विद्यालयमा दिइने अनुदान प्रभावकारी देखिएको छ तर सामुदायिक विद्यालयमा विद्यार्थी बढाउने तर्फ उत्कृष्ट कार्यक्रमहरु नभएको। जस्ले गर्दा विद्यार्थीको संख्या अझैपनि न्यून हुन गएको ।<br>३. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएकोले बहुकक्षा शिक्षणको आवश्यकता महसुस हुने गरेको । |

| | | |
|---|---|---|
| | | ४. निजी क्षेत्रलाई पाठ्यपुस्तक छपाइको जिम्मेवारी दिइएको जस्ले गर्दा पाठ्यपुस्तक समयमै सरल रुपमा उपलब्ध हुने तर गुणस्तरता कायम हुन नसकेको ।<br>५. हालको परिवेशमा बहुभाषिक शिक्षा कार्यक्रमको आवश्यकता देखिएको र मातृभाषा पढाउने शिक्षकको आवश्यकता खड्किएको साथै तालिमको आवश्यकता समेत महसुस हुने गरेको ।<br>६. बजेट तथा कार्यक्रमहरु बढाई शिक्षकलाई समयकाल अनुरुप अभिमुखिकरण र प्रशिक्षणको व्यवस्था खड्किएको ।<br>७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन नसकेको हुंदा यसमा समयानुकल सुधार गर्दै जानु पर्ने आवश्यकता देखिएको ।<br>८. उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि पनि निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने आवश्यकता देखिएको । |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा | १. बालविकास केन्द्रमा सहयोगी महिला कार्यकर्ता स्थानीय क्षेत्रकै भएमा व्यवस्थापन प्रभावकारी हुने ।<br>२. प्रत्येक विद्यालयमा बालविकास केन्द्रको आवश्यकता देखिएकोले बालविकास केन्द्रको संख्या थप गर्नुपर्ने र बालविकास केन्द्रमा बिद्यार्थीको संख्या कम भएकोले स्थानीय तहकै बालवालिकालाई बालविकास केन्द्रमा प्रोत्साहित गर्नुपर्ने । सञ्चालनमा रहेका बालविकास केन्द्रहरुलाई बढी व्यवस्थित बनाउनु पर्ने ।<br>३. सहयोगी कार्यकर्ताको लागि पुनर्ताजगी कार्यक्रम आवश्यक देखिएको ।बालसिकाइ कार्यक्रमलाई प्रभावकारी बनाउन सिकाइ आदाप्रदान कार्यशालातर्फ आकर्षित गर्नुपर्ने आवश्यकता देखिएको।<br>४. बालविकास शिक्षामा सरकारको लगानी अनुरुप प्रतिफल प्राप्त हुन नसकेको ।<br>५. पृथक रुपमा रहेका बालशिक्षा केन्द्र भन्दा विद्यालयमै सञ्चालनमा रहेका बालविकास केन्द्र प्रभावकारी रुपमा सञ्चालनमा रहेका ।<br>६. बालविकास केन्द्रको सुपरिवेक्षण तथा अनुगमनको व्यवस्थालाई अझै प्रभावकारी बनाउन आवश्यक देखिएको। |
| ३. | साक्षरता तथा निरन्तर शिक्षा | १. महिलाहरुका लागि आय आर्जनमा आधारित रोजगारमूलक कार्यक्रहरु सञ्चालन गर्नुपर्ने । |

| | | |
|---|---|---|
| | | २.प्रौढशिक्षामा बृद्धि, साक्षरताको संख्यामा बृद्धि भएकोले साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>३. शैक्षिक कृयाकलाप र गुणस्तर अभिबृद्धिका लागि तालिमका कार्यक्रम अपुग भएकाले तालिमका कार्यक्रममा बढावा दिनुपर्ने।<br>४. सामुदायिक अध्ययन केन्द्रका पदाधिकारीको क्षमता विकास गर्न थप बजेटको व्यवस्था गर्न आवश्यक देखिएको ।<br>५. सामुदायिक अध्ययन केन्द्रमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी क्षमता विकास गर्नुपर्ने । |
| ४ | शिक्षक शिक्षा तथा क्षमता विकास | १. शिक्षकलाई पेशागत क्षमता अभिबृद्धि गर्ने तालिम दिनुपर्ने ।<br>२. शिक्षकको क्षमता पहिचान गरी सो बमोजिम तालिम दिनुपर्ने ।<br>३. स्थानीय शिक्षकलाई स्थानीय विद्यालयमा प्राथमिकता दिनुपर्ने ।<br>४. शिक्षकलाई दलगत स्वार्थ र राजनीतिबाट टाढा राख्नुपर्ने ।<br>५.नेतृत्व व्यवस्थापकीय क्षमताको विकास गर्न प्रधानाध्यापकलाई तालिमको व्यवस्था गर्नुपर्ने । |
| ५ | प्रभावकारी सेवा प्रवाहका लागि क्षमता अभिबृद्धि | १. सञ्चारमाध्यम र प्रविधिसंग समन्वय गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिएको ।<br>२. सुशासन तथा विद्यालय व्यवस्थापनका लागि सरोकारवालालाई क्षमता विकास तालिमको आवश्यकता । |
| ६ | विद्यालय शिक्षामा पहुँचको सुनिश्चिता | १. सबैका लागि शिक्षाको अवधारणा अनुरुप समाहित शिक्षा स्रोत कक्षामा मात्र सिमित नराखी एकीकृत रुपमा विद्यालयमानै कक्षा सञ्चालन गर्नुपर्ने ।<br>२. आधारभूत रुपमा चलेका धार्मिक विद्यालयहरुमा अनुदान आवश्यक भएको ।<br>३. स्रोत केन्द्रको पूर्वाधार निर्माण, भवन व्यवस्थापन तथा मर्मत सम्बन्धी आवश्यक व्यवस्थाको लागि बजेट विनियोजन हुनुपर्ने।<br>४. स्रोत केन्द्रको सञ्चालन सुदृढीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्ने ।<br>५. विद्यालयहरुबीच सहकार्यको आवश्यकता देखिएको ।<br>६. लैङ्गिक विषयसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न थप बजेटको आवश्यकता रहेको । |
| ७ | भौतिक पूर्वाधार विकास | १. सबै भौगोलिक क्षेत्रहरुमा एउटै नर्म्स लागु भएको हुंदा विद्यालयमा सामान ढुवानी गर्न र भवन निर्माण गर्न कठिनाई देखिएको ।<br>२. भौतिक पूर्वाधारको कोटा वितरणमा राजनीतिक प्रभाव देखिएको। |

| | | |
|---|---|---|
| | | ३. विद्यालयको माग बमोजिमको कोटा अपुग हुंदा कोटा वितरणमा कठिनाई आएको । |
| ८ | प्रवर्दनात्मक कार्यक्रम | १. विशेषगरी शैक्षिक सूचना प्रवाहका लागि प्रभावकारी सिद्ध भएको।<br>२. आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्न प्रभाबकारी भएको । |
| ९ | शिक्षण सिकाइ सामाग्री अनुदान | १. निजीस्रोतमा शिक्षक नियुक्ति गर्दा कतिपय विद्यालयहरुले अध्यापन अनुमती पत्र अनिवार्य रुपमा लागु गर्न नसकेको ।<br>२. एक पटक नियुक्ति भएका शिक्षकहरु अनुदान रोकिदा तलब भत्ता खुवाउन समस्या भएको र हटाउन समेत समस्या देखिएको ।<br>३. विद्यार्थीको संख्याको आधारमा रकम विजियोजन गर्न नसकीएको।<br>४. न्युन रकमका कारण वितरणमा पर्याप्त शिक्षकको सेवा उपलब्ध गराउन नसकिएको |
| १० | कार्य सम्पादन अनुदान | १. विद्यालयको कार्यप्रगतिका आधारमा अनुदान उपलब्ध गराउदा शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्ने ।<br>२. कार्य प्रगतिका आधारमा अनुदान उपलब्ध गराउँदा शिक्षकहरुमा अनुशासन कायम भई पठन पाठनमा सुधार हुने। |
| ११ | साक्षर नेपाल (राष्ट्रिय साक्षरता अभियान) | १. शैक्षिक कार्यक्रमहरु संघसंस्था, विद्यालय र स्रोतकेन्द्रलाई सवलीकरण गरी सञ्चालन गर्नु पर्ने, स्थानीयतहले समन्वय गर्नुपर्ने।<br>२. लगानी अनुसारको अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको ।<br>३. साक्षरतामा पिछडाबर्ग, दुर्गम क्षेत्रका प्रौढ महिला पछाडी परेका।<br>४. साक्षरता सम्बन्धी सरकारको लगानी उपलव्धी मूलक हुन नसकेको। |
| १२ | प्रोत्साहन तथा सहयोग | १. सरकारले विद्यालयमा वितरण गरेको छत्रवृत्तिले विद्यार्थीको संख्या बढाउन नसकेको ।<br>२.गलत तथ्याङ्क पेशगरी छात्रवृत्ति लिने परिपाटीले अनियमिततालाई बढावा दिने ।<br>३. छात्रवृत्तिको रकम सही सदुपयोग हुन नसकेको । |
| १३ | विद्यालयस्तरीय शैक्षिक सामाग्री प्रमाणीकरण | १. शैक्षिक तथ्याङ्क योजना निर्माण गर्न आवश्यक भएको ।<br>२. निःशुल्क छात्रवृत्ति, पाठ्यपुस्तक र भौतिक स्रोत साधनको दुरुपयोग रोक्न शैक्षिक तथ्याङ्क आवश्यक रहेको ।<br>३. शैक्षिक तथ्याङ्क अध्ययन अनुसन्धानको लागि आवश्यक भएको । |

## १.६. अपेक्षित उपलब्धीः

शिक्षा क्षेत्रको व्यवस्थापन र सुशासनलाई सुदृढीकरण गरी स्थानीय शासन अनुकुल बनाउनको लागि आवश्यक कानून तथा मापदण्डको विकास गर्न जरुरी छ । शिक्षामा सुधारको लागि शिक्षाको शासकीय स्वरुपको ढाँचा विकास गरी कार्यान्वय गर्न जरुरी छ । शैक्षिक नीति तथा कार्यक्रमलाई स्थानीय तहको आवश्यकता र समयानुकुल शैक्षिक नीति निर्माण गरी सहभागिता मूलक, उत्तरदायी, नतिजामुखी बनाउन आवश्यक देखिएको छ । शिक्षक तथा शिक्षासंग सम्बन्धित जनशक्तिको क्षमता विकासको लागि तालिम केन्द्रको स्थापना र विकास गर्न जरुरी छ । स्थानीय तहमा अनौपचारीक शिक्षा, जीवनपर्यत सिकाइ तथा शिक्षक सहायता प्रणालीको स्थापना र सञ्चालन गर्न आवश्यक संयन्त्रको विकास गर्न जरुरी छ । विद्यालय शिक्षाको शैक्षिक तथ्याङ्क र प्रतिवेदनमा सुधार, प्रधानाध्यापकलाई नेतृत्वदायी क्षमताको विकास तथा नतिजाप्रति जिम्मेवार बनाउने गरी सुधार गर्न जरुरी छ । शिक्षा क्षेत्रमा सञ्चार प्रणालीको विकास गरी तीनै तहको सरकारको बीचमा सहयोग, समन्वयलाई प्रभावकारी बनाउन जरुरी छ । शैक्षिक सूचना प्रणालीको विकास गरी तीनै तहको सरकारको बीचमा समन्वयात्मक प्रणालीको विकास गर्न जरुरी छ । स्थानीय तहमा समायानुकुल सूचकहरुको विकास, प्रयोग र अध्यावधिक गरी नतिजामा आधारित अनुगमन प्रणालीको विकास गर्न जरुरी छ । विद्यालयको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्यलाई नियमित र नतिजामुखी बनाई सिकाइ उपलब्धी र विद्यालय व्यवस्थापनमा सुधार गर्न जरुरी छ । सामाजिक परीक्षण र लेखा परीक्षणले विद्यालयको सुशासन प्रणालीलाई अझ पारदर्शी र प्रभावकारी बनाउने छ । विद्यालय क्षेत्र शिक्षा योजनाको कार्यान्वयन पश्चात देहायका उपलब्धीहरु अपेक्षा गरीएको छ ।

(क) गुणस्तरीय बालविकास शिक्षाको लागि ४ बर्ष उमेर पुरा भएका बालबालिकाहरु सक्षम हुन्छन्।

(ख) आधारभुत तह ५-१२ बर्ष उमेर समूहको शिक्षा पुरा गर्न सबै बालवालिकाहरुले पुरा गर्नेछन्।

(ग) माध्यमिक तहका भर्ना दर बृद्धि हुनु तथा सो तहको चक्र सबै विद्यार्थीहरुले पुरा गर्नेछन्।

(घ) तहगत शैक्षिक उपलब्धी सम्बन्धीत तहका सबै विद्यार्थीहरुले हासिल गर्न सक्नेछन् ।

(ङ) समतामूलक शिक्षा प्राप्त गर्ने परिपाटीमा सुधार आउने छ ।

(च) माध्यमिक शिक्षा प्राविधिक तथा श्रम बजार अनुकुल रोजगारमूलक हुने ।

(छ) युवा तथा प्रौढमा कर्यमूलक साक्षरताको विकास हुनुको साथै अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको अवसरमा सुधार हुनेछ ।

(च) विद्यालयमा प्रविधिमा आधारित शिक्षण सिकाइको विकास हुनेछ ।

(छ) सिकाइमा उत्प्रेरणामूलक वातावरणको विकास भई विद्यार्थीले सुरक्षित र रमाइलो वातावरणमा सिक्ने अवसर प्राप्त गर्नेछन् ।

(ञ) शिक्षकहरु तालिम प्राप्त, सक्षम, योग्य, अभिप्रेरित, पेशाप्रति प्रतिवद्ध तथा कार्य सम्पादनप्रति जवाफदेही हुनेछन् ।

(झ) विद्यालयमा सूचना प्रणालीको विकास गरी शैक्षिक योजना, सुशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार हुनेछ ।

(ञ) शैक्षिक निकायमा संगठनात्मक सुधार, जनशक्तिको विकास र सिकाइको लागि जवाफदेही प्रणालीको विकास हुनेछ ।

(ट) विद्यालयको कार्यसम्पादनमा सुधार आउने छ ।

(ठ) संकटपूर्ण अवस्था वा महामारीजन्य आपतकालीन अवस्थामा समेत पढ्ने सिक्ने परिपाटीमा निरन्तरता आउने छ ।

(ड) विद्यालयहरुमा विपद् उत्थानशील बातावरण सहित पर्याप्त भौतिक पूर्वाधार हुनुको साथै बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बतावरणको विकास हुनेछ ।

## १.७. गाउँपालिका विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रियाः

२०७२ असोज ३ गते जारी नेपालको संविधान अनुरुप मूल संरचना संघ, प्रदेश र स्थानीयतह गरी ३ तहको हुने। जसबाट समतामूलक समावेशि र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने उद्देश्य राखेको छ । विद्यमान संविधानमा भएको व्यवस्था बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार पूर्णरुपले स्थापित गरेको छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी ऐन, नियम, कानून, नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्याङ्कन र नियमन लगायतका अधिकारहरु समेत उल्लेख भएको छ । यसै क्रममा संबैधानिक हक तथा प्राथमिकताहरुलाई कार्यान्वयन गर्न सहयोगी हुने कानूनी आधार तयार गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन  २०७५ तथा नियमावली २०७७ कार्यान्वयनमा आएका छन् । त्यसैगरी बालवालिका सम्बन्धी ऐन २०७५ ले बालवालिकाको शिक्षा सम्बन्धी हकलाई प्रत्याभुत गरेको छ भने राष्ट्रिय शिक्षा नीति २०७६ ले संबैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकासको थालनी २०१३ साल देखी भएको हो । योजनाबद्ध विकासक्रमलाई हेर्दा हालसम्म १५ वटा योजना निर्माण भई कार्यान्वयन भई सकेका छन् भने हाल १६ औं योजना (२०८१/२०८२-२०८५/२०८६) कार्यान्वयन भईरहेको छ । योजना निर्माणले हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको आवश्यकता पहिचान गरि योजना कस्तो हुने, कति अवधीको हुने, कस्ले निर्माण गर्ने, कार्यान्वयन कस्ले गर्ने र अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारी कस्लाई दिने भन्ने कुराको निर्धारण गर्दछ । देशको विकासको मेरुदण्डका रुपमा रहेको शिक्षाका लागि योजना निर्माण गर्नु अपरिहार्य

रहेको छ । योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति स्पष्ट हुनपर्दछ । यसका साथै योजना निर्माण गर्दा विद्यमान अवस्थाको विष्लेषण तथा भविष्यमा प्राप्त गर्न खोजिएको लक्ष्य र उद्देश्य हासिल गर्न आवश्यक समय, स्रोत, साधन र आवश्यक कृयाकलापहरु स्पष्ट किटान गरिएको हुनुपर्दछ । शैक्षिक सेवा प्रवाह र विद्यालयको शिक्षाको विकास लगायतका महत्वपूर्ण कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार करैयामाई गाउँपालिकाले यो शिक्षा योजना तर्जुमा गरी कार्यान्वियनमा ल्याएको हो ।

करैयामाई गाउँपालिकाको गाउँ शिक्षा योजना तर्जुमा गर्नको लागि आर्थिक बर्ष ०८२/०८३ मा नगरसभाबाट बजेट विनियोजन गरी मार्ग निर्देशन गरे बमोजिम यस गाउँपालिकाको लागि **विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७)** तर्जुमा गर्ने कार्य भएको छ । गाउँपालिका शिक्षा योजना तर्जुमा गर्ने क्रममा करैयामाई गाउँपालिका बारा र इशान इन्स्टिच्युट प्रा.लि.मध्यपुर थिमी-४, भक्तपुर बीच यस गाउँपालिकाको शिक्षा योजना तयार गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिम मिति २०८३ जेठ ११ गतेका दिन परामर्श दाता इशान इन्स्टिच्युट प्रा.लि.का अध्यक्ष श्री जीतबहादुर मडैज्यूको अध्यक्षता करैयामाई गाउँपालिकाका जनप्रतिनिधिज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा शाखा प्रमुखज्यू लगायत अन्य शाखा प्रमुखज्यू तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तरकृया भई सुझाव संकलन गर्ने कार्य गरियो । करैयामाई गाउँपालिकाको गाउँ शिक्षा योजना तयारी गर्ने सन्दर्भमा देहायका सामाग्रीहरुलाई अध्ययन र समिक्षा गरी सन्दर्भ सामाग्रीको रुपमा समावेश गरिएको छ ।

(क) नेपालको संविधान
(ख) सोह्रो योजना (२०८२/२०८६)
(ग) राष्ट्रिय शिक्षा नीति, २०७६
(घ) विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८
(ङ) उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५
(च) करैयामाई गाउँपालिकाको गाउँ वस्तुगत विवरण, २०७५
(छ) घरपरिवार सर्वेक्षण विवरण, २०७५
(ज) विद्यालय अनुगमन प्रतिवेदनहरु
(झ) गाउँपालिकाको बार्षिक बजेटहरु
(ञ) गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरु
(ट) शिक्षा ऐन तथा नियमावलीहरु
(ठ) विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०)
(ड) शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) को मस्यौदा
(ढ) विभिन्न आर्थिक वर्षमा भएका विद्यालय निकासाहरु

करैयामाई गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्ने सम्बन्धमा परामर्शदाता संस्था इशान इन्स्टिच्युटको सहजिकरणमा गाउँपालिकाको सभाहलमा गाउँपालिकाका अध्यक्ष श्री शम्भुप्रसाद यादव र उपाध्यक्ष श्री सुनैनाकुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत श्री नागेन्द्र यादव, शिक्षा शाखाका सहसंयोजक श्री उमेशप्रसाद यादव लगायत गाउँपालिकाका विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षासंग सरोकार राख्ने समाजसेवीहरु तथा शिक्षाविद र स्थानीय पत्रकारको उपस्थितिमा गाउँपालिका विद्यालय शिक्षा क्षेत्र योजनामा समावेश भएका देहाय बमोजिमका विषयहरुमा केन्द्रीत भई तयार भएको मस्यौदा उपर छलफल गरी मिति २०८३/०३/१२ मा अन्तरक्रिया कार्यक्रम आयोजना गरी सुझाव संकलन गर्ने कार्य गरियो । उक्त भेलामा सहभागीहरुबाट प्राप्त सुझाव र राय सल्लाह समेत समावेश गरी गाउँपालिका विद्यालय शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौदा तयार गर्ने कार्य गरियो ।

देहाय बमोजिमका विषयहरुमा छलफल केन्द्रित भई सुझाव सङ्कलन गरियो ।

(क) प्रारम्भिक बालविकास तथा शिक्षा

(ख) आधारभूत शिक्षा

(ग) माध्यमिक शिक्षा

(घ) पाठ्यक्रम तथा मूल्याङ्कन

(ङ) शिक्षक व्यवस्थापन, विकास र पेशागत सहायता

(च) अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ

(छ) समतामूलक पहुँच र समावेशीकरण

(ज) आपतकालीन शिक्षा

(झ) भौतिक पूर्वाधार विकास

(ञ) शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोग

(ट) सुशासन तथा व्यवस्थापन

(ठ) अनुगमन र मुल्याङ्कन

# परिच्छेद-२

# दुरदृष्टि, ध्येय तथा उद्देश्य

यस परिच्छेदमा **परिच्छेद- १** मा उल्लेख गरिएका करैयामाई गाउँपालिकाको शैक्षिक परिवेशको समिक्षा, मुख्य चुनौती तथा अवसरहरुले गाउँपालिकाको शिक्षा क्षेत्रको आगामी ५ बर्षको मार्ग चित्रलाई पहिचान गर्न आधार स्तम्भ प्रस्तुत गरेको छ । गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता शिक्षा, निरन्तर शिक्षा, तथा जिवन पर्यन्त सिकाइ जस्ता विषयवस्तुहरु समेटिएका छन् । यस परिच्छेदमा खासगरी विद्यालय शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय, उद्देश्यहरु (Objectives) समेटिएका छन् । उक्त विषयवस्तुहरु नेपालको संविधानले गरेको मार्गदर्शन दिगो विकासको लक्ष्य, सोह्रौ योजनाको प्राथमिकता तथा नेपाल सरकारले निर्धारण गरेको दिर्घकालीन सोचको अनुकुलतामा आधारित हुनेछन् ।

## २.१. दुरदृष्टि (Vision)

करैयामाई गाउँपालिकाको भावी शैक्षिक दुरदृष्टि देहाय बमोजिम हुनेछ ।

(क) शिक्षाको माध्यमद्वारा देशको सामाजिक, आर्थिक रुपान्तरण गर्न सक्षम, श्रृजनशील, प्राविधिक, सिपयुक्त तथा इमान्दार, दक्ष नागरिक तयार गर्ने ।

(ख) विद्यालयमा संस्थागत सुधारगरी शिक्षामा सबैको पहुँच र गुणस्तरमा बृद्धि गर्ने ।

(ग) विद्यार्थीको विद्यालय छाड्ने दरलाई न्यून गरी सिकाइ उपलब्धी सन्तोषजनक बनाउने र शिक्षाको सम्बन्ध उत्पादन र रोजगारी संग स्थापित गर्ने ।

## २.२. ध्येय

शिक्षालाई गुणस्तर, जीवन उपयोगी बनाई विद्यालय शिक्षामा सुशासन अभियान सञ्चालन गर्दा देहायको ध्येय पुरा हुने अपेक्षा गरिएको छ ।

(क) विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीहरु सक्षम, उत्तरदायी, प्रतिस्पर्धी हुनेछन् ।

(ख) स्थानीय तहको माग बमोजिम प्राविधिक र व्यवसायिक क्षेत्रलाई जोड दिई सिपयुक्त जनशक्ति उत्पादन गरी शिक्षाको गुणस्तर बृद्धि गर्ने ।

(ग) शिक्षा र सुशासन अभियानलाई संगै लगी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रवन्ध गर्ने ।

## २.३. उद्देश्य (Objectives)

करैयामाई गाउँपालिकाको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७)** का उद्देश्यहरु देहाय बमोजिम हुने छ ।

(क) गुणस्तरीय बाल शिक्षा, प्रारम्भिक सिकाइ र गुणस्तरीय सिकाइ सुनिश्चित गरी समग्र विद्यालय शिक्षालाई गुणस्तरीय बनाउने ।

(ख) आधारभूत शिक्षालाई अनिवार्य, निःशुल्क तथा समतामूलक पहुँचमा सुनिश्चित गरी जीवनोपयोगी सिपको विकास गरी गुणस्तरीय शिक्षामा अभिबृद्धि गर्ने ।

(ग) विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षकको पेशागत विकासमा जोड दिने ।

(घ) आपतकाल र संकटकालीन अवस्थामा समेत बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिने ।

(ङ) प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिई शिक्षालाई जीवनोपयोगी बनाउने ।

(च) सबै युवा तथा प्रौढका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउने ।

(छ) विद्यालयको शिक्षाप्रणालीमा सुशासन प्रवर्द्धन गरी सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

(ज) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरतामा सुधार गर्नु ।

२.४. विद्यालय शिक्षा योजनाको मूलभुत उद्देश्य, रणनीति तथा कार्यक्रमहरु देहाय बमोजिमका मान्यता तथा सिद्धान्तमा आधारित हुनेछन् ।

### १. विविधता

(क) सामाजिक पृष्ठभुमि तथा विद्यार्थीको वयैक्तिक भिन्नतामा सजग रही विद्यार्थीको आवश्यकता अनुकुल शिक्षा प्रदान गर्नुपर्ने ।

(ख) सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक, लैङ्गिक, जातिय पहिचान जस्ता विविधताको पहिचान गरी विविधतायुक्त समाजको सहअस्तित्व स्वीकार गर्नुपर्ने ।

## २. समावेशीताः

शिक्षामा समावेशीताले सबैको पहुँच, सहभागिता, उपलब्धता, स्वीकार्यता तथा ग्रहण योग्यतालाई सुनिश्चित गर्दछ ।

## ३. समताः

सबै जातजाती, भाषाभाषी, लिङ्ग, बर्ण, अपाङ्गता आदिको आधारमा भेदभाव नगरी सकारात्मक विभेदको नीति अवलम्बन गरी सबैलाई समान अवसर हासिल गर्ने मौका दिनुपर्छ ।

## ४. सदाचारः

(क) शिक्षामा इमान्दारीता, नैतिकता तथा आचरणमा स्थिरता हुनुपर्छ ।

(ख) विश्वसनियता, निश्पक्षता जस्ता मूल्यहरुलाई आत्मसाथ गर्नुपर्छ ।

## ५. विद्यार्थी केन्द्रित शिक्षा प्रणालीः

शिक्षाको उचित विकास गर्न बालकेन्द्र बनाउने, सिकाईमा सुनिश्चिता गर्ने, बालबालिकाको रुची र आवश्यकता अनुसार सिकाइ पद्दतीको विकास गर्ने ।

## ६. सुशासनः

शिक्षा पद्धतिमा सुशासन, निर्णय शिघ्र कार्यान्वयन, अविभावक र सरोकारवालासंग सहकार्य, विधिको पालना, पारदर्शिता, र नतिजाप्रति जिम्मेवारी र उत्तरदायित्व सुनिश्चित गर्ने ।

## ७. नवप्रवर्द्धन

शिक्षक र विद्यार्थीमा खोज र अनुसन्धामा जोड दिने सृजनात्मकता तथा समस्या समाधान गर्ने सिपमा जोड दिने । साथै नयाँ प्रविधिको प्रयोगरी समतामूलक र समावेशी पद्धतिको विकास गर्ने ।

# परिच्छेद-३

# रणनीति तथा कार्यनीति

करैयामाई गाउँपालिकाको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७)** मा भएका व्यवस्था कार्यान्वयन गर्दा शिक्षा क्षेत्रमा अपेक्षित उपलब्धी हासिल भई समग्र विद्यालयको शिक्षाको विकासमा सुधार हुने भएतापनि कार्यक्रम अवधिभर यस योजनामा भएका व्यवस्थाहरु कार्यान्वयन गर्दा केही जोखिमहरु समेत आईपर्नेछन् । यस्ता जोखिमहरुले शिक्षा क्षेत्र योजनाको कार्यान्वयन, उपलब्धी तथा नतिजा प्राप्त गर्नमा केही प्रभाव पार्न सक्नेछन् ।

शिक्षा सम्बन्धी नीतिगत तथा कानूनी प्रवन्ध समयमै पुरा नहुदा योजना कार्यान्वयनमा प्रभाव पर्न सक्छ । दोश्रो चुनौति शिक्षा क्षेत्रमा कार्यमूलक संरचना, जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्ट व्यवस्था नहुन सक्छ भने अर्कोतर्फ जनशक्तिको क्षमतामा सुधार नहुन सक्छ । यसैगरी आवश्यक बजेट, योजना र कार्यक्रमको तर्जुमा गर्दा समस्या आउन सक्ने कुरा एकातर्फ छ भने अर्कातर्फ समतामूलक श्रोतको वितरणमा समस्या देखिन सक्छ । यसैगरी शिक्षकमा सक्षमता र उत्प्रेरणामा सुधार हुन आवश्यक छ भने शिक्षण पेशाको आकर्षण र प्रतिष्ठामा अभिबृद्धि गरी शिक्षक व्यवस्थापनमा सुधार, व्यवसायीक दक्षता अभिबृद्धि र उत्तरदायीत्व सुधार हुन अपरिहार्य देखिएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका बखत समस्या आईपर्ने हुँदा यस्ता समस्या, चुनौती, समाधान गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउनको लागि यस योजनामा प्रस्तुत गरिएका मुख्य मुख्य क्षेत्र (बिषयहरु) को सन्दर्भमा स्पष्ट रणनीति तथा कार्यान्वयनको क्षेत्रलाई प्रभावकारी बनाउन कार्यनीति सहित यस कार्य योजनाले स्पष्ट दिशानिर्देश गरेको छ । यस योजनाका मुख्य क्षेत्रहरुमा देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरु प्रस्तुत गरीएको छ ।

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई स्थानीय तहका सबै विद्यालयहरुमा अनिवार्य र प्रभावकारी रुपमा लागु गर्ने। | १. बालमनोविज्ञान अनुकुल हुनेगरी बाल विकास शिक्षाको पाठ्यक्रमलाई परिमार्जन गरिने छ ।<br>२. संघ र प्रदेशबाट विनियोजित बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।<br>३. स्थानीय सरकारबाट समेत बालबिकास कार्यक्रमको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>४. प्रारम्भिक बालबिकास शिक्षकको दक्षता अभिबृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।<br>५. बालबिकास शिक्षा कार्यक्रमलाई प्रभावकारी र बालमैत्री बनाउन बालमैत्री कक्षा कोठाको व्यवस्थापन सहित देहाय बमोजिमका कार्य गरिनेछ । |

| | | |
|---|---|---|
| | | (क) बालबालिका अनुकुल खेलकुद सामाग्रीको व्यवस्थापन ।<br>(ख) बालबालिकाको व्यवस्थित बसाइ र निर्धारित मापदण्ड अनुरुप सरसफाई ।<br>(ग) शिक्षण सामाग्री तथा मनोरञ्जन सामाग्रीको व्यवस्था ।<br>(घ) बालबालिका अनुकुल मनोरञ्जनपूर्ण वातावरण ।<br>(ङ) श्रव्य दृष्य सामाग्री (अडियो/भिडियो) सामाग्रीको व्यवस्था । |
| २ | आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरी आधारभूत तहलाई अनिवार्य निःशुल्क र गुणस्तरीय बनाउने । | १. आधारभूत तहको पाठ्यक्रमलाई स्थानीयतहको ज्ञान, संस्कृति, रहनसहन, स्वाबलम्वन विकास हुने गरी परिमार्जन गरिने छ ।<br>२. विद्यालय परिवार, विद्यालय व्यवस्थापन समिति, अविभावक संघ, वडा कार्यालय र गैर सरकारी निकायको सक्रियतामा गाउँपालिकामा रहेका पिछडा वर्ग, दलित समुदाय, कामदार, गरिवीको रेखामुनी रहेका समुदायका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न/गराउन घरदैलो कार्यक्रमलाई निरन्तरता दिईने छ। त्यस्ता समुदायका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>३. संघ र प्रदेशसंग समन्वय गरी बालविकास कार्यक्रम सञ्चालन गर्न शिक्षकको सुनिश्चितता गर्न, स्वयंसेवक शिक्षकहरु परिचालन गरिने छ ।<br>४. विद्यालयमा छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण दिवा खाजा जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरुलाई निरन्तरता दिई विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गरिने छ ।<br>५. बालमैत्री अनुकुल विद्यालयको भौतिक पूर्वाधार विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ । |
| ३ | निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने । | १. माध्यमिक शिक्षामा विपन्न तथा पिछडीएका समुदायका बिद्यार्थीहरुलाई प्रोत्साहन गर्नको लागि विपन्न बिद्यार्थी लक्षित कार्यक्रम तथा छात्रवृत्तिको व्यवस्था गरिने छ र माध्यमिक शिक्षा निःशुल्क गरिने छ ।<br>२. प्रधानाध्यापक तथा शिक्षकको पेशागत विकासको व्यवस्था गरिने छ ।<br>३. विषयगत शिक्षकहरुको पेशागत समूह बनाई छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी विषयगत शिक्षण सिकाईलाई प्रभावकारी बनाईने छ । |

| | | |
|---|---|---|
| | | ४. पाठ्यक्रम मुल्याङ्कन पृष्ठपोषण लिने दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिने छ ।<br>५. जनप्रतिनिधि, शिक्षा शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाईने छ ।<br>६. विद्यार्थीहरुको गृहकार्य तथा कक्षा कार्यप्रणालीलाई व्यवस्थित र सुदृढ गरिने छ ।<br>७. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधिकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेशणको कार्यलाई आबधिक रुपमा नियमित गरिने छ<br>८. विद्यालयको बार्षिक क्यालेण्डरलाई प्रभावकारी रुपमा लागु गरिने छ। शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शैक्षिक योजनालाई प्रभावकारी रुपमा लागु गरिने छ । |
| ४ | सबै विद्यालयमा समान गुणस्तर कायम गर्नु । | १. बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्थाको माध्यमबाट शिक्षक र विद्यार्थी संख्या कम भएका विद्यालयमा आवश्यक पाठ्यसामाग्री सन्दर्भ सामाग्री श्रोत सामाग्री, प्रयोगात्मक सामाग्री, उपयुक्त कक्षा कोठाको व्यवस्था हुनकासाथै आवश्यक प्रवन्ध मिलाईने छ ।<br>२. माग र आवश्यकताका आधारमा शिक्षकहरुको पेशागत विकास तथा सहयोग कार्यक्रम संचालन गरिने छ ।<br>३. विद्यालयमा पुस्तकालय सिकाइ कोठा र प्रयोगशालाको व्यवस्था गरिने छ ।<br>४. सबै विद्यालयहरुमा प्रविधिमा आधारित पठनपाठनको व्यवस्था मिलाईने छ । |
| ५ | विद्यालयमा पूर्वाधार र प्रविधिको विकास गरी सबैतहमा शिक्षाको गुणस्तरलाई सुनिश्चिता गर्ने । | १. संघीय सरकारको नीति बमोजिम विद्यालयमा पाठ्यक्रम र पाठ्यपुस्तक व्यवहारमा लागु गरिने छ ।<br>२. आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृति, रहनसहन बमोजिम स्वावलम्बनको विकास गरी परिमार्जन गर्ने गरिने छ ।<br>३. कक्षा १२ सम्म विज्ञान विषय राखी पठनपाठन सञ्चालन गरिने छ।<br>४. विद्यार्थीको संख्या, शिक्षक जनशक्ति तथा गाउँपालिकाको पूर्वाधारको आधारमा आधारभूत विद्यालयमा विज्ञान कक्षा सञ्चालन गर्नुका साथै विज्ञान प्रयोगशाला बनाई विज्ञान विषयलाई बढी रुचीकर, व्यवहारिक बनाईने छ । |

| | | |
|---|---|---|
| | | ५. डिजिटल प्रविधिमा जोड दिई डिजिटल सामाग्रीलाई प्रोत्साहन गरेर प्राविधिक विषय तथा विद्यार्थीलाई कठीन पर्ने विषयहरु अंग्रेजी, गणित र विज्ञानको पठनपाठमा जोड दिईने छ ।<br>६. विद्यार्थीको सिकाइ उपलब्धीको मूल्यांकन गर्न देहाय बमोजिमको परीक्षा प्रत्येक बर्ष सञ्चालन गरिने छ ।<br>(क) कक्षा ५ का विद्यार्थीको लागि उपलब्धी परीक्षण गरिने छ ।<br>(ख) नगरपालिकाद्वारा कक्षा ८ को आधारभूत परीक्षा सञ्चालन गरिने छ ।<br>(ग) कक्षा १० र १२ को परीक्षा प्रदेश र राष्ट्रियस्तरबाट सञ्चालन गरिने । |
| ६ | संस्थागत विद्यालयमा सुधार तथा नियमन गर्ने | १. संस्थागत विद्यालयहरुलाई सेवामूलक संस्थाको रुपमा उत्साहीत गर्न प्रोत्साहीत गरिने छ ।<br>२. संस्थागत विद्यालयको सुधार गर्न गाउँपालिका मार्फत नीतिगत र कानूनी व्यवस्था गरी आवश्यक प्रवन्ध गरिनेछ ।<br>३. संस्थागत विद्यालयहरुको शिक्षक र कर्मचारीहरुको सुविधा र विद्यालयको भौतिक पूर्वाधारको नियमन गरिने छ ।<br>४. संस्थागत विद्यालयको पाठ्यक्रम स्थानीय तहको ज्ञान सँस्कृति तथा स्थानीय धार्मिक, साँस्कृतिक सम्पदाहरु समेटेर पाठ्यक्रम परिमार्जन गरिने छ ।<br>५. स्थानीय तहको माग र आवश्यक्ता बमोजिम प्राविधिक तथा व्यवसायिक सिपको विकास गरी स्थानीय बजारको माग बमोजिम परिचालन गरिने । |
| ७ | स्थानीय तहको माग र आवश्यक्ता बमोजिम प्राविधिक तथा व्यवसायिक सिपको विकास गरी स्थानीय बजारको माग बमोजिम परिचालन | १. स्थानीय तहको माग र आवश्यक्ता बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) लगायत अन्य तालिम प्रदायक संस्थाहरुको सहयोगमा स्थानीय गाउँ तहको माग र आवश्यकता अनुसारका क्षेत्र सिपको विकास गरी सिप र दक्षताको विकास गरी कार्यस्थलमा नै रोजगारीको सुनिश्चितता गरिने छ ।<br>२. कक्षा १२ मा कृषि तथा बाली विज्ञानसंग सम्बन्धित विषय समावेश गरी कक्षा सञ्चालन गरिने छ ।<br>३. प्राविधिक तथा व्यवसायिक शिक्षाको धार सिभिल इन्जिनियरिङ्ग विषयसंग सम्बन्धित विषय समावेश गरी कक्षा ९ र १० मा प्राविधिक कक्षा सञ्चालन गरिने छ र यसलाई १२ कक्षासम्म सञ्चाल गरिने छ। |

| | | |
|---|---|---|
| | | ४. गाउँपालिकामा रहेका गरिव देहेन्दार तथा पिछडीएका विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक तालिमको अवसर दिई रोजगार सुनिश्चित गर्न निश्चित मापदण्ड बनाई लागु गरिने छ ।<br>५. माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा निश्चित मापदण्ड बनाई प्राविधिक तथा व्यवसायिक शिक्षाको कार्यक्रम सञ्चालन गरी रोजगारीलाई प्रोत्साहन दिईने छ ।<br>६. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सम्बन्धी मापदण्डहरु समेटिएको कार्यविधि बनाई सबै विद्यालयमा समान रुपमा लागु गरिने छ।<br>७. पढ्दै कमाउँदै गर्ने कृयाकलापहरुलाई पाठ्यक्रममा नै समावेश गर्ने।<br>८. प्राविधिक तथा व्यवसायिक सिप विकास गरी व्यवहारिक ज्ञान र सिपलाई मूर्तरुप दिन इन्टर्नसिपको व्यवस्था विद्यालयमा गरिने । |
| ८ | समतामूलक कार्यक्रमद्वारा उच्च शिक्षामा सबैको पहुँच विस्तार गरी अवसरहरु सुनिश्चित गर्ने । | १. करैयामाई गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७) को अवधिमा यस गाउँपालिकामा स्नातकतह सम्मको कलेज स्थापना गरी शिक्षामा सबैको पहुँच विस्तार गरिने छ ।<br>२. गाउँपालिकामा रहेका उच्चशिक्षा हासिल गरेका (स्नातक, स्नातकोत्तर र विद्यावारीधि) तह पुरा गरेका जनशक्तिको अभिलेख राखिने छ ।<br>३. बौद्धिक तथा शैक्षिक क्षेत्रमा उत्कृष्ठ योगदान गरेका गाउँपालिकाका समाजसेवीलाई सम्मान गरिने छ ।<br>४. उच्च शिक्षा हासिल गर्न कलेजको स्थापना गरी आर्थिक तथा सामाजिक रुपले पछाडी परेका जेहेन्दार विद्यार्थीहरुलाई छात्रावृत्तिको व्यवस्था गरिने। |
| ९ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सुनिश्चित गरिने छ । | १. गाउँपालिकामा आजिवन सिकाई र निरन्तर शिक्षाका लागि सामुदायिक सिकाइ केन्द्रको स्थापना र विस्तार गरिने छ ।<br>२. ज्येष्ठ नागरिकहरुका लागि आधारभुत साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>३. अनौपचारिक शिक्षाको माध्यमबाट ज्ञान, सिप र अनुभवको पहिचान गरी उद्यमशीलता तर्फ गाउँ समाजलाई उन्मुख गरिने छ ।<br>४. संघ प्रदेश संग समन्वय गरी पठनपाठन सँस्कृतिको विकास र जीवनपर्यन्त शिक्षाको लागि गाउँपालिकामा पुस्तकालयको स्थापना गरिने छ । |

| | | |
|---|---|---|
| | | ५. अनौपचारिक शिक्षाको माध्यमबाट समाजमा अन्याय, सामाजिक विभेदको अन्त्य र समातामूलक समाज तर्फ उन्मुख गर्न चेतनाको विकास गरिने छ ।<br>६. अनौपचारिक शिक्षामाध्यम बाट गाउँपालिकामा बोलिने भाषा, कला, सँस्कृति, धार्मिक साँस्कृतिक सम्पदाको बारेमा सचेत गराउन गाउँवासीलाई उन्मुख गरिने । |
| १० | शैक्षिक सुशासन, पारदर्शीता र सेवा प्रवाहमा सुधार । | १. विद्यालयको वृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, श्रोत साधन र समुदायसंग आबद्ध गरी कार्यान्वयन योग्य बनाईने छ ।<br>२. विद्यालय शिक्षकको तयारी योग्यता, व्यवसायिक दक्षता, शैक्षिक गुणस्तरका लागि महत्वपूर्ण भएकोले शिक्षकलाई सोही अनुसार उत्प्रेरित गरिने छ ।<br>३. शिक्षकको नियमितता, विषयगत मिलान, दरवन्दीको वितरण जस्ता व्यवस्थापकीय पक्षमा सुधार गरिने छ ।<br>४. विद्यालयहरुको आर्थिक कार्यप्रणाली पारदर्शी, व्यवस्थित र प्रचलित ऐन, कानून अनुसार राख्ने व्यवस्था गरिने छ ।<br>५. संघ र प्रदेश सरकारसंग सहकार्य गरी विद्यालय सञ्चालन एवं व्यवस्थापनको लागि लागत साझेदारी गरिने छ ।<br>६. शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय सम्बद्ध पदाधिकारीहरुका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिने छ ।<br>७. विद्यार्थी मूल्याङ्कन प्रकृयामा विद्यार्थीको क्षमता, अवस्था र समस्या थाहा पाउन थप सहजीकरण गर्ने व्यवस्था मिलाईने छ ।<br>८. विद्यालयहरुका आवश्यकता र कार्य सम्पादन सूचकका आधारमा कार्यसम्पादन आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञानप्रयोगशाला अनुदान, पुस्तकालय अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका अनुदान उपलब्ध गराईने छ। |
| ११ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने । | १. विद्यालयको सिकाइलाई प्रभावकारी, गुणस्तरीय, समय सापेक्ष र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई प्रभावकारी बनाईने छ ।<br>२. संघीय सरकारद्वारा तयार पारिएको एकीकृत शैक्षिक व्यवस्थाको सूचना प्रणाली (IEMIS) विद्यालयहरुमा व्यवस्थित र सुदृढ गरिने छ । यसका |

| | | |
|---|---|---|
| | | लागि विद्यालय IEMIS लाई अनुदान निकासासंग आवद्ध गरी यसको लागि प्रत्येक बर्ष तालिमको व्यवस्था गरिने छ ।<br>३. शिक्षाक्षेत्रको पहुँचमा रहेका बालबालिकाहरुको संख्या र अवस्थाको तथ्याङ्क संकलन गरी संङ्कलित तथ्याङ्कको आधारमा योजना निर्माण गरिने छ ।<br>४. विद्यालयको अभिलेख र सेवा प्रवाह उत्कृष्ठ रुपले सम्पादन गर्न प्रत्येक बर्ष प्रधानाध्यापक/शिक्षक/कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सिप सम्बन्धी तालिम दिईने छ ।<br>५. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा व्यवस्थापन र लेखा प्रणाली सम्बन्धी सफ्टवेयर निर्माण गरी विद्यालयको सम्पूर्ण अभिलेख, सूचना सम्प्रेशण, प्रगति विवरण र लेखा प्रणाली सुदृढ गरिने छ । यस प्रणालीलाई क्रमशः आधारभूत विद्यालयहरुमा विस्तार गरिने। |
| १२ | विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षाको उपाय अपनाईने । | १. विद्यालयको भौतिक पूर्वाधार (भवन निर्माण) कार्य गर्दा भवन निर्माण संहिता, भूकम्प प्रतिरोधात्मक प्रविधि, सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिने छ।<br>२. विपद् जोखिम न्यूनीकरणका लागि शिक्षक, विद्यार्थी र सरोकारवालाहरुलाई विपद्का समयमा गर्नुपर्ने अत्यावस्यकीय तयारी सम्बन्धी अभ्यासको व्यवस्था मिलाईने । |

## ३.१. गाउँपालिका शिक्षा क्षेत्र योजनाको मुख्य उपलब्धीः

गाउँपालिका शिक्षा क्षेत्र योजनाको प्रमुख उपलब्धिहरू देहाय बमोजिम हुनेछन् ।

(क) निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता भई गुणस्तरीय र प्रारम्भिक बालबिकास शिक्षाको अवसर सुनिश्चित हुने ।

(ख) विद्यालय भर्ना दरमा वृद्धि गर्न सकिने साथै विद्यार्थीको विद्यालय छाड्ने (ड्रपआउट) दर न्यून बनाउन मद्दत पुग्ने ।

(ग) स्थानीय भाषा, संस्कृति, कृषि, र व्यवसायलाई समेटेर जीवनोपयोगी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयनमा आउने र विद्यालयहरूको अनुगमन तथा नियमन प्रक्रियामा सुदृढता आउने ।

(घ) माध्यमिक शिक्षासम्म सबैको पहुँच विस्तार गर्न सकिने ।

(ङ) विद्यालय भवन, कक्षाकोठा, बालमैत्री पूर्वाधार, खानेपानी, र छात्रामैत्री शौचालयको निर्माण गरी सिकाइ वातावरणमा सुधार हुनेछ ।

(च) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई विषयगत तालिम, प्रविधिमैत्री शिक्षण र डिजिटल साक्षरता कार्यक्रम सञ्चालन भई सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्थाबाट अध्ययन अध्यापनको गुणस्तरमा अभिबृद्धि हुने ।
विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक भई सक्षम र अभिप्रेरित शिक्षाका साथै विद्यार्थीको शैक्षिक अवस्था सुधार हुदै जाने ।

(छ) विपद् तथा संकटको अवस्थामा समेत शैक्षिक क्रियाकलापलाई निरन्तरता दिन सकिने ।

(ज) गाउँपालिकाबाट विद्यालयका लागि बजेट तथा कार्यक्रम विनियोजन गर्ने परिपाटीमा विकास हुने ।

## ३.२. परिमाणात्मक लक्ष्य तथा प्रमुख कार्यसम्पादन सूचकः

करैयामाई गाउँपालिकाको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७)** मा भएका व्यवस्था कार्यान्वयनमा ल्याई योजना अवधिभरमा देहाय बमोजिमको परिमाणात्मक उपलब्धी हासिल गर्ने लक्ष्य राखिएका छन् ।

तालिका नं.१२

शैक्षिक सुचकको अवस्था

| क्र.सं. | **सुचकहरु** | **गा.पा.को स्थिति (२०८२/८३)** | **राष्ट्रिय स्थिति (२०८२)** | **शिक्षेयोको लक्ष्य (२०८६)** | **सोह्रौं योजनाको लक्ष्य (२०८१/०८२-२०८५/०८६)** | **गा.पा.को लक्ष्य (२०८६)** |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | | | | | |
| क | कुल भर्नादर | ८४ | - | १०६.९ | ९९ | ९५ |
| ख | ४ बर्षका बालबालिकाको भर्ना अनुपात | ६७ | - | १००.० | ८५ | ८३ |
| ग | कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६५ | - | ९९.२ | - | ९२ |
| | | | | | | |
| २ | आधारभुत शिक्षा | | | | | |
| क | कक्षा १ मा कुल प्रवेशदर | ९८ | - | ११८.८ | १००.० | १०० |
| ख | कक्षा १ मा खुद प्रवेशदर | ९८ | - | १००.० | - | ९४ |
| ग | कक्षा १-५ मा कुल भर्नादर | १०५ | - | १२२.८ | ९४.९ | १०७ |
| घ | कक्षा १-५ मा खुद भर्नादर | ९२ | - | १००.० | - | ९८ |
| ङ | कक्षा १-८ मा कुल भर्नादर | ९८.५ | - | १०६.० | - | १०५ |
| च | कक्षा १-८ मा खुद भर्नादर | ८५ | - | १००.० | - | ९४ |
| छ | कक्षा ८ मा टिकाउ दर | ७७ | - | ९९.० | - | ९२ |
| ज | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७५ | - | ९८.९ | १००.१ | ९३ |

| क्र.सं. | सुचकहरु | गा.पा.को स्थिति (२०८२/८३) | राष्ट्रिय स्थिति (२०८२) | शिक्षेयोको लक्ष्य (२०८६) | सोह्रौं योजनाको लक्ष्य (२०८१/०८२-२०८५/०८६) | गा.पा.को लक्ष्य (२०८६) |
|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | | | | | |
| क | कक्षा ९-१० मा कुल भर्नादर | ९०.५ | - | ९०.० | - | ९८ |
| ख | कक्षा ९-१० मा खुद भर्नादर | ६७ | - | ९६.४ | - | ८२ |
| ग | कक्षा ९-१२ मा कुल भर्नादर | ६८ | - | ९०.० | - | ८८ |
| घ | कक्षा ९-१२ मा खुद भर्नादर | ५५ | - | ७५.० | - | ६२ |
| ङ | कक्षा ११-१२ मा कुल भर्नादर | ६० | - | ८४.९ | - | ७१ |
| च | कक्षा ११-१२ मा खुद भर्नादर | ४० | - | ७९.० | - | ४७ |
| छ | कक्षा १० मा टिकाउदर | ६५ | - | ८५.० | - | ८७ |
| ज | कक्षा १२ मा टिकाउदर | ४२ | - | ५५.२ | - | ५५ |
| | | | | | | |
| ४ | अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | | | | | |
| क | ५ बर्षमाथिको साक्षरता दर | ६६.५ | - | १००.० | ७६.३ | ७० |
| ख | १५-२४ बर्षको साक्षरता दर | ८५ | - | १००.० | ९२.० | ८९ |
| ग | १५ बर्ष माथिको साक्षरता दर | ६० | - | १००.० | - | ९३ |
| | | | | | | |
| ५ | महिला शिक्षक प्रतिशत | | | | | |
| क | आधारभुत तह | २८.९१ | - | ४५.० | - | ४० |
| ख | माध्यमिक तह | १४.२८ | - | १०.३४ | - | २०.० |
| | | | | | | |
| ६ | प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत | | | | | |
| क | प्रारम्भिक बालविकास केन्द्र | ७५ | - | - | - | १०० |
| ख | आधारभुत विद्यालय | ६० | - | - | - | ८५ |
| ग | माध्यमिक विद्यालय | ५२ | - | - | - | ६५ |
| | | | | | | |
| ७ | शिक्षा क्षेत्रको बजेट प्रतिशत | १९.६१ | - | - | - | २२ |

# परिच्छेद-४

# विद्यालय शिक्षाका उप क्षेत्रहरु

यस परिच्छेदमा विद्यालयका शिक्षाका विभिन्न उप क्षेत्रहरुको बारेमा उल्लेख गरिएको छ । प्रस्तुत गरिएका उप क्षेत्रका उद्देश्य, रणनीति तथा वर्तमान अवस्थाको समिक्षा गरी चुनौतिहरुका साथै अपेक्षित उपलब्धि, प्रतिफल तथा लक्ष्यहरुको बारेमा उल्लेख गरिएको छ । बर्तमान अवस्थाको समिक्षा, चुनौति, उपलब्धि, प्रतिफल र लक्ष्यहरु सहित उल्लेख गरिएका उप क्षेत्रहरुमा प्रारम्भिक बालबिकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्क्रम तथा मूल्याङ्कन, विद्यालय व्यवस्थापन, विकास र पेशागत सहायता, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई, समतामूलक पहुँच र समावेशीकरणको बारेमा समेत व्यवस्था गरिएको छ ।

## ४.१. प्रारम्भिक बाल विकास तथा शिक्षाः

४ बर्षका बालबालिकाहरुलाई कक्षा १ मा प्रवेश गर्नको लागि आवश्यक पर्ने सिकाइ सिपहरुको विकास गरी बालबालिकालाई तयारी अवस्थामा पुऱ्याउने कार्यलाई प्रारम्भिक बाल विकास तथा शिक्षा भनिन्छ। ४ बर्ष उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षाको लागि तयार गराउन उनिहरुको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा सम्वेगात्मक पक्ष अर्थात बालबालिकाको सर्वाङ्गिण पक्षको विकासका साथै कक्षा १ को लागि सिकाई सिपको विकास गराउने कार्य प्रारम्भिक बाल विकास तथा शिक्षा हो । प्रारम्भिक बाल विकास तथा शिक्षाको सञ्चालन विद्यमान कानूनमा व्यवस्था भए बमोजिम ४ बर्ष उमेरका बालबालिकाहरुको लागि १ बर्षको प्रारम्भिक बाल विकास शिक्षा सञ्चालन गर्नुपर्ने हुन्छ । बाल विकास कार्यक्रम समुदाय र विद्यालय दुबै क्षेत्रमा सञ्चालन गर्ने व्यवस्था भएपनि व्यवहारमा विद्यालयमानै बढी प्रचलनमा आएको छ ।

प्रारम्भिक बाल विकास तथा शिक्षासंग सम्बन्धित प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा जस्ता कार्यक्रमहरु बाल शिक्षा तथा विकासको लागि सञ्चालनमा आएका छन् । शिक्षा नियमावली २०५९ को नियम ६७ मा शिशु विकास केन्द्रको स्थापना गर्ने व्यवस्था छ । उक्त नियमावलीमा भएको व्यवस्था बमोजिम कुनै संस्थाले शिशु विकास केन्द्रको स्थापना गर्न चाहेमा स्वीकृतिको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्ने र स्थानीय तहले आवश्यक जाँचबुझ गरी मापदण्ड पुगेको देखिएमा वा स्वीकृति दिन मनासिव देखिएमा आवश्यक सर्तहरु तोकी स्वीकृति दिन सक्ने व्यवस्था गरिएको छ । शिशु विकास केन्द्रको लागि फराकिलो, खुला, शान्त र सुरक्षित भवन हुनुपर्ने, भवन बाहेक आधारोपनी वा १ कठ्ठा जग्गा

हुनुपर्ने, बालउद्यानको व्यवस्था हुनुपर्ने, सफा स्वस्थ खानेपानी तथा शौचालयको व्यवस्था हुनुपर्ने र कम्तिमा २ जना सुसारे हुनुपर्ने व्यवस्था गरिएको छ । यसैगरी शिशु विकास केन्द्रले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएको पाठ्यक्रम प्रयोग गर्नुपर्ने छ । शिक्षा नियमावली २०५९ को नियम ७० बमोजिम प्रत्येक जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको सिफारिसमा नेपाल सरकारले बाल विकास केन्द्रलाई अनुदान दिने व्यवस्था समेत गरेको छ ।

प्रारम्भिक बाल विकास तथा शिक्षाको लागि संघीय सरकारले कानूनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ । बाल विकास तथा शिक्षामा गुणस्तर कायम गर्न **प्रारम्भिक बालबिकास सम्बन्धी मापदण्ड निर्देशिका २०६७ (पहिलो संसोधन २०७५)** संघीय सरकारले जारी गरेको छ । उक्त मापदण्डमा बालशिक्षिका/बालसहजकर्ताको लागि सघन तथा पुनर्ताजगी तालिमको व्यवस्था गरेको छ । यसै गरी ४-८ बर्षका बालबालिकाको लागि प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति २०७७/२०८८ प्रयोगमा आईसकेको छ । बालबालिकाको विकास तथा सिकाइको लागि यस राष्ट्रिय रणनीतिले मार्गचित्र प्रस्तुत गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, स्रोहौं योजना (२०८१/२०८२-२०८५-२०८६) ले पनि प्रारम्भिक बाल विकास तथा शिक्षाको व्यवस्थाको बारेमा उल्लेख गरेको छ ।

करैयामाई गाउँपालिका भित्र सरकारी अनुदान प्राप्त २० वटा बालविकास केन्द्रहरु संचालनमा छन् । सामुदायिक सिकाइ केन्द्र (CLC) तर्फ ५ वटा केन्द्रहरु संचालित छन् । २० वटा बालविकास केन्द्र मध्ये जनता मा.वि., उमजनमा २ जना, जनसामुदायिक मा.वि., मधुवन हरैयामा- ४ जना, ने.रा.प्रा.वि. सिहोर्वामा २ जना, ने.रा.मा.वि. पिपरा बजारमा ३ जना, ने.रा.आ.वि. तेतरियामा ३ जना, ने.रा.प्रा.वि. गालोपटीमा २ जना, ने.रा.प्रा.वि.ठुलोलौतनमा २ जना, ने.रा.प्रा.वि. बारा बजारमा ३ जना, ने.रा.प्रा.वि.ढोडिया तेतरियामा २ जना, ने.रा.प्रा.वि. सानो लौतनमा २ जना, ग्रामिण उत्थान प्रा.वि.हरैयामा २ जना, बालप्रगति प्रा.वि.मधुवनमा १ जना ने.रा.प्रा.वि.सिस्वामा ३ जना, ने.रा.प्रा.वि.बजनीमा २ जना, ने.रा.मा.वि. इटहरमा ४ जना, ने.रा.प्रा.वि.करैयामा ३ जना, देवनारायण गनीयाँ प्रा.वि.औलियामा ३ जना र ने.रा.प्रा.वि.सिरसियामा २ जना गरी जम्मा ४५ जना बालशिक्षकहरु कार्यरत छन्। शैक्षिक सत्र २०८२/०८३ को तथ्याङ्क अनुसार छात्र ५२६ र छात्रा ५६१ गरी जम्मा १०८७ जना बालबालिकाहरु प्रारम्भिक बालविकास केन्द्रमा पठनपाठन गरिरहेका छन् । बालविकास केन्द्रका शिक्षकहरुले संघीय सरकाको अनुदानबाट मासिक रु. १२ हजार र गाउँपालिकाबाट रु. ७ हजार गरी मासिक रु.१९ हजार पारिश्रमिक पाईरहेका छन् । बालविकास केन्द्रमा कार्यरत शिक्षिकाहरु सबै महिला रहेका र यीनीहरुको पारिश्रमिक अरु शिक्षकको तुलनामा ज्यादै कम भएकोले बालबिकास केन्द्रका शिक्षिकाहरुको उत्प्रेरणा र मनोबल बढाउन सकिएको छैन । गाउँपालिकामा संचालित प्रारम्भिक बालविकास केन्द्रहरुमा मापदण्ड अनुसारको न्यूनतम भौतिक र शैक्षिक सुविधा पुर्याउन सकिएको छैन ।

बाल विकास केन्द्रहरुमा सुधार  गरी गुणस्तर बृद्धि गरी पिछडिएका बर्ग र समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच पुर्याउन बालविकास केन्द्रका शिक्षकहरुको पारिश्रमिकमा बृद्धिगर्नु पर्ने, सेवा, सर्त र सुविधामा निश्चित मापदण्ड बनाइ वृत्तिविकास गर्नुपर्ने र बाल विकास केन्द्रमा न्युनतम मापदण्ड पुरा गर्नुपर्ने देखिन्छ ।

## ४.१.१. उद्देश्यः

सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित बालबालिकाको सर्वाङ्गिण विकासमा केन्द्रित प्रारम्भिक बाल विकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन देहाय बमोजिमको उद्देश्य रहेको छ ।

(क) गाउँपालिका भित्रका ४ बर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई एक बर्षको बाल विकास शिक्षाको पहुँच तथा सहभागित भएको सुनिश्चित गर्ने ।

(ख) प्राथमिक विद्यालय भर्नाको तयारीका लागि सबै छात्र छात्राहरूको गुणस्तरीय प्रारम्भिक बाल विकास तथा स्याहार र पूर्व प्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गर्ने ।

(ग) बाल विकास केन्द्रहरुलाई बालमैत्री र गुणस्तरीय सिकाइ मैत्री बनाउने ।

(घ) प्रारम्भिक बाल विकास तथा शिक्षाको आधारमा ४ बर्ष उमेर समूहका सबै बालबालिकामा शारीरिक, सामाजिक, संवेगात्मक, ज्ञानात्मक विकास तथा विकासका लागि तयारीको सुनिश्चित गर्नु ।

(ङ) प्रारम्भिक बाल विकास तथा शिक्षा सबै (विशेष गरी सीमान्तकृत तथा भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता) बालबालिकाहरूलाई प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँचमा पुऱ्याउने ।

(च) गाउँपालिका भित्र रहेका सबै प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा गर्ने ।

## ४.१.२. रणनीतिः

(क) प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरुको बाल विकास केन्द्रसम्म पहुँच सुनिश्चित गर्ने र विपद् तथा आपत्कालीन अवस्थामा समेत वैकल्पिक सिकाइको प्रवन्ध गरी बाल विकास शिक्षालाई निरन्तरता दिने ।

(ख) बाल विकास केन्द्रहरुलाई बाल विकास शिक्षाको गुणस्तरको सुनिश्चित गर्नका लागि पाठ्यक्रमलाई अद्यावधिक गर्दै लैजाने र बाल सिकाइ प्रविधिमैत्री तथा खेलकुद सामाग्रीहरु बालबालिका अनुकुल सुरक्षित र बालमैत्री युक्त बनाउने ।

(ग) आधारभूत तथा माध्यमिक विद्यालय भित्र रहेका बाल विकास केन्द्रहरुलाई छुट्टै बालबालिका उपयुक्त वातावरणको सृजना गरी बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री बनाउने ।

(घ) बाल विकास केन्द्रहरुमा पोषण तथा स्वास्थ्य सम्बन्धी आवश्यकतालाई ध्यानमा राखी स्वस्थकर दिवा खाजाको प्रवन्धलाई प्रभावकारी बनाउने साथै स्वच्छ खानेपानी तथा सरसफाईको नियमित परीक्षणको व्यवस्था मिलाउने ।

(ङ) बाल विकास कक्षा कोठाहरु ICT (**Information and Communications Technology)** युक्त बनाउने र सही सदुपयोग गर्न बाल विकास सहयोगीलाई आधारभूत तथा पुनर्ताजगी प्रशिक्षणको व्यवस्था मिलाउने ।

(च) बालबालिकाहरुको प्रगति समिक्षा गर्ने र प्रगति समिक्षा कार्यक्रममा अभिभावकहरुलाई सहभागी गराउने ।

(छ) बाल विकास शिक्षा तथा बाल विकास सेवाका आवश्यक न्यूनतम मापदण्डको कार्यान्वयन तथा परिपालना गराउन अनुगमन र सुपरीवेक्षणको व्यवस्था मिलाई पृष्ठपोषण प्रदान गर्ने । पृष्ठपोषण बमोजिम आवश्यकता अनुसार बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक अवस्था स्तरोन्नती गर्दै लैजान स्रोत तथा मार्गदर्शन प्रदान गर्ने ।

(ज) बाल विकास तथा शिक्षाको प्रभावकारीताको लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयलाई जिम्मेवार बनाईने ।

### ४.१.३. मुख्य उपलब्धिः

बाल विकास तथा शिक्षा क्षेत्र योजना अवधिभर गाउँपालिका भित्रका चार बर्ष उमेर समूहका सबै बालबालिकाहरु प्रारम्भिक बाल विकास शिक्षाको पहुँचमा रहने छन । पाँच बर्ष पुग्दा प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरु प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्नको लागि योग्य हुनेछन् । विद्यालय तथा समुदायमा हुने बाल विकास केन्द्रहरुमा न्युनतम मापदण्ड पुरा भएको हुनेछ । गाउँपालिका भित्रका सबै विद्यालयहरुमा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनमा आउने छन् ।

### ४.१.४. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| गाउँपालिका भित्रका ४ बर्ष उमेर समूहका सबै बालबालिकाहरु एक बर्षको निःशुल्क र गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँचमा पुगी प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्नको लागि योग्य हुनेछन। | १. एक बर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा सबै बालबालिकाहरुको पहुँच रहने ।<br>२. प्रारम्भिक बाल विकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय शिक्षाको सुनिश्चित हुने।<br>३. सबै विद्यालयमा न्यूनतम मापदण्ड पुरा गरेका भौतिक पूर्वाधारहरु तयार हुने ।<br>४. बाल विकास तथा शिक्षाको सिकाइ प्रविधिमैत्री हुने र बालबालिकाले अपेक्षित सिकाइको उपलब्धी हासिल गरेको हुने ।<br>५. भर्ना सहभागिता दरमा बृद्धि हुने।<br>६. बाल विकास केन्द्रहरुमा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री वातावरणको सृजना हुनुको साथै बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक अवस्थामा स्तरोन्नतीका लागि मार्गदर्शन हुने ।<br>७. प्राकृतिक विपद्, प्रकोप र आपतकालिन अवस्थामा समेत बाल विकास शिक्षालाई निरन्तरता दिन सकिने ।<br>८. बालबालिकाको लागि दिवा खाजाको प्रवन्धमा प्रभावकारीता आउने । | १. बाल विकास तथा शिक्षाका लागि न्यूनतम निर्धारित मापदण्ड सहितको पूर्वाधारको लागि नक्साङ्कन, स्थापना तथा पुनर्वितरण ।<br>२. गाउँपालिका भित्रका चार बर्ष उमेर समूहका सबै बालबालिकाहरुको विद्यालय भर्नाको सुनिश्चितता ।<br>३. राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ अनुरुप शैक्षिक सामाग्री तथा पाठ्यक्रमको तयारी र कार्यान्वयन।<br>४. प्रारम्भिक बालबिकास सम्बन्धी मापदण्ड निर्देशिका २०६७ (पहिलो संसोधन २०७५) को मापदण्ड बमोजिम बालशिक्षिका/बाल सहजकर्ताको लागि सघन तथा पुनर्ताजगी तालिमको व्यवस्था ।<br>५. बालबालिका अनुकुलन खेलकुद सामाग्रीको उपलब्धता ।<br>६. बालबालिकाको प्रगति समिक्षा तथा अविभावक भेला तथा समिक्षा ।<br>७. बालबालिकाको लागि पोषणयुक्त दिवा खाजाको प्रबन्ध ।<br>८. प्रकृतिक विपद्, प्रकोप र आपतकालिन अवस्थाको लागि योजनाको तयारी ।<br>९. अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था र पृष्ठपोषण प्रदान ।<br>१०.पृष्ठपोषण बमोजिम आवश्यकता अनुसार सुधार तथा स्तरोन्नती । |

## ४.२. आधारभूत शिक्षाः

आधारभूत शिक्षाले बालबालिकाहरुमा आधारभूत ज्ञान, सिप तथा अभिबृद्धिको विकास गरी माध्यमिक शिक्षाको तयारीको लागि सुनिश्चितता प्रदान गर्दछ । यसका साथै बालबालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवन यापन तथा सामाजिक समायोजनमा सहयोग गरी थप सिकाईको लागि ढोका खोल्दछ। प्रत्येक नागरिकको आधारभूत शिक्षामा पहुँच हुने तथा अनिवार्य र निःशुल्क रुपमा आधारभूत शिक्षा पाउने अधिकार नेपालको संविधानले प्रत्येक नागरिकलाई प्रदान गरेको छ । शिक्षा ऐन २०२८ (सातौं संशोधन ऐन २०५८) तथा केही नेपाल संशोधन गर्ने ऐन २०७५ बमोजिम प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्म दिईने शिक्षालाई आधारभूत शिक्षा भनि परिभाषित गरिएको छ । आधारभूत शिक्षाले विद्यार्थीहरुमा सर्वाङ्गिण विकास गर्नुका साथै निरन्तर सिकाइका लागि मार्ग प्रसस्त गर्दछ । साथै देशको सामाजिक आर्थिक रुपान्तरणमा सहभागी हुनका लागि बालबालिकालाई सक्षम बनाउने काम पनि आधारभूत शिक्षाले गर्दछ । निःशुल्क आधारभूत शिक्षा र गुणस्तरीय आधारभूत शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। यस परिच्छेदमा आधारभूत शिक्षाको सन्दर्भ चुनौति तथा अवसरहरुका साथै आधारभूत शिक्षाको उद्देश्य, रणनीति, लक्षित कृयाकालाप तथा मुख्य कृयाकलापको बारेमा प्रस्तुत गरिएको छ ।

करैयामाई गाउँपालिकामा १६ वटा आधारभूत विद्यालय र ७ वटा संस्थागत विद्यालयहरु गरी कुल २३ वटा विद्यालयहरु कक्षा १ देखी कक्षा ८ सम्म संचालनमा रहेका छन् । प्राथमिक तर्फ स्वीकृत विद्यालय १३ वटा, अनुदान प्राप्त २ वटा, संस्थागत ७ वटा रहेका छन् । गाउँपालिका भित्र संचालन भएका उपरोक्त विद्यालयहरुमा कक्षा ८ सम्म संचालन भएका १ वटा, कक्षा ७ सम्म संचालन भएका ३ वटा, कक्षा ६ सम्म संचालन भएको १ वटा, कक्षा ५ सम्म संचालन भएका १४ वटा, कक्षा ४ सम्म संचालन भएका २ वटा, कक्षा ३ सम्म संचालन भएका २ वटा आधारभूत विद्यालयहरु रहेका छन् ।

आधारभूत तर्फका शिक्षकहरुको दरबन्दी प्राथमिक तर्फ ५०, राहत तर्फ २० गरी जम्मा ७० रहेका छन् । यसैगरी निम्न माध्यमिक तर्फ ९, राहत तर्फ २, अनुदान तर्फ २ जना गरी १३ समेत जम्मा ८३ जना शिक्षकहरु कार्यरत रहेका छन् । उपरोक्त ८३ जना शिक्षकहरुमा प्राविधिक धारका शिक्षकहरु समेत संलग्न छन् । आधारभूत तहमा बालबालिकाहरुको समतामूलक पहुँच पुऱ्याउनको लागि गाउँपालिकाले गरेका कतिपय प्रयासहरु उल्लेखनीय भएतापनि पर्याप्त छैनन् । आर्थिक र सामाजिक रुपमा पछाडी परेका र विशेष गरी दलित समुदायका बालबालिकाहरुमा कक्षा छोड्ने प्रवृत्ति बढी देखिएकोले यो समुदायका कतिपय बालबालिकाहरु विद्यालयका पहुँच भन्दा बाहिर रहेका छन्। बालबालिकाहरुको आर्थिक, सामाजिक स्थितिमा असमान्ताका कारण आधारभूत शिक्षाको पहुँच कम भएको देखिन्छ । गाउँपालिकामा रहेका सिमान्तकृत समुदाय, कठिन परिस्थितमा रहेका क्षेत्रका बालबालिकहरु, दलित समुदाय, जनजाती तथा आर्थिक सामाजिक रुपमा पछाडी परेको वर्गको बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच तुलनात्मक रुपमा कमजोर देखिएको छ । न्युनतम सक्षमता (PMEC) को मापदण्ड पुरा गर्नको लागि विद्यालयको भौतिक साधन, शिक्षण सामाग्री र शैक्षिक वातावरण बालमैत्री, समावेशी, सुरक्षित बनाइ सबैको पहुँच सुनिश्चित गर्न

आवश्यक देखिएको छ । शिक्षण सिकाइमा प्रभावपारी बालबालिकाहरुको समग्र विकासमा सुधार गर्नको लागि आधारभूत तहमा दिवा खाजा, पोषण, स्वास्थ्य र सरसफाइ जस्ता क्षेत्रहरुमा ध्यान दिइ सुधार गर्न जरुरी देखिएको छ । यसैगरी बालबालिकाहरुलाइ गुणस्तरीय शिक्षा दिइ आधारभूत तहमा पहुँचको अवसरमा बृद्धि गर्न योग्य शिक्षकको व्यवस्था र शिक्षकमा पेशागत सक्षमता हुन जरुरी छ। यसको साथै विद्यालयमा सुशासन कायम गरी व्यवस्थापकीय पक्षमा सुधार गरी अनुगमन सुपरिवेक्षणलाई प्रभावकारी बनाउनु जरुरी छ ।आधारभूत तहमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने प्रवृत्तिमा सुधार ल्याउन सरोकारवाला समूह, गैरसरकारी संस्था, विद्यालय व्यवस्थापन समिति अभिभावक संघ जस्ता निकायहरु क्रियाशील र सक्रिय हुन जरुरी छ ।

### ४.२.१. बर्तमान अवस्था र चुनौतिः

करैयामाई गाउँपालिकामा आधारभूत शिक्षामा विद्यार्थीको पहुँच आर्थिक, सामाजिक र जातीयता तथा अपाङ्गताको कारणले विभेद देखिएको छ । निम्न आर्थिक स्तर भएका बर्ग, दलित जनजाती, पिछडा वर्ग तथा गाउँपालिकाका सिमान्तकृत समुदायमा आधारभूत शिक्षाको पहुँच कम देखिन्छ । जातीय हिसाबले सिमान्तकृत वर्ग, निम्न आर्थिक स्तर भएका बर्ग र समाजिक आर्थिक हिसावले पछाडी परेको बर्ग कक्षा छोड्ने र दोहोऱ्याउने प्रवृत्ति बढीरहेको छ । कक्षा १ मा भर्नादर बढी भएतापनि अरु कक्षामा निरन्तरता पाएको छैन ।

आधारभूत तहमा गणितको सिकाइ कमजोर र उपलब्धी न्यूनताका कारण विद्यार्थीहरुमा आधारभूत शिक्षा छाड्ने प्रवृत्ति देखिएको छ । गणितको कमजोर शिक्षा र सिकाइमा कमीको कारण आधारभूत शिक्षा पुरा गर्ने विद्यार्थीहरु सक्षम हुन सकेका छैनन् । शिक्षकको तालिममा अभाव भएको कारण पेशागत विकासमा प्रभाव परेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यपक तथा शिक्षकहरुलाई सिकाइप्रति उत्तरदायी बनाउने र सिकाइको अनुकुल वातावरण बनाउने तर्फ केन्द्रित गर्न जरुरी छ । गाउँपालिकाका विद्यालयहरु बाल/लैङ्गिक/अपाङ्गमैत्री हुन सकेका छैनन्।यसतर्फ प्रधानाध्यपक शिक्षक र विद्यालय व्यवस्थापन परिवारले विद्यालयको शैक्षिक र भौतिक अवस्थालाई सबैको लागि पहुँच योग्य र समावेशी बनाउन जरुरी देखिएको छ ।

गाउँपालिकाका विद्यालयका पूर्वाधारहरु अपाङ्गमैत्री छैनन् ।संकटापूर्ण अवस्था तथा विपद् आइपर्दा बालबालिकालाई निरन्तर सिकाइमा ध्यान दिनुपर्ने र बालबालिकाको सुरक्षालाई ध्यान दिनु पर्ने जरुरी देखिएको छ । स्वास्थ्य तथा पोषणको अवस्था, स्वच्छ र सफापानी, सरसफाइमा सुधार जस्ता आधारभूत स्वास्थ्य तथा पोषणका विषयहरुमा ध्यान दिएमा आधारभूत विद्यालयमा सबैको पहुँच बढाउन सकिन्छ ।

### ४.२.२. उद्देश्य

गाउँपालिकाका विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिबृद्धि गरी आधारभूत विद्यालयमा सबैको सहभागिता र शिक्षाको पहुँच सुनिश्चित गर्नु आधारभूत शिक्षाको मूल उद्देश्य रहेको छ । यस मूल उद्देश्यलाई मूर्तरुप दिन देहायबमोजिका उद्देश्यहरु उल्लेख गरिएको छ ।

(क) आधारभूत शिक्षामा सबैको पहुँच र सहभागीता सुनिश्चित गरी अनिवार्य र निःशुल्क रुपमा आधारभूत शिक्षा सर्वसुलभ तथा प्रभावकारी रुपमा सञ्चालन गर्नु ।

(ख) आधारभूत तहका बालबालिकाहरुको सिकाइ उपलब्धीमा सुधार गर्नु ।

(ग) आधारभूत शिक्षा पुरा नगरी कक्षा छोड्ने वातावरणलाई निरुत्साहित गरी आधारभूत शिक्षाको चक्र पुरा गर्न बालबालिकालाई सक्षम बनाउनु ।

(ङ) आधारभुत तह बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी बनाई विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई सुधार गर्नु ।

(च) विद्यालयको व्यवस्थापकीय सुधार गरी शैक्षिक सुशासन कायम गर्नु ।

### ४.२.३. रणनीति

यहाँ निर्दिष्ट गरिएका उद्देश्यहरु हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) सबै बालबालिकामा आधारभूत शिक्षाको पहुँच पुऱ्याउन स्थानीय तहले योजना र बजेटको सुनिश्चितता गर्ने ।

(ख) आवश्यकता र औचित्यताको आधारमा आधारभूत विद्यालयको नयाँ नक्साङ्कन गरी औचित्यका आधारमा विद्यालय समायोजन गर्ने ।

(ग) आधारभूत विद्यालयमा सबैको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति लगायतका प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) विद्यार्थीको पोषण खानेपानी, शौचालय र सरसफाइको उचित व्यवस्था मिलाई आधारभूत तहलाई बालमैत्री समावेशी र सुरक्षित सिकाइको वातावरण मिलाईने छ ।

(ङ) साक्षरता र गणितको बिषयमा बढी ध्यान दिइ विद्यार्थीलाई विद्यालय छोड्ने परिपाटीलाई सुधार गर्ने ।

(च) विद्यार्थी र विद्यालयको सुरक्षा व्यवस्थालाई व्यवस्थित गरी दिवा खाजाको व्यवस्था गरिने।

(छ) सिकाइको क्रियाकलापमा सुधार गरी विद्यार्थीको सहभागीता बढाउनुको साथै शैक्षिक र भौतिक कृयाकलापमा सुधार गर्ने ।

(ज) आधारभुत विद्यालयमा विद्यार्थी संख्या र औचित्यताको आधारमा शिक्षकहरुको दरवन्दी मिलान गर्ने ।

(झ) अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुको क्षमता विकास गर्ने ।

(ञ) विपद् तथा संकटापूर्ण अवस्थामा सिकाइलाई निरन्तरता दिने वातावरण सृजना गर्ने ।

(ट) शिक्षकको अनुपस्थिति वा अन्य कारणले विद्यार्थीको सिकाइमा कमी आएको भए सो को बैकल्पिक सिकाइको व्यवस्था मिलाउने ।

(ठ) विद्यालयको वातावरण सिकाइमैत्री बनाउन भौतिक पूर्वाधार र शैक्षिक वातावरणमा सुधार गर्ने ।

## ४.२.४. उपलब्धी

(क) ५ देखि १२ बर्ष उमेर समूहका सबै बालबालिकाहरुले आधारभूत तह पुरा गरेको उपलब्धी हुने ।

(ख) विद्यार्थीको शैक्षिक उपलब्धीमा सुधार भई उपलब्धी हासिल हुने ।

(ग) लैङ्गिक, जातियता, सामाजिक आर्थिक स्तर अपाङ्गता, छुवाछुत भाषिक विभेद आदिका आधारमा विद्यार्थीको सिकाइ सहभागिता तथा भर्नामा हुने भेदभावको अन्त्य हुने ।

### ४.२.५. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| १. आधारभूत तहको चक्र सबै विद्यार्थीले पुरा गरी शैक्षिक उपलब्धीमा उल्लेख्य सुधार हुने ।<br>२. अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँचभई शिक्षामा गुणस्तरता कायम हुने ।<br>३. सामाजिक, आर्थिक विभेद, लैङ्गिक असमानता, जातीय विभेद, छुवाछुत, भाषिक पृष्ठभूमी, धार्मिक अवस्थाका आधारमा विद्यार्थीको भर्ना र सहभागितामा हुने विभेद अन्त्य भई सिकाई उपलब्धीपूर्ण हुने । | १. नक्साङ्कन र विद्यालय समायोजन गरी आधारभूत तहमा सबैको पहुँच सुनिश्चित हुने ।<br>२. सबै प्रकारको विभेद र भए अन्त्य गरी लैङ्गिक, अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइको सुनिश्चिततामा बृद्धि हुने ।<br>३. प्रकोप र संकटापूर्ण अवस्थामापनि शिक्षण सिकाइले निरन्तरता पाउने ।<br>४. पोष्टिक तथा दिवाकर खाजाको प्रवन्धबाट बालबालिकाको स्वास्थ्यमा सुधार हुने ।<br>५. सूचना प्रविधिको विकास भई सिकाइ उपलब्धीपूर्ण हुने ।<br>६. शिक्षकको दक्षतामा अभिवृद्धि भई सुशासन र शैक्षिक व्यवस्थापनमा सुधार भइ प्रभावकारी सेवा प्रवाह हुने ।<br>७. निर्धारित पाठ्यक्रम अनुसार पुरा समय कक्षा सञ्चालन हुने र विद्यालय संख्यामा उल्लेखित बृद्धि हुने ।<br>८. विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भई शैक्षिक प्रशासनमा सुधार आउने ।<br>९. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकतामा आधारित | १. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा ल्याउने रणनीति तयार गरी कार्यान्वयन ।<br>२. विद्यालय नक्साङ्कन सामयोजन तथा दरबन्दी पुनरावलोकन ।<br>३. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शैक्षिक सामाग्री तथा क्षमता विकास कार्यक्रम।<br>४. बालमैत्री, अपाङ्गमैत्री, समावेशी कक्षा सञ्चालन कार्यक्रम ।<br>५. विद्यालयमा हुने सबै प्रकारको दुर्व्यवहार अन्त्य गर्ने सम्बन्धी तालिम गोष्ठी जस्ता कार्यक्रमको आयोजना ।<br>६. संकटापूर्ण अवस्थामा शिक्षण कृयाकलाप संचालन गर्ने सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन ।<br>७. विद्यालयको भौतिक पूर्वाधारको विकास (भवन, शौचालय, कक्षाकोठा,फर्निचर, खेलमैदान, क्यान्टिन, कम्पाउण्ड बारको व्यवस्था) ।<br>८. शिक्षकहरुको अनुपस्थिति वा अन्य कारणले पठनपाठन हुन नसकेमा बैकल्पिक व्यवस्थाद्वारा कक्षा सञ्चाल गर्ने व्यवस्था । |

| | | |
|---|---|---|
| | समावेशी वा विशेष सिकाइको अवसर प्राप्त हुने ।<br>१०.विद्यार्थीमा पोषण, स्वच्छ पानी, स्वास्थ्य सरसफाइ कार्यक्रम सञ्चालनले पोष्टिक तथा स्वास्थकर खाना, खाजा, जस्ता स्वास्थ्यमा आधारित कार्यक्रमहरुमा सुधार आउने । | ९. शिक्षक विद्यालय व्यवस्थापन समिति, अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम ।<br>१०.विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन।<br>११.अपाङ्गता भएका बालबालिकाहरुलाई आवासीय सुविधा उपलब्ध गराउने ।<br>१२.पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्था ।<br>१३.मापदण्ड अनुसारको शिक्षकको व्यवस्था।<br>१४.विद्यार्थी सिकाइ उपलब्धी परिक्षण ।<br>१५.शिक्षक योग्यता मापदण्ड कार्यान्वयन ।<br>१६.व्यवहारिक सिप विद्यार्थी मुल्याङ्कन तथा शैक्षिक गुणस्तर सम्बन्धमा शिक्षको व्यवस्थापन।<br>१७.निःशुल्क शिक्षा तथा पाठ्यपुस्तक छात्रावृत्ति र सिकाइ सामाग्रीको व्यवस्था ।<br>१८.नमुना विद्यालय विकास कार्यक्रम ।<br>१९.सुधारात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कन । |

## ४.३. माध्यमिक शिक्षा

कला विज्ञान तथा प्रविधिसंग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण, व्यवहार युक्त सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखी ९ देखि १२ कक्षासम्मका विद्यार्थीहरुलाई दिइने आधारभूत मूल्य मान्यता सहितको शिक्षा माध्यमिक शिक्षा हो । कक्षा ९ देखि १२ मा कम्प्युटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुविज्ञान, बालिविज्ञान तथा संगित गरी साधारण तथा प्राविधिक शिक्षा दिइने गरिन्छ । यस तहको शिक्षाले स्वदेश तथा विदेशमा श्रम बजारको माग बमोजिमको जनशक्ति उत्पादन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। त्यसैले पनि नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क पाउने अधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ । नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले माध्यमिक तहको शिक्षालाई निःशुल्क तथा सबैको पहुँच सुनिश्चित गर्दै सृजनशीलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

यसै सन्दर्भमा निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँच बाहिर रहेको ठूलो संख्यालाई समेट्नु, विपन्न, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकालाई माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा व्यवस्थित गर्नु विद्यार्थीहरुको सिकाइ तथा उपलब्धी सुधार गर्नु जस्ता विषयहरु माध्यमिक शिक्षाका सवलपक्षका रुपमा लिन सकिन्छ ।

### ४.३.१. बर्तमान अवस्था र चुनौतिः

करैयामाई गाउँपालिकामा माध्यमिक शिक्षामा विद्यार्थीको भर्ना तथा निरन्तरतामा उल्लेख्य बृद्धि भएको भएतापनि अझपनि ठूलो संख्या माध्यमिक शिक्षाको पहुँच बाहिरै रहेको अवस्था छ । न्यून आर्थिक अवस्था, अपाङ्गता दलीत समूदायका सिमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाहरुको सहभागिता तथा टिकाउ दर न्यून रहेको पाईन्छ । सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी शिक्षालाई एकीकृत गर्न आवश्यकता देखिएको छ । माध्यमिक शिक्षाका गणित, विज्ञान, अंग्रेजी, नेपाली जस्ता मुख्य विषयहरुमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुन नसक्नु, सूचना र सञ्चार प्रविधिको प्रयोग कम हुनु, प्रविधियुक्त ज्ञान, सिपको सिकाइ कम हुनु जस्ता चुनौतिहरु देखिएका छन्। यसैगरी मुख्य विषयहरु गणित, विज्ञान, अंग्रेजी विषयका शिक्षकहरु अपर्याप्त हुनु, सबै विद्यालयमा भौतिक सुबिधा र प्रयोगशालाको पहुँच नहुनु, पाठ्यक्रम जीवनोपयोगी नहुनु, माध्यमिक तहमा विद्यार्थीको टिकाउ दर कम हुनु, विद्यालय भय विभेद र दुर्व्यवहारबाट मुक्त नहुनु, बाल तथा लैङ्गिकमैत्री हुन नसक्नु, अपाङ्गता तथा समावेशी

संरचनामा आधारित हुन नसक्नु, बालबालिकाको सुरक्षा तथा आपतकालीन अवस्थामा शिक्षण सिकाईको सुनिश्चित नहुनु जस्ता चुनौतीहरुपनि वियमान छन् । यसैगरी सिप र सिकाइ भौतिक र शैक्षिक वातावरण अनुकुल नहुनु, प्रविधिको प्रयोग गरी शिक्षकको दक्षता अभिबृद्धि गर्नुको साथै विद्यार्थीमा प्रविधि र सञ्चार प्रयोग कम हुनु, विद्यार्थीको संख्या अनुसार मापदण्ड बनाई दरवन्दी निर्धारण नहुनु जस्ता चुनौतीहरु पनि रहेका छन् ।

माध्यमिक तहमा शिक्षकको दरवन्दी ९, राहत ४, अनुदान तर्फ ६ गरी जम्मा १९ जना शिक्षकहरु कार्यरत छन् । यसैगरी उच्च माध्यमिक तर्फ दरबन्दी ६, राहत ४ गरी जम्मा १० जना शिक्षकहरु कार्यरत छन् । विद्यालयको कक्षा ९-१० र कक्षा ९-१२ मा गरी जम्मा २९ जना शिक्षकहरु कार्यरत रहेका छन् । श्रेणीगत आधारमा भन्दा माध्यमिक तह ९-१० मा २ जना र माध्यमिक तह ११-१२ मा १० जना गरी जम्मा १२ जना शिक्षकहरु द्वितिय श्रेणीमा कार्यरत छन् । यसैगरी माध्यमिक तह तृतिय श्रेणीमा कक्षा ९-१० मा ५ जना शिक्षकहरु कार्यरत रहेका छन् । माध्यमिक तहको शिक्षकको दरवन्दी अपर्याप्त देखिएको छ । माध्यमिक विद्यालय कक्षा १०, ११ र १२ मा विद्यार्थी र शिक्षकको संख्या कमनै रहेको देखिएको छ । विद्यार्थीको कक्षा छाड्ने प्रवृत्तिलाई कम गर्न सरोकारवाला समूहहरु, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ र शिक्षकहरु सक्रिय हुन जरुरी छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र सूचना प्रविधिमा आवद्ध गराउन समेत जरुरी देखिएको छ। प्राविधिक र व्यवसायिक तर्फ विद्यालयको संख्या बढाई स्थानीय तहको श्रम बजार अनुकुलको जनशक्ति उत्पादन गरी रोजगारीमा बृद्धि गर्न सकिने सम्भावना देखिन्छ । प्राविधिक विद्यालयको संख्या बढाई यस क्षेत्रमा विद्यार्थीको पहुँच बढाउन स्थानीय तहले नीतिगत सुधार गर्न जरुरी छ ।

करैयामाई गाउँपालिकामा शिक्षा शाखा तर्फ कर्मचारीको संख्या कम भएकोले शिक्षा क्षेत्र विद्यालय प्रशासनमा समस्या देखिएको छ । शिक्षकको सरुवा, बढुवा, अनुगमन, सुपरीवेक्षणमा प्रमुख प्रशासकीय अधिकृत लगायत शिक्षा शाखाका कर्मचारीले सक्रियता देखाउन जरुरी छ । शिक्षा शाखामा एक जनामात्र कर्मचारी हुँदा विद्यालय प्रशासन लगायत समग्र शैक्षिक प्रशासनको काममा समस्या देखिएको छ ।

## ४.३.२. उद्देश्यः

माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरीय शिक्षा अभिबृद्धि गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । यसलाई मूर्तरुप दिन निम्न लिखित उद्देश्यहरु समेटिएका छन ।

(क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी समतामूलक पहुँच र गुणस्तरता अभिबृद्धि गर्नु ।

(ख) विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सिकाइमैत्री र सुरक्षित बनाउनु ।

(ग) माध्यमिक शिक्षाको शासकीय र व्यवस्थापकीय पक्षमा सुधार गर्नु ।

(घ) माध्यामिक कक्षा छाड्ने प्रवृत्ति घटाइ टिकाउ दर बृद्धि गर्नु ।

(ङ) सूचना प्रविधिको विकास गरी माध्यमिक शिक्षालाई सञ्चार तथा प्रविधिमैत्री बनाउनु ।

## ४.३.३. रणनीति

विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७) ले निर्धारण गरेका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) आर्थिक समाजिक रुपले पछाडी परेको बर्ग, दलित, अपाङ्गता भएका बर्ग, निम्न आय भएका बर्ग तथा सिमान्तकृत बर्गका बालबालिका लगायत सबैको लागि माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गरिने छ ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी आवासीय सुविधा तथा विशेष सिकाइको व्यवस्था गरिने छ ।

(ग) स्थानीय तहको साँस्कृतिक, परम्परा, रीतिरिवाज तथा धार्मिक, साँस्कृतिक, पर्यटकीय अवस्थालाई समेटेर पाठ्यक्रम परिमार्जन गरिने छ ।

(घ) माध्यमिक शिक्षालाई थप गुणस्तरीय बनाउन शिक्षकहरुलाई क्षमता विकासको तालिम तथा आधुनिक प्रविधिसंग सम्बन्धित तालिमहरु सञ्चालन गराईने छ ।

(ङ) शिक्षण पद्दतिमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण कार्यलाई प्रविधिमैत्री बनाईने छ ।

(च) माध्यमिक तहमा विद्यार्थी टिकाउदर कायम राखी यसलाई निरन्तरता दिन विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

(छ) विद्यालयको शासकीय सुधार गरी व्यवस्थापकीय क्षेत्रमा सुधार गरी प्रधानाध्यापकलाई बढी उत्तरदायी बनाईने छ ।

(ज) मूल्याङ्कन पद्दतीमा समयानुकुल सुधार गरिने छ ।

(झ) प्रकोपजन्य वा संकटापन्न अवस्थामा शिक्षण सिकाईलाई निरन्तरता दिनको लागि आवश्यक योजना बनाईने छ ।

(ञ)  पाठ्यक्रमलाई व्यवहारिक, सिपमुलक र दैनिक जीवनसंग सम्बन्धित बनाउन शिक्षण सिकाईका कृयाकलापहरुमा प्रयोगात्मक अभ्यास तथा परियोजना कार्य (Project Work) तथा सामुदायिक कार्यसंग सम्बन्धित कृयाकलापहरु समावेश गरिने छ ।

(ट)  विज्ञान र गणित शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले सिकाइ अवरुद्ध भएको भए बैकल्पिक विधिबाट शिक्षण सिकाईको व्यवस्था गरिने छ ।

(ठ)  विद्यालयमा सिकाइको वातावरण बनाउन तथा विद्यालयको भौतिक र शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन स्वच्छ खानेपानीको व्यवस्था, सरसफाइ तथा मैनावारी व्यवस्थापनका सुविधा लगायतका सुविधाहरुको व्यवस्था गरी सिकाइमैत्री शिक्षक प्रणालीको व्यवस्था गरिने छ ।

(ड)  माध्यमिक तहमा विद्यमान प्राविधिक धारको पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गरिने छ।

(ढ)  स्थानीय तहमा भएको श्रम बजारको माग बमोजिम प्राविधिक शिक्षाको धारलाई परिमार्जित गरी समयानुकुल लागु गरिने छ ।

(ण)  विद्यार्थीको सिकाइ उपलब्धीको परिक्षण तथा विद्यालयको कार्यसम्पादनको परिक्षण मापदण्ड बनाइ प्रत्येक बर्ष शिक्षक, प्रधानाध्यापकलाई जवाफदेही बनाइने छ ।

(त)  माध्यमिक तहको पाठ्यक्रममा जीवनोपयोगी व्यवहारिक विषयवस्तु समावेश गरिने छ ।

### ४.३.४. उपलब्धी

(क)  माध्यमिक शिक्षामा भर्नादरमा बृद्धि हुने र विद्यालय छोड्ने प्रवृत्तिमा कमी भई सुधार आउने।

(ख)  गाउँपालिकाको आवश्यकता र श्रमबजार अनुकुलको प्राविधिक शिक्षा प्रदान गर्नमा सक्षम हुने।

(ग)  विद्यार्थीहरुमा निर्धारित शैक्षिक उपलब्धी हासिल भई सुधार आउने ।

(घ)  माध्यमिक तहमा विद्यार्थीको भर्ना र सिकाइमा हुने विभेदको अन्त्य हुने ।

(ङ)  सामाजिक आर्थिक अवस्था, अपाङ्गता, लैङ्गिक, जातिगत तथा भाषिक पृष्ठभूमिमा सिकाई उपलब्धी प्राप्त गर्न कुनै भेदभाव नहुने ।

### ४.३.५. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| १. माध्यमिक शिक्षामा विद्यार्थीको भर्नादर बृद्धि हुने र माध्यमिक शिक्षाको चक्र पुरा गर्ने दरमा बृद्धि हुने । | १. निःशुल्क रुपमा माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई भर्ना दर र टिकाउ दरमा बृद्धि हुने ।<br>२. प्रकोप संकट र महामारीजन्य अवस्थामा समेत माध्यमिक शिक्षा प्रणाली उत्थानशील हुने ।<br>३. सबै माध्यमिक विद्यालयहरुमा आधारभूत मापदण्ड पुरा हुने । | १. निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नीति, नियम, कानून र मापदण्डको व्यवस्था ।<br>२. विद्यार्थी भर्नामा सुलभता कायम गर्न विद्यालय नक्साङ्कन र समायोजनको व्यवस्था । |
| २. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा बृद्धि हुने । | १. सञ्चार र सूचना प्रविधिको प्रयोग र विस्तारमा अभिबृद्धि हुने ।<br>२. जनशक्तिको क्षमतामा विकास भई शैक्षिक गुणस्तर कायम हुने । | १. अंग्रेजी, गणित र विज्ञान जस्ता मूल विषयको सिकाई व्यवस्थापन ।<br>२. अंग्रेजी, गणित र विज्ञान जस्ता मूल विषयको शिक्षणमा अनुदानको व्यवस्था ।<br>३. आवश्यक मात्रामा बिषय शिक्षकहरुको व्यवस्था ।<br>४. प्राविधिक धारको व्यवस्था र बिस्तार ।<br>५. विद्यालयको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको व्यवस्था। |
| ३. स्थानीय तहको श्रमबजार र आवश्यकता अनुकुल प्राविधिक शिक्षा प्रदान गर्न सक्ने क्षमतामा बृद्धि हुने । | १. प्राविधिक धार अनुकुल हुने गरी पाठ्यक्रम परिमार्जन भएको हुने । | १. प्राविधिक धारको पाठ्यक्रम व्यवस्था र परिमार्जन । |

| | | |
|---|---|---|
| | २. माध्यमिक तहमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्न क्षमता विकासमा बृद्धि हुने । | २. प्राविधिक धारतर्फ जनशक्तिको क्षमता विकास कार्यक्र सञ्चालन ।<br><br>३. प्राविधिक तर्फका विद्यालयहरुमा भौतिक संरचना र प्रयोगशाला व्यवस्थापन । |
| ४. विद्यार्थीले माध्यमिक तहको शैक्षिक उपलब्धी हासिल गरी सुधार हुने । | १. भौतिक पूर्वाधारको विकास, सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको व्यवस्थामा सहजता हुने ।<br><br>२. उत्साहित जनशक्ति, भौतिक सुविधामा विस्तार, सिकाई बातावरणमा बृद्धि र विद्यार्थीको संख्यामा बृद्धि हुने। | १. शिक्षकको उचित दरवन्दी व्यवस्थापन र पदस्थापन ।<br>२. बिषय शिक्षकहरुको व्यवस्थापन ।<br><br>३. भौतिक पूर्वाधार र सिकाईमैत्री वातावरणको विकास।<br>४. सूचना प्रविधिको विकास र प्रयोगशाला व्यवस्थापन । |
| ५. लैङ्गिक, सामाजिक, आर्थिक, अपाङ्गता, पिछडा वर्ग, भाषिक, छुवाछुत आदि विभेद अन्त्य भई माध्यमिक शिक्षाको पहुँचमा बृद्धि हुने । | १. अपाङ्गता र गरिवीको रेखामुनी रहेका विद्यार्थीको पहिचान गरी आवासीय व्यवस्था गर्ने र विशेष सिकाइको प्रवन्ध गर्ने | १. गरिबी तथा अति विपन्न वर्गको विद्यार्थीको पहुँचको लागि आवासीय विद्यालय सुविधा प्रदान गर्ने ।<br><br>२. अपाङ्गताको पहिचान गरी अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने । |

## ४.४. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइः

सिकाइ मानिसको जिवपद्वतिसंग गासिएको हुन्छ यो निरन्तर चलिरहने प्रकृया हो । सिकाईको औपचारिक र अनौपचारिक गरी दुई माध्यमहरु छन् । औपचारिक शिक्षा औपचारिक शिक्षण संस्थाहरुमा प्राप्त गरिन्छ भने अनौपचारिक शिक्षा मानिसको सिप दक्षता र आय आर्जनसंग सम्बन्धित भएकोले जीवनपर्यन्त चलिरहन्छ। समाजमा व्यक्तिले वैयक्तिक तथा समाजिक विकास जिविकोपार्जन तथा रोजगारीका लागि आवश्यक ज्ञान, सिप र दक्षता अनौपचारिक शिक्षाबाट प्राप्त गर्दछ । अनौपचारिक शिक्षाले मानिसमा रोजगारी सृजना गर्ने सिपको विकास आय, आर्जन गर्ने कला र दक्षताको विकास, निरक्षरका लागि साक्षरता र साक्षरका लागि साक्षारोत्तर बनाउने कार्य गर्दछ । औपचारिक शिक्षा भन्दा भिन्न प्रकृतिको जीवन पर्यन्त शिक्षा हो जीवनपर्यन्त प्राप्त गर्ने सिकाइ कुनै निर्धारित समय, तोकिएको विधि वा कुनै माध्यममा मात्र सिमित छैन । अनौपचारिक शिक्षाले जीवनपर्यन्त सिकाइको ढोका खोल्दछ र सिकाइ सँस्कृतिको प्रबर्द्धन गर्ने रणनीति प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्दछ । विद्यालय छाड्ने बालबालिका तथा किशोर किशोरीका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्ने काम अनौपचारिक शिक्षाले गर्दछ ।

संघीय सरकारको राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पुनः साक्षर तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्मबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्देश्य निर्धारण गरेको छ ।

### ४.४.१. वर्तमान अवस्था तथा चुनौति

राष्ट्रिय जनगणना २०७८ अनुसार करैयामाई गाउँपालिकाको साक्षर र निरक्षरको जनसंख्याको स्थिति देहाय बमोजिम उल्लेख गरिएको छ ।

## तालिका नं.१३

वडा अनुसार साक्षरस्थिति

| वडा नं. | साक्षर जनसंख्या | | निरक्षर जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | |
| १ | १९६१ | ६६.३% | ९९८ | ३३.७% | |
| २ | १०९२ | ७१% | ४४७ | २९% | |
| ३ | १६९० | ६५.५% | ८९० | ३४.५% | |
| ४ | १४५८ | ६३ % | ८५७ | ३७% | |
| ५ | २३७४ | ६७.८% | ११२५ | ३२.२% | |
| ६ | १७३२ | ६६.४% | ८७७ | ३३.६% | |
| ७ | ३७६७ | ६३.७% | २१४९ | ३६.३% | |
| ८ | ३०३४ | ६२.८% | १७९५ | ३७.२% | |

स्रोत, राष्ट्रिय जनगणना-२०७८

## तालिका नं.१४

## साक्षरता सम्बन्धी विवरण

| क्र.सं. | विवरण | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | कुल जनसंख्या | १४५१४ | १४६५१ | - | २९१६५ |
| २ | ५ बर्ष माथिको जनसंख्या | १३०८९ | १३१५७ | - | २६२४६ |
| ३ | ५ बर्ष माथिको साक्षर जनसंख्या | ७२७८ | ९८२८ | - | १७१०६ |
| ४ | ५ बर्ष माथिको साक्षर प्रतिशत | ५५.८% | ७४.७% | - | |
| ५ | साक्षर-निरक्षर नखुलेको जनसंख्या | - | - | - | १२०५९ |

स्रोत, राष्ट्रिय जनगणना-२०७८

## तालिका नं.१५

## गाउँपालिकाको समग्र साक्षरता सम्बन्धी विवरण

| क्र.सं. | साक्षर पुरुष | प्रतिशत | साक्षर महिला | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३१५७ | ७४.७ | १३०८९ | ५५.६ | |

स्रोत, राष्ट्रिय जनगणना-२०७८

करैयामाई गाउँपालिकाका वडाहरु मध्ये सबै भन्दा बढी निरक्षर जनसंख्या भएको वडा नं. ८ हो। यस वडामा मा १७९५ अर्थात कुल जनसंख्याको ३७.२ प्रतिशत जनसंख्य निरक्षर छन् । यसै गरी वडा नं. ४ मा ८५७ जना अर्थात कुल जनसंख्याको ३७ प्रतिशत जनसंख्याहरु निरक्षर छन् । वडागत आधारमा हेर्दा वडाका जनताहरु घरायसी काम मेलापात र सिकाइको निरन्तरताको अभावको कारण निरक्षरको स्थिति बढेको देखिन्छ । खासगरी दलित विपन्न समुदायका प्रौढहरु, आर्थिक सामाजिक रुपले पछाडी परेको वर्ग र सिमान्तकृत वर्ग बढी निरक्षर देखिएका छन् । उक्त समुदायका जनताहरुमा शिक्षाप्रतिको उदासिनता, शिक्षाको महत्व र ज्ञानको अभाव र जीवन निर्वाहका लागि जीवनभर घरेलु काममा व्यस्त रहनु पर्ने कारणले निरक्षरताको संख्या बढेको देखिन्छ । करैयामाई गउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरु ५ वटा रहेका छन् तापनि निरक्षरताको संख्या बढी देखिएकाले सामुदायिक सिकाई केन्द्रको प्रभावकारीता बढ्न सकेको छैनन् । सामुदायिक सिकाइ केन्द्रमा निरन्तर सिकाइको लागि स्थायी संयन्त्रको अभाव, भौतिक संयन्त्रको अभाव रहेको देखिन्छ । समुदायमा सञ्चालित संघसंस्थाहरु समेत साक्षरताको अभियानमा नेतृत्व लिन सक्षम देखिएका छैन । यसर्थ साक्षरताको अभियानले प्रभावकारीता पाउन सकेको छैन । करैयामाई गाउँपालिकामा गाउँपालिकाका नीति तथा कार्यक्रममा निरक्षरता हटाई साक्षरता बढाउने कार्यक्रमहरु सञ्चालन गरिएको भएतापनि यसको प्रभावकारिता सिद्ध हुन सकेको छैन । निरक्षरता घटाइ साक्षरताका कार्यक्रमलाई प्राथमिकता दिन गाउँपालिकाले अभियान चलाउनु पर्ने देखिन्छ ।

करैयामाई गाउँपालिकाको कुल जनसंख्या २९१६५ मा ५ बर्ष माथिको साक्षर जनसंख्या महिला ७२७८ र पुरुष ९८२८ गरी कुल जम्मा १७१०६ रहेको देखिन्छ । ५ बर्षमाथिको साक्षरता प्रतिशत महिला ५५.८ र पुरुष ७४.७ प्रतिशत रहेको छ । साक्षर निरक्षर नखुलेको कुल जनसंख्या १२०५९ रहेको छ । निरक्षरता न्यूनीकरण गरी साक्षरताको संख्या अभिबृद्धि गर्न गाउँपालिकाले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ४.४.२. उद्देश्य

साक्षरतासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरी निरक्षरता न्यूनीकरण गरी साक्षरताको संख्यामा बृद्धि गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । उक्त प्रमुख उद्देश्य हासिल गर्न देहाय बमोजिमका प्रमुख उद्देश्यहरु निर्धारण गरिएको छ ।

(क) सामुदायिक सिकाइ केन्द्र जस्ता स्थायी सयन्त्र मार्फत साक्षरता र निरन्तर सिकाइका कार्यक्रमहरु संचालन गर्नु ।

(ख) निरक्षरता निर्मूल गरी साक्षर गाउँपालिका घोषणा गर्न साक्षरसंग सम्बन्धित कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गर्नु ।

(ग) आन्तरिक मुल्याङ्कन पद्दतीको विकास गरि विद्यार्थीलाई जिम्मेवार बनाई विद्यालय शिक्षा मार्फत निरक्षरता घटाउन कार्यक्रमहरु सञ्चालन गर्नु ।

(घ) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिबृद्धि गरि संस्थागत सुदृढीकरण गर्नु ।

(ङ) स्थानीयतहबाट सबै नागरिकहरुका लागि समावेशी, समतामूलक, र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

### ४.४.३. रणनीति

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्य सिकाइ हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

(क) साक्षरता अभियानलाई सफल बनाउन सरकारी संरचनामा आधारित तथा समुदायमा आधारित संघ, संस्था तथा सञ्चार माध्यमसंग समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।

(ख) सामुदायिक तथा गैरसरकारी संघ, संस्थाको सहयोगमा गाउँपालिकाका प्रत्येक वडाहरुमा कम्तिमा एक वटा सिकाइ केन्द्रहरु स्थापना गरी साक्षरतासंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ग) गैरसरकारी क्षेत्र नागरिक समाज, अभिभावक संघ, सञ्चार माध्यम र अन्य संस्थाहरुले साक्षरताका कार्यक्रम सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुदानको व्यवस्था गरिने छ।

(घ) सामुदायिक विद्यालयका कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई परिचालन गरी एक व्यक्ति एक साक्षर, व्यक्ति साक्षरता, परिवार साक्षरता, समूह साक्षरता जस्ता कार्यक्रमहरु सञ्चालन गरी निरक्षर प्रौढहरुलाई साक्षर गराईने छ । यसका आधारमा साक्षरता अभियानमा संलग्न विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन गरिनेछ ।

(ङ) परम्परागत तथा मौलिकतामा आधारित ज्ञान, सिप र प्रविधिलाई औपचारिक शिक्षासंग समकक्षता कायम गर्न गाउँपालिकामा आवश्यक कानूनी व्यवस्था गरिने छ ।

(च) पौढहरुलाई प्रभावकारी रुपमा साक्षरता सिकाइ कार्यक्रम सञ्चालन गर्न साक्षरता सहजकर्तालाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

(छ) योग्य सक्षम व्यक्तिलाई पारदर्शीता र एकरुपता कायम गरी साक्षरता सहजकर्ता छनौट गरी नियुक्ति गरिने छ ।

(ज) साक्षरता कार्यक्रमको सञ्चालन व्यवस्थापन अनुगमन निरीक्षण र प्रमाणीकरणका लागि वडा कार्यालयलाई जिम्मेवार बनाईने छ ।

(झ) सामुदायिक सिकाइ केन्द्रहरुमा सामुदायिक सूचना केन्द्र विद्युतीय पुस्तकालय जस्ता संयन्त्रको विकास गरी जीवनपर्यन्त सिकाइलाई प्रभावकारी बनाईने छ ।

(ञ) सामुदायिक पुस्तकालयलाई स्पष्ट मापदण्डका आधारमा स्थानीय सरकारबाट व्यवस्थापन गरी सबैको पहुँच पुग्ने गरी सञ्चालनको व्यवस्था मिलाईने छ ।

### ४.४.४. उपलब्धी

गाउँपालिका भित्रका सबै प्रौढ र युवाहरुलाई व्यवहारिक हिसाबले साक्षरताको सिप प्राप्त हुनुको साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा बृद्धि हुनेछ ।

### ४.४.५. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

माथि उल्लेख गरिएका रणनीतिका कार्यक्रमबाट प्राप्त हुने उपलब्धी, नतिजा तथा क्रियाकलापलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

| उपलब्धी | नतिजा | क्रियाकलाप |
|---|---|---|
| १. गाउँपालिकाका सबै युवा तथा पौढहरुले कार्यमूलक साक्षरता हासिल गरेको हुने । | १. गाउँपालिका साक्षर घोषणा हुने र नव साक्षरहरुका लागि निरन्तर साक्षरताको कार्यक्रमको प्रवर्द्धन हुने । | १. साक्षर घोषणा गर्न सबै वडामा पहल ।<br><br>२. टोलटोलमा साक्षरताका कार्यक्रम सञ्चालन । ३. |

| | | |
|---|---|---|
| २. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरु बृद्धि हुने । | २. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रम सञ्चालनका लागि गैर सरकारी तथा समुदायमा आधारित संघ संस्था तथा संञ्चार माध्यमहरुसंग साझेदारीता विकास हुने ।<br><br>३. साक्षरता कार्यक्रम सञ्चालन गर्ने कार्य विद्यार्थी मूल्याङ्कन पद्वतिसंग आबद्ध हुने ।<br><br>४. परम्परागत मौलिक ज्ञान सिपको पहिचान, संरक्षण समबर्द्धन, आधुनिकिकरण एवं हस्तान्तरण हुने ।<br><br>५. अनौपचरिक शिक्षा तथा जीपनपर्यन्त सिकाइको लागि साझेदारी प्रारुप तयार हुने ।<br><br>६. सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन भइ अनौपचरिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न स्थायी संयन्त्रको रुपमा विकास हुने ।<br><br>७. सामुदायिक सिकाइ केन्द्रको स्थापना भइ अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न स्थायी संयन्त्रको विकास भइ जीविकोपार्जन सिकाइको माध्यम बन्ने ।<br><br>८. अनौपचरिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको लागि आवश्यक संस्थागत व्यवस्था तयार भइ कार्य सञ्चालन हुने । | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाईका लागि मार्गचित्र तयारी ।<br><br>४. संघ तथा प्रदेश सकरकारबाट अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि मापदण्ड तथा निर्देशिका अनुरुप साक्षरताका कार्यक्रमहरु निरन्तर सञ्चालन गरिने ।<br>५. साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्दा सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय र सहकार्य।<br>६. कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई साक्षरता न्युनीकरणका लागि परिचालन गरिने ।<br>७. निरक्षर पौढहरुलाई साक्षरता गराए बापत विद्यार्थीको आन्तरिक मूल्याङ्कन पद्वतिमा अङ्क दिने व्यवस्था ।<br>८. सामुदायिक पुस्तकालयलाई सामुदायिक सिकाइकेन्द्रसंग आवद्ध ।<br>९. सामुदायिक सिकाई केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको उपकरण व्यवस्था ।<br><br>१०.सामुदायिक सिकाइ केन्द्रमा रहेका संयोजक तथा सहसंयोजकको सिकाइ व्यवस्था । |

| | | |
|---|---|---|
| | ९. गाउँपालिकामा निरक्षरता न्युनीकरण भइ साक्षर गाउँपालिका घोषणाको आधार तयार हुने ।<br><br>१०. साक्षरता सहजकर्ताको नियुक्ति र छनौटमा पारदर्शीता कायम भइ योग्य व्यक्ति छनौट हुने । | ११. प्रत्येक वडामा एकएक वटा सिकाइ केन्द्रको व्यवस्था।<br><br>१२. अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा कार्यक्रमको नियमित अनुगमन निरीक्षण गरी पृष्ठपोषण लिने कार्यको लागि जिम्मेवारी तोक्ने । |

## ४.५. पाठ्यक्रम तथा मूल्याङ्कन

बालबालिकाहरुको ज्ञान, सिपको अभिबृद्धि गरी सिकाइका विषयहरु, शिक्षण सिकाइका क्रियाकलाप, मूल्याङ्कन र सिकाइ उपलब्धीको प्रारुप तयार गर्दै बालबालिकाको शारीरिक, सामाजिक सम्वेगात्मक, संज्ञानात्मक तथा बौद्धिक लगायत चौतर्फी विकास गर्दै औपचारिक शिक्षा पद्दतिको लागि मार्गदर्शन गर्ने माध्यम पाठ्यक्रम हो । पाठ्यक्रममा सिकाइका विषयवस्तुहरु, सिकाइका क्रियाकलाप, अपेक्षित सफलता र सिकाइको सुनिश्चितता गरी आवश्यक पृष्ठपोषणका साथै मूल्याङ्कनको बारेमा उल्लेख भएको हुन्छ । पाठ्यक्रमले सिकाइको निश्चित दिशा निर्धारण गर्नुकासाथै सामाजिक बनौट र सँस्कृतिको संरक्षण गर्दै बालबालिकाको रुची, सामाजिक मूल्य मान्यता, मानवीय आवश्यकता, समाज र विश्वपरिवेशमा विकसित ज्ञान सिप तथा प्रविधि अनुकुल सिकाइको निश्चित गति र दिशा निर्धारण गर्दछ ।

शिक्षा नियमावली २०५९ को नियम ३१ बमोजिम विद्यालयस्तरको पाठ्यक्रम र पाठ्यपुस्तक नेपाल सरकारबाट स्वीकृत गरी लागु गर्ने व्यवस्था गरिएको छ । विद्यालयस्तरको पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन गर्ने सन्दर्भमा नीति निर्धारण गर्नको लागि शिक्षामन्त्रीको अध्यक्षतामा १७ सदस्यीय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद रहने व्यवस्था छ । उक्त परिषदले विद्यालयमा लागु गर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने, पाठ्यक्रम निर्माणको लागि आवश्यकता अनुसार विषय समिति वा उपसमित गठन गर्ने, पाठ्यपुस्तक स्वीकृति गर्न नेपाल सरकार समक्ष पेश गर्ने, पाठ्यक्रम परिमार्जनको नीति तथा प्रक्रिया स्वीकृत गर्ने, पाठ्यक्रम लेखन स्वीकृति तथा प्रयोग सम्बन्धमा नीति निर्धारण गर्ने, पाठ्यपुस्तक लेखन सम्बन्धमा पारिश्रमिक र वितरण सम्बन्धमा कार्यनीति निर्धारण गर्ने, पाठ्यक्रम विकास तथा गुणस्तर सम्बन्धी आवश्यक काम गर्ने, पाठ्यसामाग्री तथा पाठ्यपुस्तकको सूची स्वीकृत गर्ने जस्ता कार्यहरु गर्दछ ।

### ४.५.१. वर्तमान अवस्था र चुनौति

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लागु भए पश्चात सो प्रारुपलाई कार्यान्वयन गर्न वि.सं.२०७७ साल देखि कक्षा १ देखि ११ सम्म नयाँ पाठ्यक्रम लागु भएको छ । कक्षा ११-१२ को

नयाँ पाठ्यक्रम २०८० को अन्त्यसम्ममा देशैभरी लागु गरिएको छ । कक्षा १-३ मा व्यवहारिक र जीवनोपयोगी सिपहरु समावेश गरी पाठ्यक्रमलाई प्रभावकारी र सान्दर्भिक बनाइएको छ। कक्षा १-३ पाठ्यक्रम र विषयवस्तुहरु स्थानीय परिवेश र दैनिक जीवनसंग सम्बन्धित गराई सिकाइ क्रियाकलापलाई व्यवहारिक र जीवनोपयोगी बनाउनु पर्ने व्यवस्था गरिएको छ । अन्य कक्षाका पाठ्यक्रमहरु पनि क्रमिकरुपमा सञ्चालनमा आएका छन् ।माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य तथा ऐच्छिक रुपमा प्राविधिक धारका विषयहरु समावेश गरिएको छ।माध्यमिक तहको पाठ्यक्रममा विद्यार्थीहरुलाई नागरिकताको शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेशा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने तथा उच्च शिक्षाको तयारीको आधारको रुपमा राखिएको छ । विद्यालय तहको पाठ्यक्रममा विषयवस्तु र सिकाइ क्रियाकलापको धार पाठ्यघण्टामा निर्धारण गरिएको छ।

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइलाई सहजीकरण गरी स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ । यसले कक्षा कोठामा प्रयोग गर्ने भाषा र सिकारुको घरमा बोल्ने भाषा बीच तादाम्यता गर्दछ । विद्यालय शिक्षा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरेबमोजिम कक्षा ४ देखि ८ सम्म मातृ भाषा स्थानीय भाषाको पाठ्यक्रम तयार गर्नुपर्ने सोको लागि स्थानीय विज्ञ र अभिभावकको सहयोगमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त प्रारुप योजनाले तयार गरे बमोजिमको व्यवस्था करैयामाई गाउँपालिकाले हालसम्म गर्न सकेको छैन । स्थानीय तहले मातृ भाषा स्थानीय भाषामा पाठ्यक्रम/पाठ्यसामाग्री तयार गरी लागु गर्नुपर्ने व्यवस्था भएपनि करैयामाई गाउँपालिकामा यस्तो भएको पाइदैन । प्रस्तुत योजना करैयामाई गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना तयार भएपश्चात स्थानीय तहको आवश्यकता र परिवेशलाई समेटेर कार्यक्रमहरु तयार गर्ने अपेक्षा गरिएको छ ।

पाठ्यक्रम र मूल्याङ्कन सन्दर्भमा केही चुनौति/समस्याहरु पनि देखा परेका छन् । शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा विद्यार्थी मूल्याङ्कनलाई प्रयोग गर्न नसक्नु, निरन्तर मूल्याङ्कन पद्दतिले सार्थकता पाउन नसक्नु, सिकाइलाई शिक्षण क्रियाकलापको रुपमा निरन्तर पृष्ठपोषण हुन नसक्नु, परीक्षालाई मात्र मूल्याङ्कनको साधनको रुपमा अपनाउने जस्ता समस्या र चुनौतिहरु विद्यमान छन् ।

पाठ्यक्रमको प्रयोग र कार्यान्वयनले सिकारुमा अर्थपूर्ण रोजगारीको अवसर सृजना हुन नसकेको, माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा समस्या देखिएको, स्थानीय श्रम बजारको माग अनुरुप प्राविधिक शिक्षा दिन नसकिएको जस्ता समस्या र चुनौतिहरु समेत गाउँपालिकामा विद्यमान छन् । कक्षा १ देखि ९ सम्म शिक्षा निःशुल्क र पाठ्पुस्तक निःशुल्क र सर्वसुलभ वितरण गर्ने सरकारको नीति रहेको छ । सामुदायिक विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका पाठ्यक्रमहरु लागु गर्ने गरेका छन् । निजी विद्यालयले भने निजी क्षेत्रबाट प्रकाशित पाठ्यसामाग्रीहरु प्रयोग गर्ने गरेका छन् । सरकारले पाठ्यक्रम विकास केन्द्रले तोकेका पाठ्यसामाग्री तथा निजी क्षेत्रका पाठ्यसामाग्री समेत प्रयोग गरी बहु पाठ्यपुस्तकको

नीति लिएको भएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयन हुन सकेको छैन । सरकारी पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तकहरु सर्वसुलभ रुपमा मुद्रित र वितरण हुन नसक्नु जस्ता समस्या पनि विद्यमान छन् ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि ३ सम्मका मुख्य विषयहरुमा र कक्षा १ देखि ५ सम्मका विभिन्न विषयमा मातृ भाषामा पाठ्यपुस्तक तयार गरी वितरण गर्दै आएको छ । मातृ भाषाको पाठ्यक्रम र पाठ्यसामाग्री तयार गर्न सम्बन्धित विज्ञ जनशक्तिको अभाव र स्रोतसाधनको कमी जस्ता चुनौतिहरु पनि देखा परेका छन् । पाठ्यपुस्तकको प्रकाशनमा गुणस्तरता कायम गरी समयमै वितरण गर्ने, बहुपाठ्यपुस्तकको नीति कार्यान्वयन गर्ने, शिक्षक निर्देशिका पुस्तक समयमै मुद्रित गरी वितरण गर्ने र विद्युतीय सामाग्रीको प्रयोग गरी शिक्षण सिकाइ गर्नु पर्ने जस्ता समस्याहरु पनि विद्यमान छन । अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गको प्रकृति अनुसार पाठ्यक्रम तयार गर्नु पनि आजको चुनौति बनेको छ।

## ४.५.२.उद्देश्यः

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको कर्यान्वयनलाई सुनिश्चित गर्न पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख उद्देश्य रहेको छ । यो प्रमुख उद्देश्य पुरा गर्न देहाय बमोजिमको उद्देश्यहरु समावेश गरिएको छ ।

१. नेपाल सरकारद्वारा स्वीकृत गरी जारी गरीएको सबै तह तथा सबै कक्षाको विद्यालय शिक्षाको पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।
२. पाठ्यक्रम बमोजिमको पाठ्यसामाग्री बालबालिकाको आवश्यकतासंग मेल खाने तथा समय सान्दर्भिक विषयवस्तुलाई आवद्ध गरी सिकाइ क्रियाकलापहरु सञ्चालन गरिने ।
३. वर्तमान परिवेश सुहाउदो ज्ञान, सिप र व्यवहार उपयोगी हुने गरी बहु पाठ्यपुस्तक नीति अवलम्बन गर्न ।
४. शिक्षण तथा सिकाईसंग निर्माणात्मक मूल्याङकन पद्दति आबद्ध गरी सिकाइलाई सुधार गर्नु पर्ने।
५. स्थानीय सँस्कृति तथा साँस्कृतिक सम्पदाका साथै ज्ञान, सिप र प्रविधिमा आधारित पाठ्क्रम र पाठ्यपुस्तक तर्जुमा गरी कार्यान्वयन गरिने ।

### ४.५.३. रणनीति

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

१. विद्यालय शिक्षा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम पाठ्यक्रमको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
२. गाउँपालिकाका विद्यालयहरुमा बहुपाठ्यपुस्तक नीति अवलम्बन गर्ने ।
३. सम्बन्धित शिक्षक तथा सरोकारवालाको सहभागिता र अपनत्व स्वीकार गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने ।
४. बहुभाषामा आधारित कक्षा शिक्षालाई प्राथमिकता दिने ।
५. शिक्षक निर्देशिका पुस्तिका, श्रोत, सामाग्री, सन्दर्भ सामाग्री, सिकाइ समाग्री र अध्ययन समाग्रीको प्रयोगलाई उचित प्राथिमिकता दिने ।
६. प्रारम्भिक कक्षाका पाठ्यसामाग्रीहरुलाई स्थानीय तहमा बोलिने मातृ भाषामा छपाई गरी प्रयोगमा ल्याइने ।
७. सामुदायिक विद्यालयमा प्रविधिको ज्ञान, सिपमा विस्तार गर्न सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने।
८. विद्यालयमा लिइने परीक्षा प्रणालीलाई सुधार गरिने र माध्यमिक तहको अन्त्यमा हुने परीक्षालाई बढी मर्यादित बनाईने ।
९. पाठ्य समाग्रीको विकास प्रयोग मातृ भाषामा गरी यसको प्रभावकारीता बृद्धि गर्ने ।
१०. अपाङ्गताको प्रकृति अनुसार सिकाइ पाठ्यसामाग्रीको उत्पादन गरी प्रयोगमा ल्याइने ।
११. निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई प्रयोगमा ल्याई परीक्षा प्रणालीमा सुधार ल्याइने ।

### ४.५.४ उपलब्धी

(क) सबै विद्यालयहरुमा सामाजिक र नागरिक क्षमताको अभिबृद्धि हुने ।
(ख) सूचना तथा प्रविधिको विकास भइ सिकाई पद्दतिमा विकास हुने ।

### ४.५.५ उपलब्धी, नतिजा र क्रियाकलाप

| उपलब्धी | नतिजा | क्रियाकलाप |
|---|---|---|
| १. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको प्रभावकारी मूल्याङ्कन पद्दतिको कार्यान्वयन हुने र शिक्षण सिकाइमा सुधार हुने । | १. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।<br>२. सूचना प्रविधिमा आधारित पाठ्यक्रमहरु निर्माण हुने ।<br>३. बहुपाठ्यपुस्तक नीति प्रयोगमा आउने । | १. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रम अध्यावधिक ।<br>२. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम नमुना पाठ्यपुस्तक |

| | | |
|---|---|---|
| | ४. मुल्याङ्कन पद्दतीमा सुधार आइ यसलाई शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरिने ।<br>५. पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने ।<br>६. प्रारम्भिक कक्षाहरुमा बहुभाषाको प्रयोग भई सिकाइमा सुधार आउने ।<br>७. अपाङ्गताको प्रकृति अनुसार पाठ्यसामाग्रीको विकास भइ अपाङ्गमैत्री पाठ्यक्रम तयारी हुने ।<br>८. स्थानीय सिप र समुचित प्रविधिको प्रयोग विद्यालय शिक्षामा हुने ।<br>९. आधारभुत तहमा स्थानीय पाठ्यसामाग्री लागु हुने । पाठ्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन भई परिमार्जन गर्न सहज हुने ।<br>१०. आवधिक परीक्षाको नतिजा विश्लेषण प्रकाशन र प्रबोधिकरण हुने ।<br>११. आधारभुत तहमा मातृ भाषामा पाठ्यपुस्तक तयारी हुने ।<br>१२. मूल्याङ्कनको नतिजा अक्षराङ्क पद्दतिमा हुने । | विकास, परिक्षण, सुधार तथा प्रकाशन ।<br>३. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरुप निर्मित तहगत पाठ्यक्रमको कार्यान्वयन अनुगमन र सुपरिवेक्षण ।<br>४. शिक्षक निर्देशिकाको प्रयोग र विकास ।<br>५. पाठ्यक्रम तथा पाठ्य समाग्रीमा प्रबोधिकरण।<br>६. पाठ्यक्रम तथा पाठ्य समाग्री सम्बन्धी अभिमुखिकरण।<br>७. बिद्यालयमा बहुपाठ्यपुस्तक नीति कायम ।<br>८. निरन्तर तथा निर्माणात्मक निर्देशन सम्बन्धी निर्देशिका विकास ।<br>९. निःशुल्क पाठ्यपुस्तक अनुरुप निकासा तथा उपलब्धता ।<br>१०. परीक्षा प्रणालीमा सुधार। प्रश्नपत्र बैंकको विकास तथा स्तरीकरण।<br>११. स्थानीय पाठ्यक्रमको विकास परीक्षण र कर्यान्वयन ।<br>१२. नयाँ पाठ्यक्रममा आधारित शिक्षक क्षमता विकास तालिम।<br>१३. माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको विकास । |

| | | |
|---|---|---|
| | | १४. स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको विकास ।<br><br>१५. सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससंग आबद्ध गरिने।<br><br>१६. प्राविधिक धारको शिक्षाको लागि मापदण्ड तथा निर्देशिका विकास।<br><br>१७. अपाङ्गता भएका विद्यार्थीको लागि अपाङ्गताको प्रकृति अनुसार शिक्षण सामाग्री निर्माण ।<br><br>१८. समावेशी पाठ्यसामग्रीको विकास।<br><br>१९. बहुपाठ्यपुस्तक नीति कार्यान्वयन ।<br><br>२०. पाठ्यसामाग्रीको लैङ्गिक, अपाङ्ग, सांस्कृतिक तथा समाजिक रुपले समिक्षा ।<br><br>२१. पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन । |

## ४.६. शिक्षक व्यवस्थापन, विकास र पेशागत सहायता

शिक्षाको विकास र विद्यार्थीको सिकाइमा शिक्षकको ठूलो भूमिका रहन्छ । शिक्षाको गुणस्तरमा सुधार गर्न योग्य, दक्ष, उत्प्रेरित, समर्पित र जवाफदेही शिक्षकको आवश्यकता पर्दछ । सक्षम, कुशल र दक्ष शिक्षकले विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउछ । यसैले शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी छ ।नेपालमा विश्वविद्यालय तथा विद्यालयहरु (कक्षा ११ र कक्षा १२) ले शिक्षक उत्पादन गर्ने कार्य गर्दछन् । शिक्षक पदपूर्ति गर्ने काम स्वतन्त्र शिक्षा सेवा आयोगले गर्दछ । शिक्षा सेवा आयोगले शिक्षकको अनुमति पत्रको लागि परीक्षाहरु सञ्चालन गरी अनुमतिपत्र दिने, रिक्त दरवन्दीमा विज्ञापन गरी पदपूर्ति गर्ने काम गर्छ । अस्थायी तथा राहतका शिक्षकको नियुक्ति गर्ने स्थानीय तहले गर्दै आएका छन्, शिक्षकको वृत्ति विकास र पेशा सम्बन्धी नीति निर्धारण गर्ने कार्य शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दछ भने शिक्षकलाई दक्ष बनाउन पाठ्क्रम तयार गर्ने काम शिक्षा तथा मानव श्रोत विकास केन्द्रले गर्दै आएको छ । शिक्षकको क्षमता विकास तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

### ४.६.१. वर्तमान अवस्था र चुनौति

शिक्षाको गुणस्तर कायम गरी व्यवस्थापकीय सुधार गर्न योग्य तथा सक्षम शिक्षक छनौट हुन आवश्यक छ। छनौट भएका शिक्षकहरुमा पेशागत विकास तथा सहयोग प्राप्त हुनु आवश्यक छ । शिक्षण पेशालाई मर्यादित बनाउन बौद्धिक तथा तिक्ष्ण बुद्धि भएका मेहनती व्यक्तिहरुलाई शिक्षकमा छनौट गर्न आवश्यक छ । पेशामा प्रवेश गरेका शिक्षकहरुको योग्यतालाई आवधिक रुपमा परीक्षणका आधारमा पुनरावलोकन गरी सक्षमता निर्धारण गर्न जरुरी छ । यसका लागि नयाँ पाठ्यक्रमको विकास गरी तालिम सञ्चालन गर्न जरुरी छ । शिक्षकहरुमा प्रयोगात्मक तथा शैक्षिक सिपको अभाव देखिनु, विषयगत ज्ञान र दक्षताको अभाव देखिनु जस्ता समस्याहरु देखिएका छन् ।

शिक्षकहरु थरिथरिका छन् त्यसैले तिनीहरुको सेवा सुविधा पनि फरक फरक छ । शिक्षकको मुल्याङ्कन र बढुवा विद्यार्थीको सिकाइसंग आवद्ध गरी हुनुपर्नेमा हुन सकेको छैन । विश्वविद्यालयमा उत्कृष्ठ अङ्क ल्याउने व्यक्तिलाई सिधै शिक्षक पेशामा नियुक्ति गर्नु पर्नेमा सो हुन सकेको छैन । शिक्षक हुनका लागि अध्यापन अनुमति पत्र लिनु पर्ने, आयोगबाट सञ्चालित परीक्षा पास गरेको हुनुपर्ने तथा बढुवा हुन निश्चित मापदण्ड पुरा गरेको हुनु पर्ने जस्ता प्रावधानहरु छन् । स्थायी नियुक्ति गर्ने परीपाटीले शिक्षक पेशामा आकर्षण देखिएतापनि स्थायित्व पाउन सकेको छैन । अस्थायी, राहत तथा निजी श्रोतका शिक्षकहरुको नियुक्ति र व्यवस्थापनमा निश्चित मापदण्डको जरुरी छ । सेवानिवृत्त शिक्षकहरुलाई निश्चित कानूनी मापदण्ड बनाएर उपयोग गर्नुपर्नेमा सो हुन सकेको छैन । हाल सञ्चालित शिक्षा तथा मानव विकास

केन्द्रले शिक्षकको पेशागत विकास कार्यक्रमको मापदण्ड निर्धारण गर्ने, तालिमको पाठ्यक्रम विकास गर्ने तथा प्रशिक्षक प्रशिक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । प्रदेश शिक्षा तालिम केन्द्रले पनि शिक्षकको क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्दै आएको छ । शिक्षकहरुको शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न जरुरी छ यसका लागि विद्यार्थीको नतिजा र अन्य कार्य पक्षका आधारमा शिक्षको कार्य सम्पादान गर्न जरुरी छ । आधारभुत तथा माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षकहरुको नियुक्ति गर्नु उत्तिकै चुनौती रहेको छ । शिक्षक व्यवस्थापनमा देखिएका केही कमीकमजोरीहरु सुधार गरी गुणस्तरमा सुधार गर्न बहुकक्षा शिक्षण प्रणाली लागु गर्नुपर्ने देखिएको छ । शिक्षक विद्यार्थी अनुपात अनुसार दरवन्दी कायम गर्नुपर्ने, अपाङ्गता भएका बालबालिकाको सिकाइमा विशेष व्यवस्था गर्नुपर्ने, विज्ञान, अग्रेजी र गणित मुल विषयहरुमा शिक्षकको दरवन्दी थप गर्नुपर्ने आवश्यकता देखिएको छ ।

करैयामाई गाउँपालिकामा प्राथमिक तर्फ ५० दरवन्दी, निम्न माध्यमिक तर्फ ९ दरवन्दी, माध्यमिक तर्फ ९ दरवन्दी, उच्च माध्यमिक तर्फ १६ गरी जम्मा ७४ दरवन्दी रहेका छन । यसै गरी प्राथमिकमा २०, निम्न माध्यमिकमा २, माध्यमिकमा ४, उच्च माध्यमिकमा ४ गरी ३० शिक्षक राहतमा रहेका छन् । शिक्षक अनुदान तर्फ निम्न माध्यमिकमा २ माध्यमिकमा ६ गरी ८ दरवन्दीहरु रहेका छन् । समग्ररुपमा भन्नुपर्दा गाउँपालिका भरी प्राथमिक शिक्षक ७०, निम्न माध्यमिक १३, माध्यमिक १९, उच्च माध्यमिक १० गरी जम्मा ११२ जना शिक्षकहरु कार्यरत रहेका छन । श्रेणीगत आधारमा भन्नु पर्दा प्राथमिक तह द्वितिय श्रेणी ९, तृतीयमा ३५, अस्थायी ८, राहत २० गरी जम्मा ७२ जना कार्यरत छन् ।यसैगरी निम्न माध्यमिक तर्फ श्रेणीगत शिक्षक विवरण तृतीय श्रेणी ९ जना, राहत २ जना गरी जम्मा २१ जना कार्यरत छन् । यसैगरी माध्यमिक विद्यालय तर्फ द्वितीय श्रेणीमा २, तृतीय श्रेणीमा ५, राहत तर्फ ४ गरी जम्मा ११ जना शिक्षकहरु कार्यरत छन् । यसै गरी उच्च माध्यमिक तर्फ द्वितीय श्रेणीका १० शिक्षक कार्यरत छन् । जसमा प्राविधिक दरवन्धी समेत समावेश गरीएको छ ।

गाउँपालिकामा रहेका शिक्षकहरुको दरवन्दीमा राहतको कोटा अपर्याप्त रहेको देखिएको छ । शिक्षकहरुको दरवन्दी मिलान विद्यार्थी संख्याको अनुपातमा हुनुपर्नेमा सो हुन सकेको छैन । गउँपालिकामा बढी विद्यार्थी भएका विद्यालयमा कम विद्यार्थी भएका विद्यालयबाट शिक्षक दरवन्दी पुनर्वितरण गर्नुपर्ने देखिएको छ । गाउँपालिकाको निजी श्रोतमा धेरै विद्यार्थी भएका विद्यालयमा स्वयंसेवक शिक्षक परिचालन गर्नु पर्ने जरुरी देखिएको हुँदा यसतर्फ गाउँपालिकाले बजेट विनियोजन गर्नुपर्ने अवस्था देखिएको छ । यसैगरी शिक्षकहरुको पेशागत सुधारगरी शिक्षण पेशालाई बढी प्रभावकारी बनाउन क्षमता विकास तालिम तथा शिक्षण सहायता प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । शिक्षकले शिक्षण सिकाइमा कति समय विताउछन वा कति समय खर्च गर्दछन भन्ने कुरा एकिन गरी शिक्षकको कार्य दक्षताको मूल्याङ्कन गर्न शिक्षक समयावधि कार्यान्वयन कार्यविधि तयार गरी कार्यान्वयन गर्न जरुरी छ । शिक्षकले शिक्षण कार्यमा गरेको असल अभ्यासको प्रचारप्रसार तहगत रुपमा लागु भइ कार्यान्वयन भएको पाठ्यक्रमको अनुगमन

गर्न जरुरी छ । गाउँपालिका भरी विषयगत शिक्षकको समूह बनाइ परिचालन गर्न जरुरी छ । कक्षा अवलोकन छलफल जस्ता विषयहरुमा नियमित अनुगमन गरी पृष्ठपोषण गर्न जरुरी देखिएको छ । आफ्नो पेशामा उत्कृष्टता कायम गर्ने दक्ष, योग्य तथा समर्पित शिक्षकलाई प्रोत्साहित गर्न जरुरी छ ।

## ४.६.२. उद्देश्य

करैयामाई गाउँपालिकाले विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पश्चात शिक्षकको पेशागत दक्षता तथा व्यवस्थापनका लागि देहायका उद्देश्यहरु निर्धारण गरेको छ ।

१. योग्य शिक्षकको छनौट, नियुक्ति र पदस्थापनलाई बढी पारदर्शी र प्रतिस्पर्धी बनाउने ।

२. शिक्षकको तालिम र वृत्ति विकास मार्फत दक्ष तथा सक्षम शिक्षकहरुलाई पेशाप्रति आकर्षित गर्न र टिकाईराख्न आवश्यक व्यवस्था गर्ने ।

३. शिक्षकहरुलाई प्राज्ञिक दक्षता, पेशागत ज्ञान, विषयगत ज्ञान, शिक्षण सिप तथा आधुनिक सूचना प्रविधिको प्रयोग गर्न सक्षम बनाउने ।

४. विद्यार्थी सिकाईप्रति जवाफदेही हुने पद्दतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको व्यवस्था गर्ने ।

५. शिक्षक प्रोत्साहन कार्यक्रम मार्फत शिक्षकलाई समर्पित र अभिप्रेरित गर्ने ।

६. विषयगत शिक्षकको समूहमार्फत शिक्षण सिकाइ सम्बन्धी अनुभवको आदान प्रदान गर्ने ।

७. शिक्षकको वृत्ति विकासका अवसरहरु सुधार गरी विद्यार्थी मूल्याङ्कन पद्दति लागु गर्ने ।

## ४.६.३. रणनीतिहरु

गाउँपालिकाको विद्यालय क्षेत्र विकास योजनाले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिने छ ।

१. शिक्षकको पेशागत प्रणालीमा सुधार गर्न विषयगत शिक्षकको संजाल मार्फत अनुभव आदान प्रदानको व्यवस्था मिलाउने र शिक्षक केन्द्रित कार्यक्रमहरु लागु गर्ने ।

२. सरकारले लागू गरेको विद्यालय शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. तहगत र विषयगत शिक्षकहरुको दरवन्दी मिलान र पुनर्वितरण गर्ने ।
४. प्रदेश शिक्षक तालिम केन्द्र मातहत स्थानीय तहमा शिक्षकको तालिमहरु सञ्चालन गर्ने ।
५. आवश्यकता र औचित्यताको आधारमा स्वयंसेवक शिक्षकहरुको व्यवस्था गर्ने ।
६. गाउँपालिकाको सहयोगमा शिक्षकहरुलाई अल्पकालीन पुनर्ताजगी तालिम र पेशागत तालिम सञ्चालन गरी शिक्षण दक्षता अभिवृद्धि गर्ने ।
७. लैङ्गिकता, समावेशीता, समता र अपाङ्गता जस्ता मुद्दाहरु सम्वोधन गर्न सक्ने शिक्षकहरुमा क्षमताको विकास गर्ने ।
८. शिक्षकहरुको क्षमता विकासको लागि प्रदेश र संघीय सरकारसंग समन्वय गर्ने ।
९. राहत र अस्थायी शिक्षकको छनौट प्रकृयामा निस्पक्षता र समावेशीता कायम गर्ने ।
१०. शिक्षण सिकाइ सामाग्री प्रयोगशाला जस्ता क्षेत्रमा अनुदानको वृद्धि गर्ने ।
११. शिक्षक सरुवा तथा पदस्थापनमा निस्पक्षता कायम गर्ने ।
१२. शिक्षकहरुको अभिप्रेरित र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१३. शिक्षकहरुलाई विद्यार्थी केन्द्रित र नतिजाप्रति जवाफदेही बनाउनुको साथै उपस्थिति नियमितता तथा कार्य सम्पादनमा सुधार ल्याउने ।
१४. प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थी सिकाइ सुधारसंग आवद्ध गर्ने ।
१५. शिक्षकहरुको सेवा, सुविधा सर्त सम्बन्धी व्यवस्थालाइ पुनरावलोकन गरी समायानुकुल परिमार्जन गर्ने।

## ४.६.४. उपलब्धी

(क) गाउँपालिकाका विद्यालयका शिक्षकहरु योग्य, सक्षम र तालिम प्राप्त हुने ।

(ख) शिक्षकहरु पेशाप्रति उत्साहित, प्रतिबद्ध तथा कार्य सम्पादनप्रति जवाफदेही हुने ।

## ४.६.५. उपलव्धी, नतिजा र क्रियकलाप

माथि उल्लेखित रणनीतिहरुबाट देहाय अनुसारको उपलव्धी, नतिजा र मुख्य क्रियाकलाप सहित लक्ष्यको रुपरेखा दिइएको छ ।

| उपलब्धी | नतिजा | क्रियाकलाप |
|---|---|---|
| १. गाउँपालिकाका विद्यालयहरुमा आवश्यक संख्यामा योग्य तालिम प्राप्त सक्षम उत्साही, | १. गाउँपालिकाका शिक्षकहरुले पेशागत सहयोग प्राप्त गर्ने । | १. योग्य विद्यार्थी शिक्षण पेशामा प्रवेश गराउने व्यवस्था ।<br>२. शिक्षा सेवा आयोगको क्षमतामा सुदृढीकरण । |

| | | |
|---|---|---|
| पेशा प्रति प्रतिबद्ध तथा कार्य सम्पादन प्रति जवाफदेही हुने। | २. सरकारद्वारा स्वीकृत गरी लागु गरिएको पाठ्यक्रमको सहज रुपमा कार्यान्वयन हुने ।<br>३. शिक्षकको वृत्ति विकास भइ योग्य, सक्षम शिक्षक तयार हुने ।<br>४. शिक्षक विद्यार्थीको अनुपातमा तहगत विषयगत शिक्षक आपुर्ति गरिने ।<br>५. शिक्षकको उपस्थिति शिक्षण विधि र कार्यसम्पादनमा सुधार आउने ।<br>६. शिक्षक छनौट र नियुक्ति प्रकृयामा पारदर्शीता र निस्पक्षता कायम हुने ।<br>७. स्वयंसेवक शिक्षक मार्फत शिक्षकको अभाव कम हुने ।<br>८. शैक्षिक सामाग्रीको व्यवस्था हुने ।<br>९. गाउँपालिकामा शिक्षक पेशागत सहयोग प्रणाली स्थापना हुने ।<br>१०.नियमित अनुगमन मार्फत शिक्षक सिकाइमा सुधार आउने । | ३. अस्थायी तथा राहात शिक्षकको नियुक्ति प्रतिस्पर्धी र पारदर्शी ।<br>४. शिक्षकको दरवन्दी मिलान शिक्षक र विद्यार्थीको अनुपातको आधारमा।<br>५. स्वयंसेवक शिक्षकको परिचालन गरी शिक्षकको अभावपूर्ति<br>६. शिक्षकको पदस्थापन, सरुवा, बढुवा, मूल्याङ्कन तथा सेवा, सुविधा सर्त, सम्बन्धी मापदण्ड निर्धारित ।<br>७. नवनियुक्त शिक्षकको लागि सेवा प्रवेश तालिम ।<br>८. शिक्षकको उपस्थिति र नियमितताको अनुगमन र पृष्ठपोषण।<br>९. शिक्षक सामग्रीको आवश्यक व्यवस्था।<br>१०.विषयगत शिक्षक समूह गठन र परिचालन ।<br>११.पेशागत शिक्षण सहयोग सञ्जाल गठन र त्यसको कार्यविधि निर्धारण।<br>१२.समग्र विद्यालयमा स्थानीय तह र प्रधानाध्यापकबाट नियमित रुपमा कक्षा अवलोकन र सुपरिवेक्षण ।<br>१३.स्थानीय तहका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखाका कर्मचारीबाट नियमित रुपमा अनुगमन।<br>१४.अनिवार्य शिक्षक क्षमता विकास प्रशिक्षण तालिम संचालन । |

# परिच्छेद-५

# अन्तर सम्बन्धित बिषय तथा क्षेत्र

यस परिच्छेदमा विद्यालयसंग सरोकार राख्ने अन्तर सम्बन्धी बिषय तथा क्षेत्रहरुको बारेमा चर्चा गरिएको छ । शिक्षामा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्वपूर्ण विषयहरुलाई विषय क्षेत्रका रणनीतिको बारेमा चर्चा गरिएको छ । यस परिच्छेदमा चर्चा गरिने अन्तर सम्बन्धित बिषय क्षेत्रहरु पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीता, विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विद्यालयको पूर्वाधार विकास रहेका छन् ।परिच्छेद ४ मा उल्लेख भएका विषय तथा क्षेत्रहरुसंग अन्तर सम्बन्धित यी विषय क्षेत्रहरु प्राथमिकताका साथ यस परिच्छेदमा विश्लेषणात्मक रुपमा चर्चा गरिएको छ । यस परिच्छेदमा चर्चा गरिने विषयहरु विद्यार्थीको सर्वाङ्गिण विकासको लागि दिवा खाजा, पोषण, स्वास्थ्य, स्वच्छ पिउने पानी, सरसफाइ तथ सुरक्षाको बारेमा विस्तृत रुपमा चर्चा गरिने छ । अन्तर सम्बन्धित बिषय क्षेत्रहरुमा प्रत्येक विषयको अवधारणा विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धी तथा मुख्य क्रियाकलापका बारेमा चर्चा गरिने छ ।

## ५.१. समतामूलक पहुँच र समावेशीकरण

नेपालमा मातृभाषी समुदाय, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय, आर्थिक तथा सामाजिक रुपले पछाडि परेको वर्गको शिक्षामा पहुँच, सहभागिता, कमजोर छ र नतिजापनि उनिहरुको लागि न्युन छ । विद्यालयमा कुनै किसिमको अवरोध विना सहज रुपमा विद्यालयमा प्रवेश गर्नु शिक्षाको पहुँच र सहभगिता सुनिश्चित गर्नु हो । यसैगरी बालबालिकाक लागि भय रहित सुरक्षित वातावरण हुनु आवश्यक छ । विभेदका विभिन्न तत्वहरु जातजाति, लिङ्ग, स्थान, सामाजिक आर्थिक अवस्था, छुवाछुत जस्ता कुरालाई हटाइ सबैको समान पहुँच र सहभागिता सुनिश्चित गर्नु जरुरी छ । यस परिच्छेदमा समता, समावेशीता र सम्मान अभिबृद्धि गरी सबैको पहुँच कायम गरी जातियता, भाषिक लैङ्गिक, अपाङ्गता, विपन्न, संकटापन्न परिस्थितिको कारण शिक्षामा पछि परेकोले उक्त विभेदलाई हटाइ समानता र समावेशीता अभिबृद्धि गर्नुपर्ने बारेमा चर्चा गरिएको छ । सबैको पहुँच र सहभागिता सुनिश्चित गरी शिक्षामा सुधार गर्दै गुणस्तर कायम गर्नुपर्ने देखिन्छ ।

### ५.१.१.बर्तमान अवस्था र चुनौति

करैयामाई गाउँपालिका जातीय, भाषिक, साँस्कृतिक विविधताका समुदायको बसोवासको क्षेत्र हो । सामाजिक विभेद र बञ्चितमा परेका समुदाय पनि यस गाउँपालिकामा रहेका छन् । समाजका कतिपय बर्गहरु अझैपनि असमानतामा बांची रहेकाछन् । यहाँ रहेका जनजाति, दलित, मुस्लिम समुदाय तथा अपाङ्गता भएका विद्यार्थीहरुको खुद भर्ना दर, उतीर्णाङ्क तथा विद्यालय चक्र पुरा गर्ने दर कमजोर देखिन्छ । सामाजिक, आर्थिक, लैङ्गिक भिन्नताका कारण शैक्षिक क्षेत्रमा पहुँच सहभागिता र नतिजामा

उल्लेख्य प्रगति पाइदैन । विविधता, समता र समावेशीताको प्रवर्द्धन गरी पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो । सामाजिक, साँस्कृतिक, मनोबैज्ञानिक, संरचनागत, भौतिक तथा श्रोत, साधनसंग सम्बन्धित कमीकमजोरीहरु, बाधा व्यवधानको पहिचान गरी यसलाई निराकरण गर्न जरुरी छ।

संयुक्त राष्ट्रसंघको घोषणा, सन्धी तथा महासन्धीमा अपाङ्गता भएका बालबालिकालाई समावेशी पाउने अधिकार सुनिश्चित गरेको हुंदा यस्ता बालबालिकालाई समतामूलक पहुँचको ढोका खोल्नु जरुरी छ । नेपालको संविधानले समावेशिताको मार्गदर्शन गरेको हुनाले आधरभूत तहको शिक्षा पाउने अधिकार सबैको मौलिक अधिकार रहेको व्यवस्था गरेको छ । स्थानीय तहको आवश्यकता अनुसार स्थानीय भाषा, सँस्कृति, ज्ञान र सिपलाई सम्वोधन हुने गरी पाठ्यक्रम र सिकाइ क्रियकलापलाई सुधार गर्नु आवश्यक छ ।दिवा खाजा, दलित विद्यार्थी लक्षित छात्रवृत्ति आदि कार्यक्रमले समातामूलक समाज र समावेशी पहुँचका लागि योगदान पुगेको भएतापनि जातिगत र भाषिक कमजोरीका आधारमा विद्यार्थी भर्नादर कमाजोर देखिएको देखिन्छ छ। शिक्षक नियुक्तिमा दलित, जनजाती र मधेसी समुदायको प्रतिनिधित्व उत्साहजनकनै छ । आधारभूत तहमा मातृ भाषा र बहु भाषामा सिकाइने नीति भएतापनि व्यवहारमा लागु नभएको अवस्था छ । पाठ्यक्रममा विविधताको व्यवस्था कमजोर रहेको, विद्यालयमा गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था तथा शिक्षक तालिममा समावेशीकरण जस्ता विषयबस्तुहरु समावेश हुन जरुरी छ । विद्यालयमा लैङ्गिक उत्तरदायी बजेटको व्यवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।

संकटापन्न परिस्थितिमा रहेका बालबालिकाको लागि वैकल्पिक सिकाइ, छात्रवृत्ति तथा अन्य सहायताको व्यवस्था गरिएको भएतापनि व्यवहारिक पक्ष कमजोर देखिदा संकटापन्न परिस्थितिका बालबालिका, यौनशोषण, मावन बेचबिखन तथा पिडित र बिमारी भएका बालबालिकाको लागि सुविधाजनक प्रबन्धको व्यवस्था गर्न जरुरी छ । गाउँपालिकाका विद्यालयमा सिकाइ वातावरणमा सुधार गर्नको लागि लैङ्गिक तथा अपाङ्गमैत्री भवन तथा सुधारका मापदण्ड विकास गर्न जरुरी छ ।

हालका दिनहरुमा आधारभूत तथा माध्यमिक तहमा विद्यार्थीको भर्नादर बृद्धि भएको, छात्रछात्राका लागि अलग अलग शौचालय तथा स्थानीय तहबाट किशोरीहरुका लागि महिनावारीको बेला प्रयोग गर्ने सेनिटरी प्याडको व्यवस्थाले लैङ्गिक समता सूचकमा बढोत्तरी भएको, माध्यमिक तह पुरा गर्ने दरमा सुधार आएको छ। अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको देखिन्छ। दलित र विपन्न समुदायका बालबालिकामा बीचमा नै विद्यालय छाड्ने दर बढेको, माध्यमिक शिक्षाको चक्रपुरा गर्ने दर घटेको, विद्यालयमा उपस्थिति र शिक्षण सिकाइमा सक्रिय सहभागिको दर कम भएको विद्यमान अवस्था छ । पाठ्यक्रम पाठ्यपुस्तकलाई गाउँपालिकाको समाजिक परिवेश बमोजिम बनाउनुपर्ने देखिएको छ । शिक्षण सिकाइलाई थप सुधार गर्न शिक्षक तालिममा समता र समावेशीता सम्बन्धी विषय समावेश गरी शिक्षण सिकाइ क्रियाकलापलाई सुधार गर्नुपर्ने देखिएको छ । विद्यालयमा सिकाइमा मातृभाषा, स्थानीय भाषा तथा बहुभाषाको प्रयोग, विस्तार र प्रभावकारी कार्यान्वयन कमजोर देखिएको छ ।

मातृभाषा, स्थानीय भाषा र बहुभाषालाई प्राथमिकाता दिनुपर्नेमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ बढ्नुले सिकाइमा थप चुनौति देखिएको छ । विद्यालयहरुमा वैकल्पिक तथा खुला सिकाइको अवसर गराई विद्यार्थीको सहभागितामा बृद्धि गराइ गुणस्तर बढाउन जरुरी देखिएको छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरी अपाङ्गमैत्री नीति अपनाउनु पर्नेमा गाउँपालिकामा यसको क्षेत्र कमजोर देखिएको छ । अपाङ्गता भएका तथा दृष्टिबिहिन बालबालिकाहरुको लागि आवासीय तथा गैर आवासीय छात्रवृत्ति, होस्टेल, ब्रेनलिपि शिक्षा आदिको व्यवस्था गर्न जरुरी देखिएको छ ।

### ५.१.२. उद्देश्य

गाउँपालिकामा रहेका विद्यालयहरुमा भाषिक, साँस्कृतिक, जातीय समुदाय, सामाजिक, आर्थिक रुपले पछाडी परेको बर्ग, सामाजिक विभेद र बञ्चितिकरणमा परेको वर्ग, जातीयता र लैङ्गिक भिन्नता आदि क्षेत्रमा पर्ने सबैको पहुँच सुनिश्चित गरी समान सहभागिता बृद्धि गर्नु यस योजनाको मुख्य उद्देश्य हुने छ। यो मूल उद्देश्य हासिल गर्न देहायका उद्देश्यहरु निर्धारण गरिएको छ ।

(क) विद्यालय शिक्षामा विना भेदभाव सबैको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

(ख) विविधता, समता एवम् समावेशी मूल्य मान्यतामा आधारित भई विद्यालय शिक्षा प्रणालीमा सुधार गरी गुणस्तर कायम गर्नु ।

(ग) सिकाइमा सबै लक्षित समूहका बालबालिकाको सहभागिता बृद्धि गरी शिक्षामा गुणस्तरता कायम गर्नु ।

(घ) विद्यालयमा कुनै किसिमको हिंसा, विभेद, दुर्व्यवहार हुन नदिइ सबैको उपस्थिति सुनिश्चित गर्नु ।

### ५.१.३. रणनीति

माथिका उद्देश्यहरु हासिल गर्ने देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) विद्यालय शिक्षामा एकीकृत समता रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने ।

(ख) विद्यालयहरुलाई बालमैत्री, अपाङ्गमैत्री लैङ्गिकमैत्री बातावरणमैत्री बनाइ सबै बालबालिकाको पहुँच सुनिश्चित गरी विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक र शैक्षिक पूर्वाधार निर्माण गर्ने ।

(ग) सबै बालबालिकाहरुलाई आधारभुत तहमा भर्ना र सहभागिता बृद्धि गर्न गाउँपालिकाले घोषणा गर्ने।

(घ) स्थानीय भाषा, सँस्कृतिको प्रवर्द्धन गर्न स्थानीय मातृ भाषा मार्फत सिकाइका अवसरहरु बृद्धि गरिने ।

(ङ) आर्थिक रुपमा पछाडि परेको समुदाय, सिमान्तकृत वर्ग, संकटापन्न अवस्थामा रहेको समुदाय, अपाङ्गता भएका बालबालिका, सुविधा विहिन समुदाय तथा आर्थिक रुपमा विपन्न बर्गका लागि छात्रवृत्ति र आवासीय सुविधा उपलब्ध गराउने ।

(च) छात्रवृत्ति रकमको पुनरावलोकन गरी यसलाई उद्देश्यमूलक बनाउने ।

### ५.१.४. उपलब्धी

सामाजिक, आर्थिक अवस्था, लैङ्गिक, अपाङ्गता, जातीय, प्रादेशिक, भाषिक, धार्मिक, सिमान्तकृत आदि पृष्ठभूमिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता, तथा सिप सिकाइ उपलब्धी जस्ता शैक्षिक सूचकमा रहेका विद्यमान असमानताहरु कम भई शिक्षामा सबैको पहुँच र अवसरमा बृद्धि हुने ।

### ५.१.५. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| विद्यार्थी भर्ना, सहभागिता र सिकाइ उपलब्धीमा समतामूलक पहुँच तथा समावेशी सहभागिता बृद्धिभई शैक्षिक असमानता घट्न गई शिक्षामा गुणस्तरता कायम हुने । | १. लक्षित समूहका बालबालिकाहरुको शिक्षामा सहज पहुँच अभिबृद्धि भई शिक्षणमा आधारभूत सूचकहरुमा सुधार आई सिकाइ सहभागिता र गुणस्तरमा सुधार आउने ।<br>२. लक्षित समुदायका लागि बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री लगायतका पूर्वाधारहरु पुराभई सिकाइको लागि सहज बातावरण सृजना हुने।<br>३. पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षण सिकाइका प्रकृया लगायत समस्त शैक्षिक प्रणालीमा विविधत, समता र समावेशीता अभिबृद्धि हुने छ।<br>४. विद्यालयमा हुने सबै किसिमका हिंसा, विभेद, दुर्व्यवहार समाप्त भइ बालमैत्री वातावरण सृजना हुने ।<br>५. अपाङ्गताको प्रकृति अनुसार विशेष प्रकारको सिकाइको वातावरण सृजना हुने र यस्ता बालबालिकाहरुलाई आवासीय र गैरआवासीय सुविधा उपलब्ध गराउने ।<br>६. सामाजिक, आर्थिक रुपमा पछाडी परेका सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना, र कक्षामा निरन्तरताको | १. विद्यार्थी शिक्षाको अवसरबाट बन्चित हुने कारणको पहिचान गरी यसलाई कमगर्न बैकल्पिक कार्यक्रमको तर्जुमा गरिने ।<br>२. अपाङ्गताको प्रकृति बमोजिमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिने ।<br>३. बालबालिकाको अवस्था र सिकाइ आवश्यकताको पहिचान गरी सो अनुकुलका शैक्षिक क्रियाकलापहरु विद्यालयमा सञ्चालन गरिने ।<br>४. विद्यालयमा अपाङ्ग तथा लैङ्गिक मैत्री पूर्वाधारहरु बनाइ सबैको पहुच सहज बनाउने ।<br>५. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्न विद्यालय, व्यवस्थापन समिति, अभिभावक, शिक्षक तथा टोलविकास संस्थाको सहभागितामा घरदैलो कार्यक्रम सञ्चालन गर्ने।<br>६. विद्यार्थीहरुमा कुनै प्रकृतिको हेपाइ, दुर्व्यवहार, हिंसा, विभेद आदि हुन नदिने संयन्त्रको विकास गर्ने ।<br>७. विद्यालयमा बालक्लवको गठन समावेशी समूह, लैङ्गिक सम्पर्क व्यक्ति आदि समूहहरु गठन गर्ने।<br>८. मातृभाषा बोल्ने बालबालिकाको लागि बहुभाषा शिक्षण पद्दती अवलम्बन गर्ने ।<br>९. अपाङ्गमैत्री कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>१०. गाउँपालिकामा स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्रीको तर्जुमा गरी कार्यान्वयन गर्ने र |

| | | |
|---|---|---|
| | लागि छात्रवृत्तिको विशेष व्यवस्था हुने।<br>७. पाठ्यक्रम, समावेशी, लैङ्गिक तथा अपाङ्गता, सामाजिक र साँस्कृतिक रुपले पछी परेका बर्गका बालबालिकाको लागि अनुकुल हुने।<br>८. पाठ्यक्रममा स्थानीय भाषा सँस्कृति, साँस्कृतिक सम्पदा जस्ता विषयवस्तुहरु समावेश गरी जीवनोपयोगी सिकाइमा बृद्धि हुने।<br>९. सिकाइ क्रियाकलाप, विद्यार्थीको आवश्यकता तथा विविधतालाई सम्बोधन गर्दै सहभागिता मूलक हुने । | स्थानीय भाषा, सँस्कृति, ज्ञानसिपलाई पाठ्यक्रममा समावेश गर्ने ।<br>११. विद्यार्थीको रुची र सिकाइ आवश्यकतालाई मेलखाने किसिमका शैक्षिक सामाग्री तयार गरी लागु गरिने ।<br>१२. पाठ्यक्रम, पाठ्य सामाग्रीलाई समाता र समावेशीताका दृष्टिले मूल्याङ्कन गरी छात्रवृत्ति छनौट र वितरण सम्बन्धी मापदण्ड तयार गरिने ।<br>१३. छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, स्वास्थ्य तथा पोषण कार्यक्रम सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>१४. विद्यालयमा बालमैत्री सिकाइ, बालकेन्द्रित सिकाइ, सम्मानपूर्ण व्यवहार अवलम्बन गर्ने ।<br>१५. विद्यालयमा भएका भौतिक सामाग्री भवन, फर्निचर, प्रयोगशाला, शौचालय आदिलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने ।<br>१६. आर्थिक रुपमा विपन्न विद्यार्थीका लागि पोशाक, स्टेशनरी तथा आवासीय सुविधा लागु गर्ने ।<br>१७. अपाङ्गता भएका तथा अति विपन्न वर्गका विद्यार्थीहरुको लागि आवासीय तथा छात्रवृत्ति कार्यक्रम लागु गर्ने ।<br>१८. लक्षित समूहका लागि आवासीय सुविधा तथा छात्रवृत्ति कार्यक्रम । |

## ५.२. आपतकालीन तथा संकटपूर्ण अवस्थामा दिईने शिक्षा

आपतकालीन अवस्था  बाढी, पहिरो, भुकम्प, हिमपात, खडेरी जस्ता प्रकृतिक प्रकोप, महामारी र  सरुवा रोग तथा द्वन्द्व विस्थापन र धार्मिक, साँस्कृतिक, राजनीतिक कारणले उत्पन्न हुने द्वन्द्व, बसाईसराइका अवस्थामा पनि बालबालिका लगायतका परिवार तथा समुदायको जीवन रक्षा, प्राकृतिक प्रकोपबाट संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व र हिंसाबाट बालबालिकाको सुरक्षाका साथै यस्ता अवस्थामा समेत शिक्षा क्षेत्रलाई निरन्तरता दिइ शैक्षिक कार्यक्रम सञ्चालन गर्नु र बालबालिकाले सिक्न पाउनु उनिहरुको अधिकार हो । प्राकृतिक प्रकोप महामारी तथा द्वन्द्व जस्तो बिषम् अवस्थामा  बालबालिकाको सिक्न पाउने अधिकारको संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिनु र बैकल्पिक माध्यमबाट शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नुनै आपतकालीन शिक्षा हो ।बिषम् परिस्थिति वा संकटकालीन अवस्थामा बालबालिकाको सुरक्षा र शिक्षण सिकाइ क्रियाकलापको निरन्तरता नै आपतकालीन तथा संकटपूर्ण अवस्थामा दिइने शिक्षा हो ।

### ५.२.१. वर्तमान अवस्था र चुनौति

विपद्को बेला पूर्व तयारी, प्रतिकार्य, न्युनिकरण र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्नु जरुरी छ। सुरक्षित सिकाइको बातावरणको लागि भौतिक तथा मानवीय प्रतिकार्य मापदण्ड तयार गरी सरोकारवालालाई विपद् व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान दिने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली, बेइजती, विभेद जस्ता जोखिम न्युनिकरणको लागि विद्यार्थी शिक्षक र समुदायका सदस्यहरुको सहकार्यमा कार्यक्रम सञ्चालन गरी विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित र हिंसा तथा भय रहीत केन्द्रको रुपमा विकास गर्नु जरुरी छ ।सबै किसिमका हिंसा, द्वन्द्व, दलगतराजनीति, अवरोध, दुर्व्यवहार जस्ता प्रभावबाट विद्यालयलाई मुक्त गरी सिकाइलाई निरन्तरता दिन जरुरी छ ।

नेपालमा विशेषगरी द्वन्द्वको समय, प्राकृतिक प्रकोप विनाशकारी भुकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्रकृतिक प्रकोप, कोभिड १९ जस्ता महामारीका कारण शिक्षामा परेको प्रभाव जस्ता बिषम् परिस्थितिको अध्ययन गरी यस विद्यालय शिक्षा योजनाको पाँचबर्षे कार्यकालमा लिनुपर्ने उद्देश्य, रणनीति, प्राथमिकता तथा मुख्य क्रियाकलापको बारेमा यहाँ चर्चा गरीएको छ । कोभिड १९ जस्ता महामारीको अवस्थामा शिक्षामा पर्न गएको नकारात्मक प्रभावलाई न्युनीकरण गर्न बैकल्पिक माध्यमबाट सिक्न पाउने अवसरलाई निरन्तरता दिन नीति तथा कार्यक्रमहरु जारी भएका थिए ।प्राकृतिक प्रकोप तथा द्वन्द्वको बेलामा भिडियो तथा दुरशिक्षाको माध्यमबाट शैक्षिक सिकाइ कार्यक्रमहरु सञ्चालन गर्न सकिने, विद्यार्थी र शिक्षकमा परेका मनोसामाजिक असरलाई कम गर्न चेतनामूलक सन्देशहरु प्रसारण गर्नुपर्ने, यस्तै कतिपय विद्यालयहरुले क्षमता विकासका कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएका छन् । द्वन्द्वकाल तथा प्रकोपजन्य अवस्थामा स्थानीयतह, गैरसरकारी संघसंस्था, शिक्षक, पेशागत संजाल तथा विद्यालयहरुले पनि शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । गुणस्तरीय शिक्षण सिकाइमा सबै विद्यार्थीको पहुँच पुऱ्याई प्रभावकारीतामा अभिबृद्धि गर्नु जरुरी छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य समाजिक साँस्कृतिक द्वन्द्वको कारण विद्यार्थीको सिकाइलाई निरन्तरता दिनको लागि विकास, व्यवस्थापन र सञ्चालन गरेका विविध बैकल्पिक सिकाइका विधिहरु मध्ये प्रविधिमा आधारित विधिमा समेत सञ्चालन गर्न जरुरी छ । प्राकृतिक प्रकोप महामारी तथा असामान्य अवस्था द्वन्द्व विस्थापन तथा बसाईसराइको अवस्था जस्ता आपतकालीन अवस्थाहरु कतिपय स्थान परिवेश र अवस्था अनुसार अनुमान, पुर्वानुमान गर्न सकिन्छ भने कतिपयको समय, स्वरुप, मात्राको अनुमान गर्न सकिन्न । भुकम्प, बाढी पहिरो, हिमपात जस्ता प्रकोपको समय, स्वरुप एकिन गरी भविष्यवाणी गर्न सकिदैन । करैयामाई गाउँपालिकामा देखापर्ने प्रकोपहरुमा बाढी,

पहिरो, डुवान, गर्मी, अतिगर्मी, लु लाग्ने गर्मी, आगलागी, जंगली जनावरको आक्रमण रहेका छन् । यसैगरी कतिपय अवस्थामा महामारी र सरुवारोगको आक्रमण र प्रकृतिक रुपमा भूकम्प, आधिवेरी,चटयाङ्ग आदिले मानव जीवनलाई सन्त्रासमयको बातावरण सृजना गरेको छ भने अर्कोतर्फ धनजनको क्षति भएको छ। गाउँपालिकाको जनजीवन कृषिमा आधारित भएको हुदा कतिपय प्रकोप हावाहुरी, हिमपात, चटयाङ्ग, खडेरी आदिजस्ता प्रकोपले कृषिजन्य उपजमा क्षति पुर्‍याइ धनजनमा क्षति पुगेको छ । प्रकोपजन्य अवस्थामा प्रतिकार्य योजना, राहत वितरण, जिम्मेवारी बाँडफाँड जस्ता कार्य यथाशिघ्र हुनु जरुरी छ । तसर्थ प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व तथा विस्थापनको अवस्थामा शिक्षालाई कसरी निरन्तरता दिनु भन्ने प्रमुख मुद्दा बन्न गएको छ ।

द्वन्द्व प्राकृतिक प्रकोप तथा महामारीको बेला विद्यार्थीहरुले विद्यालय छाडी सिकाइबाट अलग हुनुपर्ने अवस्था सृजना हुने भएकोले त्यस्ता अवस्थामा विद्यार्थीहरुलाई पुनः विद्यालय फर्काइ सिकाइलाई निरन्तरता दिन जरुरी छ । विभिन्न समयमा आईपर्ने आपतकालीन अवस्थाहरुले आगामी दिनमा शिक्षाको संरचना भौतिक पूर्वाधार सिकाइ वातावरण, सिकाइको लागि आवश्यक पर्ने स्रोतसाधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेशागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र उत्थानशीलताको विश्वसनीय प्रणाली विकास गर्न आवश्यक देखिएको छ ।

## ५.२.२. उद्देश्य

प्राकृतिक प्रकोप, महामारी तथा आपतकालीन अवस्थामा पनि बालबालिकाको शिक्षा पाउने अवस्था सुनिश्चित गरी उनीहरुको शारीरिक, मानसिक र सामाजिक विकासलाई अवरोध गर्न नदिनु यस योजनाको प्रमुख उद्देश्य हो । यो प्रमुख उद्देश्य हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरु तर्जुमा गरिएको छ ।

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सावधानीसाथ पूर्व तयारीको बातावरण सृजना गरी सम्भाव्य जोखिमको सामना र क्षति न्युन गर्न बालबालिकालाई तत्पर बनाउने ।

(ख) सम्भाव्य जोखिमको सामाना गर्न विद्यालयमा भौतिक, मानवीय तथा आर्थिक श्रोतको तयारी गरी सम्भाव्य संकट प्रतिकार्य गर्ने संयन्त्रको विकास गर्ने ।

(ग) बालबालिकाको सुरक्षा, स्वास्थ्य र सिकाइ सुनिश्चित गरी सम्भाव्य संकट प्रतिकार्य गर्ने संयन्त्र र कार्यढाँचा तयार गरी क्षतिलाई न्युनिकरण गर्नु ।

(घ) बैकल्पिक माध्यमबाट बालबालिकाहरुलाई सिकाइमा सुनिश्चित गर्नु ।

### ५.२.३. रणनीति

प्राकृतिक प्रकोप, महामारी आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको समुचित व्यवस्थापन गरी माथि उल्लेखित उद्देश्य हासिल गर्न निम्न बमोजिम रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) गाउँपालिकाका सबै विद्यालयले आ-आफ्नो विद्यालयको सम्भाव्य प्राकृतिक प्रकोप तथा विपद्को संकटापन्न अवस्थाको मूल्याङ्कन गरी पूर्वानुमान तथा विपद् प्रतिकार्य योजना तयार गर्ने ।

(ख) गाउँपालिकाका विद्यालयहरुको शिक्षा क्षेत्रमा पर्ने प्रत्यक्ष वा अप्रत्यक्ष विपद्हरुको पूर्वानुमान गरी त्यसको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

(ग) विपद् तथा प्राकृतिक प्रकोपको अवस्थामा शिक्षा सम्बन्धमा बनेका ऐन, नियम, पाठ्यक्रम नीति, मापदण्ड तथा कार्यविधिको पुनरावलोकन परिमार्जनसाथ लागु गर्ने ।

(घ) विद्यालयमा विपद् धान्नसक्ने/विपद् प्रतिरोधी पुनर्निमाण तथा पुनर्स्थापना गर्ने ।

(ङ) प्रकोप तथा जोखिम न्युनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(च) विपद् तथा प्राकृतिक प्रकोपको समयमा आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य सामाग्रीको व्यवस्था गर्ने ।

(छ) शिक्षक तथा अभिभावकहरुलाई विपद् सचेतना कार्यक्रम, विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी कार्यमा तालिम दिने ।

(ज) विपद् तथा प्राकृतिक प्रकोपको समयमा गैरसरकारी संस्था तथा साझेदार निकायहरुसंग विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्लाभका लागि साझेदारी तथा सहयोगमा कार्यक्रम संचालन गर्ने ।

(झ) पठनपाठन वा पाठ्यक्रम सम्बन्धी पाठ्यसामग्रीमा विपद् व्यवस्थापन सम्बन्धी बिषयवस्तु तयार गरी प्रभावकारी कार्यान्वयन गरिने ।

(ञ) प्रविधिमैत्री शिक्षण सिकाइको विकास र कार्यान्वयन गर्ने ।

(ट) विपद्को समयमा बैकल्पिक सिकाइको प्रवन्ध गरी सूचना प्रविधिको पहुँच र क्षमता बढाउने।

### ५.२.४. उपलब्धी

प्राकृतिक प्रकोप, महामारी, आपतकालीन तथा संकटापन्न अवस्थामा पनि बालबालिकाहरुको शिक्षा पाउने अवसर सुनिश्चित हुने ।

### ५.२.५. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| प्राकृतिक प्रकोप, महामारी तथा आपतकालीन र संकटापन्न अवस्थामा पनि बालबालिकाहरुको शिक्षा पाउने अवसर सुनिश्चित हुने । | १. विद्यालय लगायतका शिक्षण संघ संस्थाहरुका लागि पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभको योजना र क्षमताको विकास हुने ।<br>२. विद्यालय तथा शिक्षण संघ संस्थाहरुमा प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थामा आवश्यक भौतिक, मानवीय र आर्थिक श्रोतको व्यवस्थापन गर्न सक्षम हुने।<br>३. महामारीको समयमा स्वास्थ्य उपचार सहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह/सिकाइमा निरन्तरता हुने। | १. सुरक्षित विद्यालय नीति पुनरावलोकन तथा मापदण्ड कार्यान्वयन ।<br>२. स्थानीय तहमा प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थाको लेखाजोखा गरी योजना निर्माण ।<br>३. प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थामा शिक्षासंग सम्बन्धित मापदण्ड, निर्देशिका तथा कार्यविधिहरु एकीकृत ।<br>४. शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थाको न्युनिकरणका लागि तालिम सञ्चालन ।<br>५. प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थाको न्युनिकरणको लागि सबै विद्यालयहरुलाई समेट्ने गरी सचेतना कार्यक्रम ।<br>६. विपद् जोखिम न्युनिकरण उत्थानशील विद्यालय भवन निर्माण । |

| | | |
|---|---|---|
| | | ७. हरित सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्दन । <br><br> ८. विद्यालयहरुमा सूचना प्रविधिको विस्तार । <br> ९. विद्यालयहरुमा भौतिक पूर्वाधारको विकास तथा सवलीकरण । <br><br> १०. विद्यालयहरुमा स्वास्थ्य सुविधा सहित स्वास्थ्य शिक्षक/कार्यकर्ता तालिम । <br> ११. प्राकृतिक प्रकोप, महामारी तथा संकटापन्न अवस्थामा शिक्षा कार्य समूह निर्माण र परिचालन । <br><br> १२. विद्यार्थीलाई स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श कार्यक्रम सञ्चालन। <br><br> १३. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइको पहुँच र क्षमता बृद्धि । <br> १४. विद्यार्थीको सिकाई अवस्थाको पहिचान। <br><br> १५. महामारीको न्युनिकरण तथा पुनर्लाभका लागि कार्ययोजनाको तयारी र कार्यान्वयन । <br><br> १६. महामारीको क्षतिलाई न्युनिकरण गर्ने तथा प्रतिकार्य टोली गठन । |

## ५.३. भौतिक पूर्वाधार विकास

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पाठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, सरसफाइ र स्वच्छ खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रुपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ।

यसै सन्दर्भमा करैयामाई गाउँपालिकामा २० वटा सामुदायिक विद्यालयहरुमध्ये धेरै विद्यालयहरुमा भवन र कक्षाकोठा पर्याप्त भएपनि केही विद्यालयमा अझैपनि अभाव देखिन्छ । कतिपय विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेराबार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुककर्नर जस्ता पूर्वाधार पुग्न सकेको छैन । विद्यार्थी अनुसारको कक्षाकोठा, छुट्टै प्रधानाध्यापक कक्ष, प्रशासन, लेखा, सभाहल जस्ता सुविधाहरु अझै पनि नपुग देखिन्छ । कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत हुन सकेको छैन । प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागी बेग्लै शौचालय समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवं बस्तुनिष्ट आंकलन गर्न सकिएको छैन । विद्यालय भवन निर्माणका लागि अवलम्बन गरिएका लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवं विस्तारका लागि गुरुयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतिहरु समेत विद्यमानै रहेको देखिन्छ ।

### ५.३.१. उद्देश्य

गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापनमा सहयोग पुऱ्याउनु यस योजनाको मुल उद्देश्य रहेको छ भने यो उद्देश्य हासिल गर्न देहाय बमोजिम उद्देश्यहरु निर्धारण गरिएको छ ।

(क) सुरक्षित विद्यालयको अवधारणा अनुरुप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।

(ख) विद्यालयको भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिए बमोजिमको मापदण्ड कार्यान्वयन गर्नु र गराउनु ।

(ग) पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्नु।

(घ) सबै विद्यालयमा पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय गैरसरकारी संघ संस्थाहरुसंग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु ।

## ५.३.२. रणनीति

माथिका उद्देश्यहरु हासिल गर्न निम्न लिखित रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक भौतिक पूर्वाधारको आँकलन गरिने छ।

(ख) भौगोलिक अवस्था, विद्यार्थी संख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड एकिन गरिने छ ।

(ग) एउटा विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी अवधारणा कार्यान्वयनको शुरुवात गरिने छ ।

(घ) संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी संघ संस्थाहरुसंग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अवलम्बन गरिने छ ।

(ङ) पूर्वाधार विकाससंगै सुरक्षित विद्यालय, सामाजिक एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रुपमा संस्थागत क्षमता सुदृढ गरिने छ ।

(च) सम्बन्धित सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिने छ ।

## ५.३.३. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा शिक्षा लिने अवसर प्राप्त हुने छ । | १. भौतिक पूर्वाधारको लागि आवश्यकता पहिचान हुने ।<br>२. स्रोत र जिम्मेवारी स्पष्ट निर्धारण हुने ।<br>३. गाउँपालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।<br>४. विद्यालयहरुको भौतिक पूर्वाधार अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बालमैत्री हुने ।<br>५. पूर्वाधार विकासका लागि विधि, मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।<br>६. निरन्तर मर्मत सम्भारका लागि पद्दतिको विकास हुने । | १. मापदण्ड एवं स्तरीकरणका सूचक विकास गरिने ।<br>२. निर्मित संरचनाको आवश्यकता अनुसार नियमित मर्मत सम्भार गरिने ।<br>३. संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी संघ संस्थाहरुसंग स्रोत व्यवस्थापनमा लागत साझेदारी गरिने ।<br>४. एउटा विद्यालयमा पूर्वाधार विकासका कार्यहरु एकै पटक निर्माण गर्ने अवधारणाको योजना तयार गरी कार्यान्वयन गरिने। |

## ५.४. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा समुचित प्रयोगले विद्यार्थीहरुबीच विद्यमान प्रविधिगत भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनको रुपमा सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच र शिक्षाको व्यवस्थापकीय एवं शासकीय पद्दतीमा सुधार ल्याउने कार्य गर्दछ । कोभिड १९ को महामारीको अवस्थाले यसको आवश्यकतालाई थप पुष्टि गरेको पाईन्छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तथा प्रयोगका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति तयार गर्ने विषय उल्लेख गरिएको छ । यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामाग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित, अंग्रेजी विषयमा विद्युतीय सामाग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामाग्री प्रदान गर्ने, नमुना विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरु रहेका छन् । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बानइए पनि धेरैजसो विद्यालयहरुमा कम्प्युटर इन्टरनेट कनेक्टिभिटीको अभावले पूर्णरुपमा विद्यालयहरु संचार प्रविधिमा आधारित बनाउन सकिएको अवस्था छैन ।

करैयामई गाउँपालिकाका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि बार्षिक रुपमा लगानी गरिएको भएतापनि माध्यमिक विद्यालयहरुमा कम्प्युटर लगायतका सामाग्रीहरु तथा इन्टरनेट कनेक्टिभिटी आवश्यकता बमोजिम उपलब्ध गराउन नसकिएकोले सञ्चार प्रविधियुक्त सुविधा न्युनै भएको पाइन्छ भने अर्को तर्फ शिक्षण सिकाइमा यी स्रोतहरुको प्रयोग गर्ने विद्यालयहरुको संख्या समेत कम रहेको छ । करैयामाई गाउँपालिकामा ३ वटा माध्यमिक विद्यालयहरुमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान उपलब्ध भएको छ । कतिपय आधारभूत तथा माध्यमिक विद्यालयहरुले विभिन्न व्यक्ति तथा संघसंस्था मार्फत यस्ता सामाग्रीहरु प्राप्त गरेका छन् । तसर्थ साधन तथा संरचना बढाउन आवश्यक देखिनुका साथै यसको प्रभाबकारी प्रयोगको लागि क्षमता समेत अभिबृद्धि गर्नु पर्ने देखिन्छ ।सबै विद्यालयहरुमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका सामाग्रीको विकास गर्ने कार्यमा विभिन्न किसिमका चुनौतिहरु सामना गर्नु परेको छ । धेरै विद्यालयमा विद्युतको पहुँच नभएको, शिक्षण सिकाइमा भन्दा प्रशासनिक कार्यमा कम्प्युटर प्रयोग भइरहेको, कम्प्युटर भएपनि प्रयोग नभएको, अवस्था पनि विद्यमान देखिन्छ । यसरी हेर्दा हाल सञ्चालनमा रहेका प्रविधिमा आधारित विभिन्न विधि तथा पद्दतिलाई समय सापेक्ष बनाई उपलब्ध सुविधालाई

अधिकतम उपयोग गरी विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभाबकारिता बढाउनु पर्ने देखिन्छ।

### ५.४.१. उद्देश्य

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी सिकाइ प्रक्रियामा सुधार ल्याउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यी उद्देश्यहरु निम्न बमोजिमका रहेका छन् ।

(क) सिकाईलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।

(ख) सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा सबैको पहुँच बढाई प्रविधिगत भिन्नता कम गर्ने ।

(ग) सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत सहज र छिटो छरितो शैक्षिक सेवा प्रवाह हुने व्यवस्था मिलाउने ।

(घ) विद्यालय शिक्षाको समग्र व्यवस्थापनलाई सूचना प्रविधिमैत्री बनाउने ।

### ५.४.२. रणनीति

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारका लागि यस योजनाको उद्देश्यहरु हासिल गर्नका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत सुविधा र उपकरणको व्यवस्था गरिने छ।

(ख) एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रणालीको विकास गरिने छ ।

(ग) गाउँपालिका भित्रका विद्यालयहरुमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामाग्री उपलब्ध गराई उचित प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

(घ) पाठ्यक्रम तथा पाठ्य सामाग्रीको डिजिटल प्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

(ङ) गाउँपालिका भित्रका सबै विद्यालयमा क्रमशः इन्टरनेटको सुविधा पुऱ्याइने छ ।

(च) विद्यालयहरुको वेवसाइट सञ्चालन तथा व्यवस्थापनको प्रवन्ध गरिने छ ।

(छ) विद्यालयका शैक्षिक अभिलेख, सूचना, प्रशासनिक कार्य, लेखा सम्बन्धी कार्य लगायतका सबै कामहरु सञ्चार प्रविधिमा आधारित बनाइने छ ।

## ५.४.३. उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक सिकाइको अवसर मिल्ने र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुने । | १. गाउँपालिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास हुने ।<br>२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई प्रयोगमा सबैको पहुँच पुग्ने।<br>३. विद्यार्थीको विभिन्न विषयका अन्तरक्रियात्मक कार्यमा डिजिटल प्रविधिमा पहुँच पुग्ने ।<br>४. सञ्चार प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास हुने ।<br>५. गाउँपालिका र विद्यालयहरुमा सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुदृढ हुने ।<br>६. विद्यार्थी प्रगति विवरण र प्रमाणीकरणको कार्य सूचना तथा सञ्चार प्रविधिमा आधरित हुने ।<br>७. आपतकालिन अवस्थामा बैकल्पिक सिकाईको व्यवस्था हुने । | १. विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार तथा प्रयोगलाई प्रभावकारी बनाउने ।<br>२. क्रमशः रुपमा शिक्षण सिकाइमा सूचना प्रविधि लागु गर्दै जाने ।<br>३. गाउँपालिका शिक्षा शाखामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गर्ने ।<br>४. सञ्चार प्रविधि प्रयोग सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>५. सबै विद्यालयहरुको वेवसाइट तयार गरी शैक्षिक र व्यवस्थापकीय गतिविधि पार्दर्शी बनाउने ।<br>६. विद्यालयहरुमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागु गरिने ।<br>७. शिक्षण सिकाइमा अनलाईन प्रविधिको प्रयोगमा जोड दिने । |

## परिच्छेद-६

# संस्थागत विकास, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ६.१. संस्थागत विकास

समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न सक्षम शासकीय प्रवन्ध तथा व्यवस्थापन आवश्यक रहेको हुन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोधमा जवाफदेहीता,विधिको शासन, समता तथा समावेशिता र अधिकतम सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकृया जनाउँछ । नेपालको संविधानले शिक्षा क्षेत्रमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको सरकारका एकल र साझा अधिकारको सूची सहित शासकीय प्रवन्ध र व्यवस्थापनको व्यवस्था गरिएको छ । शिक्षा क्षेत्रको विकासका लागि तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैर सरकारी संघ, संस्थाहरुको सुस्पष्ट रुपमा परिभाषित गरिएका भूमिकाका साथै स्पष्ट कार्यान्वयन व्यवस्था तथा उपयुक्त अनुगमन तथा मुल्याङ्कन प्रणाली स्थापित गर्न आवश्यक हुन्छ। त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग समता र समावेशिताको प्रवर्धन, आधुनिक प्रबिधि, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्वबोध उत्तिकै आवश्यक पर्दछ। यस योजनाको अपेक्षित नतिजा प्राप्त गर्नका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको स्रोत व्यवस्था र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वरुप प्रस्तुत गरिएको छ ।

### ६.१.१. वर्तमान अवस्था र चुनौति

नेपालको संविधानले गरेको शासकीय प्रवन्ध र व्यवस्था अनुसार सरकारका प्रत्येक तहबाट शैक्षिक क्षेत्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विद्यमान भौतिक तथा शैक्षिक स्वरुप र कर्मचारीको व्यवस्थापन गर्न वर्तमान संस्थागत संरचना तयार गरिएको छ । संघीयता कार्यान्वयनको करिव ९ बर्ष वितिसक्दा पनि संघीय शिक्षा ऐन र नियमावली जारी हुन नसकेकोले प्रदेश र स्थानीय कानूनहरु तर्जुमा तथा कार्यान्वयन गर्न बाधा उत्पन्न भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन सकिरहेका छैनन् । केन्द्रमा विद्यालय शिक्षाको शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा मन्त्रालय जिम्मेवार रहेको छ । त्यसैगरी केन्द्रीय तहमा विभिन्न विभाग स्तरीय निकायहरु र सो अन्तरगत जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइको व्यवस्था गरिएको छ ।प्रदेश तहमा शिक्षा सम्बन्धी सेवाको व्यवस्थापन समाजिक विकास मन्त्रालयद्वारा सञ्चालन हुने गरेको छ भने स्थानीय तहमा शिक्षा शाखा र महाशाखा मार्फत आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय दायित्व निर्वाह भईरहेको छ । संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरुपता कायम नहुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा एकअर्का बिचको समन्वयको लागि सुदृढ कानूनी एवं संस्थागत र संरचनागत व्यवस्था

नहुनु संघीय संरचना अनुसारको शिक्षाको ऐन कानून निर्माण नहुनु, स्थानीय तहसम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था नहनु जस्ता चुनौतीहरु प्रमुख रहेका छन् । संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउन, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिका प्रति समुचित किसिमले ध्यानाकार्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी अनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि समेत उल्लेखनीय चुनौतिका रुपमा रहेका छन् ।

करैयामाई गाउँपालिकामा शिक्षकको दरवन्दी अपर्याप्त नरहेको, गाउँपालिकामा विद्यालयको लागि केन्द्रिय सरकारबाट प्राप्त हुने सशर्त अनुदान न्युन भई आफ्नै स्रोतबाट शिक्षक व्यवस्थापन, क्षमता अभिबृद्धि, भौतिक संरचनाको स्तरोन्नती र नव संरचना निर्माण जस्ता कार्यहरुमा बजेट खर्च गर्नुपरेको अवस्था विद्यमान छ।

विद्यालयको सञ्चालन व्यवस्थापन, नियन्त्रण र विकास गर्नुपर्ने भूमिकामा रहेको विद्यालय व्यवस्थापन समिति र विद्यालयको शैक्षिक गुणस्तर कायम भए नभएको सुनिश्चित गर्न गठित शिक्षक अभिभावक संघका पदाधिकारीहरुमा आफ्नो काम, कर्तव्य, अधिकार र भूमिकाप्रति नै अनभिज्ञता रहेको छ । अभिन्न अंगको रुपमा रहेको मुल्याङ्कन प्रकृयालाइ सिकाइको नतिजाको रुपमा उपयोग गर्न सकिएको छैन । आवश्यक श्रोतको अभावमा बालबिकास सहजकर्ता, शिक्षक तथा कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिकमा खटाउनु परेको कारणले उनीहरुमा विद्यालयप्रति उत्प्रेरित बनाउन नसकिएको दीर्घकालीन चुनौति रहेका छन।

### ६.१.२. उद्देश्य

गुणस्तरीय शिक्षाका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकारी सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास गर्दा देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन् ।

(क) संविधानको मर्म अनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहका सरकार बिच समन्वय र सहकार्यका आधारमा विद्यालय शिक्षाको गतिविधि सञ्चालन गर्न संस्थागत व्यवस्था गर्न ।

(ख) स्थानीय तहका कर्मचारी, शिक्षक, अभिभावक तथा सरोकारवाला लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्ने ।

(ग) संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरुको प्रभावकारी सदुपयोग र सम्पादन गर्नको लागि संस्थागत संरचना मजबुत बनाउने ।

(घ) उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको व्यवस्थापन गरी विद्यालय शिक्षामा सुशासन अभिवृद्धि गर्ने ।

### ६.१.३ रणनीतिः

विद्यालय शिक्षाको शासकीय प्रवन्ध सुदृढ तथा व्यवस्थित बनाउन निम्न रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) संघ प्रदेश र स्थानीय तह बिच सहकार्य, समन्वय तथा सहजिकरण गर्न आवश्यक कानूनी प्रवन्ध गरिने छ ।

(ख) विद्यालयमा सक्षम र अधिकार सम्पन्न प्रधानाध्यापकको व्यवस्था गरी निजसंग कार्यसम्पादन सम्झौता गर्ने अभ्यास थालिने छ ।

(ग) विद्यालयको भौतिक शैक्षिक तथा व्यवस्थापकीय पक्ष सुदृढ बनाउन शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता बृद्धि तालिम प्रदान गरिनेछ।

(घ) विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालयमा अनिवार्य प्रवेश गराउन आवश्यक उपाय अवलम्बन गरिने छ ।

(ङ) विद्यालय शिक्षामा आवद्ध मुख्य जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरु (प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समिति) लाई कार्यसम्पादनमा उत्तरदायी तथा नतिजाप्रति जवाफदेही बनाईने छ ।

(च) गाउँपालिका भित्र अनौपचरिक शिक्षा, निरन्तर शिक्षा, साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(छ) विद्यालय शिक्षाको समग्र तथा समयानुकल विकासको लागि विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा समेत सहजिकरण गरिने छ ।

### ६.१.४. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| १.संविधानको मर्म अनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहका सरकारका बिचमा अन्तरसम्बन्ध, समन्वय र सहकार्यका आधारमा विद्यालय शिक्षाको गतिविधि सञ्चालन भइ संस्थागत सुदृढ कायम हुने ।<br>२.गाउँपालिकाका सबै बालबालिकाहरु बिद्यालयमा अनिवार्य | १. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी सबै निकायको दायित्व र अधिकार स्पष्ट र जवाफेदही प्रणालिमा स्थापित हुने ।<br>२. नेपालको संविधानको मर्म अनुरुप तीनै तहको सरकार बीचमा समन्वय सहकार्य र सह अस्तित्वका आधरमा शैक्षिक | १. विद्यालय शिक्षाको विकासको लागि समयानुकुल विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन।<br>२. संघ प्रदेश र स्थानीय तह बीच सहकार्य, समन्वय तथा सहजिकरण गर्न आवश्यक कानूनी प्रवन्ध ।<br>३. शैक्षिक पाठ्यक्रम अनुसार शिक्षकहरुको क्षमता विकासका लागि प्रशिक्षण कार्यक्रम संचालन। |

| | | |
|---|---|---|
| प्रवेश गर्ने वातावरण सृजना भई शैक्षिकस्तर बृद्धि हुने ।<br><br>३. शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको लागि क्षमता विकासका तालिमबाट शैक्षिक गुणस्तरमा बृद्धि हुने । | पद्दतिमा गुणस्तरता बृद्धि हुन जानेछ ।<br>३. विद्यालय तथा सबै शैक्षिक संस्थाहरुको क्षमता विकास, गुणस्तर बृद्धि हुनुका साथै सुशासन कायम भई अपेक्षित उपलब्धि हासिल हुने ।<br>४. शिक्षक तथा शैक्षिक निकायहरु सिकाइप्रति उत्तरदायी भई शैक्षिक पद्दतीको विकास हुन जाने छ । | ४. सक्षम प्राधानाध्यापकको व्यवस्था।<br>५. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि योजनाको तयारी ।<br>६. विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुलाई अनिवार्य रुपमा बिद्यालयमा प्रवेश गराउन गाउँपालिकाका अभिभावहरुलाई जनचेतनामूलक कार्यक्रमको सञ्चालन । |

## ६.२. वित्तीय व्यवस्थापन

समृद्ध राष्ट्र निर्माण र उन्मुख समाज विकासका लागि सामाजिक तथा आर्थिक रुपान्तरणमा गति प्रदान गर्न बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्न आवश्यक छ । बालबालिकाको लागि शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासमा सहयोग पुग्नुका साथै गुणस्तरीय जनशक्तिको विकास गर्न मद्दत गर्दछ । राज्यले शिक्षालाई संविधानमै मौलिक हकका रुपमा लिई आधारभूत शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरिने व्यवस्था गरेको छ । जसको प्रमुख लक्ष्य विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा स्रोत र साधनको समतामुलक वितरण र उपयोगमा सुनिश्चितता प्रदान गर्नु रहेको छ ।

नेपालले पनि विगत केही दशकदेखि गुणस्तरीय शिक्षामा सबै बालबालिकाको सुनिश्चितताका लागि स्रोतको खोजी, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, आवश्यक कानूनी व्यवस्था, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था गरी शैक्षिक क्षेत्रलाई बिशेष महत्व दिएको पाईन्छ । विद्यमान संबैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षामा समतामुलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्न मुख्य दायित्व स्थानीय तहको भएतापनि शिक्षा साझा सुचीको विषय भएकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समूदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षा क्षेत्रमा स्थानीय तहको वित्तीय व्यवस्थापनका लागि संघीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदानको व्यवस्था गरिएको छ । यस्ता अनुदान बाहेक स्थानीय तहले समेत शिक्षा क्षेत्रमा आफ्नै स्रोतको परिचालन तथा प्रयोग गर्ने गरेका छन् ।

नेपालको संविधानले विद्यालय शिक्षालाई समतामुलक, निःशुल्क र सुलभ पहुँचको उद्देश्य राखेको छ । त्यसै गरी नेपालका सबै जसो राजनैतिक दलले अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल राष्ट्रिय बजेटको कम्तिमा २० प्रतिशत क्षेत्र शिक्षामा लगानी गरिने कुरा आफ्ना घोषणापत्रहरुमा उल्लेख गरेको पाईन्छ, तर शिक्षा क्षेत्रमा

नीजि क्षेत्रको संलग्नता समेत बढ्न गई सामुदायिक तथा संस्थागत दुवै प्रकृतिका विद्यालयहरुले विभिन्न विषयमा शुल्क संकलन गर्ने गरिरहेका छन् । यसले शिक्षामा लगानीका सम्बन्धमा चुनौति थपिएको छ। साथै शिक्षा क्षेत्रमा संघ,प्रदेश र स्थानीय तहको लगानीलाई सुव्यवस्थित, समन्वयात्मक, उद्देश्यमुलक, उपयोगी र नतिजामुखी बनाउने बिषय महत्वपूर्ण रहेको छ ।

नेपालमा आ.ब.२०४९/५० मा राष्ट्रिय बजेटको ८.५ प्रतिशतमात्र शिक्षा क्षेत्रमा विनियोजन गरिएकोमा हाल आ.ब.२०८३/८४ मा १०.२८ प्रतिशत पुऱ्याई शिक्षा क्षेत्रको लगानीमा विशेष महत्व दिएको पाईन्छ । शिक्षा क्षेत्रको विशेष जिम्मेवारी स्थानीय तहलाई दिइएको भएतापनि केन्द्रबाट प्राप्त हुने अनुदान न्यून हुने भएका कारण आवश्यक वित्तीय व्यवस्थापन गर्न स्थानीय तहलाई निकै कठिन भईरहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय श्रोत कहाँबाट, कसरी जुटाउने, कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषयमा जति सजगता अपनाईन्छ सोहि अनुसारको उपलब्धी प्राप्त हुने देखिन्छ।

करैयामाई गाउँपालिकाको शिक्षा क्षेत्रको आ.व.२०८२/८३ को प्रस्तावित बजेट निम्न अनुसार दर्शाइएको छ ।

शिक्षा क्षेत्रको बजेट

| आ.ब. | शिक्षा क्षेत्रको बजेट रु.हजारमा | | | | कुल बजेट रु. हजारमा | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | सशर्त अनुदान | आन्तरिक श्रोत | जम्मा | शिक्षा क्षेत्रको अंश | वित्तीय समानीकरण | सशर्त अनुदान | आन्तरिक श्रोत | |
| ०८२/८३ | १०५६१ | ४५२६ | १५०८७ | १२१८७५ | ४६५७९८.९२० | ११०७०० | १४४९०६.९२० | |

स्रोतः करैयामाई गाउँपालिका

## ६.२.१. उद्देश्य

गाउँपालिकाको शिक्षा क्षेत्र योजना कार्यान्यिनका सन्दर्भमा वित्तीय व्यवस्थापन तथा कार्यान्वयमा देहाय बमोजिम उद्देश्यहरु रहेका छन् ।

(क) विद्यालय शिक्षा सम्बन्धी योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान तथा प्रक्षेपण गर्नु ।

(ख) शैक्षिक क्षेत्रको सरकारी अनुदान, शैक्षिक पहुँच र गुणस्तरताको सुनिश्चिततालाई पारदर्शी बनाउनु।

(ग) शैक्षिक क्षेत्रको ससर्त र विशेष अनुदान बढाउने कार्यक्रमहरुलाई प्राथमिकता दिनु ।

(घ) वित्तीय सुशासन कायम गर्नुका साथै उपलब्ध स्रोतको उचित ढङ्गबाट प्रयोग हुने गरी विनियोजन गर्नु।

(ङ) निर्दिष्ट गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि उपयुक्त र आवश्यक स्रोत पहिचान गर्नु ।

(च) खर्च र लगानीको उपयोगको अवस्था, विधि, प्रकृया र जवाफदेहीता स्पष्ट पार्नु ।

### ६.२.२. रणनीति

गाउँपालिकाको शिक्षा क्षेत्रको वित्तीय व्यवस्था सम्बन्धी उद्देश्य प्राप्तिको लागि देहाय बमोजिम रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) गाउँपालिकाको शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी शिक्षा क्षेत्रको बजेटमा बृद्धि गर्दै लगिने छ।

(ख) शिक्षा क्षेत्रमा सरकारी अनुदानको खर्चको जिम्मेवारी गाउँपालिकाको हुने भएकोले शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तरमा जवाफदेहिता कायम हुने गरी प्रकृयाको अवलम्बन गरिने छ ।

(ग) शिक्षा क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई सामाजिक र सेवामूलक रुपमा संचालन गर्न प्रोत्साहन तथा प्रवर्द्धन गरिने छ ।

(घ) संघ र प्रदेश सरकारसंग समन्वयमा ऐन, नियम तथा कानून बमोजिम आर्थिक दायित्वको प्रवन्धलाई प्रभावकारी बनाईने छ ।

(ङ) खर्च र प्रतिवेदनको पद्धति मापदण्ड अनुरुप हुने गरी व्यवस्थापन गर्न आवश्यक नीति अबलम्बन गरिने छ ।

(च) शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन कार्यमा सुधार ल्याई वित्तीय जिम्मेवारी कुशल, पारदर्शी बनाउने कार्यक्रम अघि बढाईने छ ।

**६.२.३. उपलब्धीः** विद्यालय शिक्षामा दिगो वित्तिय व्यवस्थापन भई शैक्षिक पहुँच बृद्धि हुने र शिक्षा क्षेत्रमा समता गुणस्तर, क्षमता र उत्तरदायित्वमा बृद्धि हुने। ।

### ६.२.४. उपलब्धी, नतिजा र मुख्य क्रियाकलाप

| उपलब्धी | नतिजा | मुख्य क्रियाकलाप |
|---|---|---|
| १. विद्यालय शिक्षामा दिगो वित्तिय व्यवस्थापन भई शैक्षिक पहुँच बृद्धि हुने । | १. विद्यालय शिक्षाका हरेक क्षेत्रमा कार्यकुशलता, जिम्मेवारी, पारदर्शीता र उत्तरदायित्वमा बृद्धिभई | १. शिक्षा क्षेत्र सर्वाङ्गिण विकासका लागि तीनै तहका सरकारको समन्वय, |

| | | |
|---|---|---|
| २. शिक्षा योजना लागु भएपश्चात शिक्षा क्षेत्रमा समता, गुणस्तर, क्षमता र उत्तरदायित्व बृद्धि हुने। | मापदण्डका आधारमा खर्च व्यवस्थापन गर्ने पद्दतीको विकास हुने ।<br>२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय पहिचान हुने।<br>३. निजी क्षेत्रबाट समेत विद्यालय संचालन सार्वजनिक सेवा, समाजिक दायित्व र सेवामूलक व्यवसायको रुपमा लगानी हुने ।<br>४. शिक्षा क्षेत्रमा तीनै तहका सरकारको सहभागितामा बजेट विनियोजन हुने हुँदा भूमिका, दायित्व र जिम्मेवारी रहने ।<br>५. शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन र परिचालनमा गैर सरकारी संस्थाहरुको साझेदारीमा बृद्धि हुने ।<br>६. सबै शिक्षण संस्थाहरुको समाजिक परिक्षण भएको हुने। | सहभागिता र सहकार्य गरिने।<br>२. पाँच बर्षको लागि वित्तीय व्यवस्थापनको रणनीति तयार गरिने ।<br>३. उपलब्ध हुने बजेट अनुसार कार्यक्रमहरुको प्राथमिकिकरण गरिने ।<br>४. शिक्षा क्षेत्रमा लगानीका लागि गैरसरकारी संस्था तथा निजी क्षेत्रसंग समेत साझेदारी गरिने।<br>५. विद्यालयहरुमा लेखा प्रणाली सुदृढिकरणका लागि सफ्टवेयरको व्यवस्था र लेखा सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>६. योजनामा आधारित स्रोत बाँडफाँड र लगानी गर्ने व्यवस्था मिलाउने । |

## ६.२.५. प्रस्तावित कार्यक्रम बजेट अनुमानः

प्रस्तावित ५ बर्षे (२०८३-२०८७) शिक्षा योजनामा सबैका लागि बाल विकास तथा शिक्षामा न्यूनतम सक्षमताको मापदण्ड पुरा गरी गुणस्तरीय बाल विकास सेवा सुनिश्चित गर्ने, माध्यमिक तहको शिक्षालई निःशुल्क गर्ने सान्दर्भिकता बढाउने र गुणस्तर सुधार गर्ने, भर्ना बृद्धिका साथै टिकाउदर बढाउन व्यवसायिक सिप तथा प्रविधिमा आधारित सिकाई सुनिश्चित गर्ने । विद्यालयको भौतिक अवस्था र गुणस्तर सुधार गरी गाउँपालिका भित्रका सबै आधारभूत र माध्यमिक विद्यालयहरुमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता मापदण्ड (PMEC) पुरा गर्ने । त्यसै गरी निःशुल्क शिक्षा, पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति (विपन्न तथा अपाङ्गता लक्षित) शिक्षण सिकाइ समाग्री र मसलन्द उपलब्ध गराउनका साथै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार, पुस्तकालय व्यवस्थापन, बैकल्पिक सिकाइको उचित व्यवस्था, अभिभावक, शिक्षक तथा सम्बद्ध

कर्मचारीहरुलाई क्षमता विकासको तालिमको व्यवस्था, अनुगमन तथा मुल्याङ्कन, आपतकालीन अवस्थामा शिक्षाको व्यवस्थापन लगायतका विषयमा निम्नानुसार वित्तीय व्यवस्थापन गरिएको छ ।

## तालिका नं. १६
## विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (रु. हजारमा)

| क्र.सं | उप क्षेत्र | क्रियाकलाप | | ५ बर्षे बजेट | उपक्षेत्रको जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १ | सहजकर्ताका लागि पारिश्रमिक | ४७७५० | ९३७५० |
| | | २ | सहजकर्ताका लागि क्षमता विकास तालिम | ९०० | |
| | | ३ | शिक्षण सकाइ सामग्री अनुदान | २९०० | |
| | | ४ | भौतिक पूर्वाधार विकास | २९००० | |
| | | ५ | डिजिटल (अडियो/भिडियो) सामग्री व्यवस्था | २७०० | |
| | | ६ | अभिभावक शिक्षा | ५०० | |
| | | ७ | दिवा खाजा | १०००० | |
| | | | | | |
| २ | आधारभुत शिक्षा कक्षा १-८ | १ | शिक्षक तलब भत्ता | ३५४००० | ५७४०८० |
| | | २ | स्वयंसेवक शिक्षक परिचालन | २०००० | |
| | | ३ | विद्यालय कर्मचारी पारिश्रमिक | १९००० | |
| | | ४ | निःशुल्क पाठ्यपुस्तक | १७००० | |
| | | ५ | छात्रबृत्ति | ९००० | |
| | | ६ | दिवा खाजा | ५२५०० | |
| | | ७ | संचालन तथा व्यवस्थापम मसलन्द | ५००० | |
| | | ८ | कार्य सम्पादन अनुदान | ९०० | |
| | | ९ | विज्ञान प्रयोगशाला | ३५०० | |
| | | १० | पुस्तकालय | २३०० | |
| | | ११ | सूचना तथा संचार प्रविधि (ICT) र इन्टरनेट | ४००० | |
| | | १२ | शैक्षिक गुणस्तर सुदृढीकरण | ९०० | |
| | | १३ | परीक्षा व्यवस्थापन | ५००० | |
| | | १४ | शिक्षणसिकाइ सामग्री व्यवस्थापन | ४५००० | |
| | | १५ | विद्यालय खेलकुद प्रतियोगिता | १७०० | |
| | | १६ | अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थीको प्रतिभाको खोजी कार्यक्रम Talent Hunt | ९०० | |
| | | १७ | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ४००० | |
| | | १८ | निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | ४००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १९ | एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Computer Software) | १७०० | |
| | | २० | सिकाइ उपलव्धी परीक्षा र नतिजा प्रशोधिकरण | १८० | |
| | | २१ | शिक्षक तालिम (विषय शिक्षण, पाठ्यक्रम, कम्प्युटर विषय शिक्षण, CAS आदी) | ३५०० | |
| | | २२ | भौतिक पूर्वाधार विकास (नमुना विद्यालय समेत) | २०००० | |
| ३ | माध्यमिक शिक्षा | १ | शिक्षक तलब | ११७००० | १६१०५० |
| | | २ | स्वयंसेवक शिक्षक परिचालन | ३००० | |
| | | ३ | निःशुल्क पाठ्यपुस्तक | ५५०० | |
| | | ४ | संचालन तथा व्यवस्थापन मसलन्द | १८२५ | |
| | | ५ | विज्ञान प्रयोगशाला | ४७५ | |
| | | ६ | पुस्तकालय व्यवस्थापन | ११०० | |
| | | ७ | स्मार्ट बोर्ड व्यवस्थापन | ८०० | |
| | | ८ | शैक्षिक गुणस्तर सुदृढिकरण | ९०० | |
| | | ९ | शिक्षण सिकाइ सामग्री व्यवस्थापन | ९५०० | |
| | | १० | अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थीको प्रतिभाको खोजी कार्यक्रम Talent Hunt | ९५० | |
| | | ११ | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ४५०० | |
| | | १२ | निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | ४५०० | |
| | | १३ | भौतिकपूर्वाधार विकास (प्राविधिक धार र नमुनाविद्यालय समेत | ११००० | |
| ४ | उच्च शिक्षा | १ | उच्च शिक्षा शिक्षण संस्थामा फर्निचर सहितको पुस्तकालय व्यवस्थापन | ९५० | २६१४० |
| | | २ | विपन्न लक्षित छात्रवृत्ति (स्नातक र स्नातकोत्तर) | १९० | |
| | | ३ | इन्जिनियरिङ्ग कलेजको लागि भौतिक पूर्वाधार विकास | २५००० | |
| ५ | अनौपचारिक शिक्षा, जिवनपर्यन्त सिकाइ | १ | साक्षरता अभियान, साक्षर वडा वा नगर घोषणा | २३०० | ४१०० |
| | | २ | सामुदायिक अध्ययन केन्द्र स्थापना र संचालन | १८०० | |
| | | | | | |
| ६ | शिक्षाको पेशागत विकास र सहायता | १ | शिक्षक सहायता परिचालन | ४५० | ११९३ |
| | | २ | शिक्षकहरुबाट शिक्षणसंग सम्बन्धित कार्यमूलक अनुसन्धान र प्रतिवेदन | २५० | |
| | | ३ | अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण र मेन्टरिङ (कक्षा अवलोकन समेत) | २४५ | |
| | | ४ | नवनियुक्त शिक्षकहरुका लागि सेवा प्रवेश तालिम | २४८ | |
| ७ | आपतकालमा शिक्षा | १ | वैकल्पिक सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ४५०० | ४५०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | व्यवस्थापन र क्षमता विकास | १ | विभिन्न समिति तथा प्र.अ.वैठक संचालन | ९४५ | |
| | | २ | विव्यस/अशिसंका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम तथा अभिभावक सचेतना | ९९५ | |
| | | ३ | एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण | १००० | २९४० |
| ९ | अनुगमन तथा मुल्याङ्कन | १ | विद्यालय अनुगमन, सुपरिवेक्षण र मुल्याङ्कन | ९९५ | ९९५ |
| | | | कुल बजेट | | ८६८७४८ |

## ६.३. अनुगमन र मूल्याङ्कन

कुनैपनि कार्यक्रमको लक्ष्य अनुसार प्रगति र वर्तमान स्थितिका बारेमा जानकारी गराउने जस्तै विद्यालय शिक्षाका कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भईरहेको छ, विनियोजित बजेट समुचित ढंगले प्रयोग भएको छ छैन, कार्यान्वयन प्रकृयामा त्रुटी छ छैन शैक्षिक कृयाकलापहरु निर्धारित मापदण्ड र कार्यतालिका अनुसार कार्यान्वयन भइ लक्षित प्रतिफल प्राप्ति गर्ने तर्फ उन्मुख छन् वा छैनन् भन्ने विषयवस्तु निश्चित गर्न व्यवस्थापन पक्षबाट नियमित तथा आवधिक रुपमा कार्यक्रम कार्यान्वयन, कार्यक्रमको लक्ष्य र प्रगतिका सम्बन्धमा गरिने निरीक्षण सुपरिवेक्षण, निगरानी र जाँचबुझ गर्ने कार्य अनुगमन हो । यसले शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयोगिता, दक्षता र प्रभावकारिताको सुव्यवस्थित एवं उद्देश्यपूर्ण ढंगले जाँचबुझ र लेखा जोखा गर्ने कार्य गर्दछ । सामान्यतया अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका क्रममा र सम्पन्न भएपश्चात पनि गरिन्छ । शैक्षिक कार्यक्रमहरुका सम्बन्धमा गरिने अनुगमन तथा मूल्याङ्कनले कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, उत्तरदायी, पारदर्शी र नतिजामुखी बनाउन सहयोग गर्दछ ।

विद्यालय शिक्षा सुधार योजनाले साधन, प्रकृया र प्रतिफलको अनुगमन गर्ने लक्ष्य लिए अनुसार गाउँ शिक्षा योजनाले लिएका लक्ष्यहरु हासिल गर्न कार्यक्रम कार्यान्वयन अनुगमनलाई विशेष महत्व दिन थालिएको छ । अनुगमन कार्यन्वयनको बास्तविक अवस्था, कमीकमजोरी पहिचान गर्नुका साथै सम्बन्धित पक्षको पृष्ठपोषण लिने कार्यले योजना कार्यान्वयनमा थप सुधार ल्याउन मद्दत गर्दछ । गाउँपालिका भित्र रहेका विद्यालयहरुको भौतिक, शैक्षिक, समाजिक, आर्थिक तथा स्थान विशेषको वस्तुस्थिति बुझि गाउँपालिकाबाट प्रवाह हुने विविध कार्यक्रमहरुको वितरण तथा बाँडफाँड बास्तविक तुल्याउन सहयोग पुगेको छ । यस करैयामाई गाउँपालिकाले समेत जनप्रतिनिधि, सम्बन्धित कर्मचारी र गैरसरकारी संस्थाका प्रतिनिधिहरुबाट विद्यालयहरुको निरीक्षण एवं अनुगमन गर्ने कार्यको थालनी गरेको छ । आगामी दिनहरुमा समेत यस कार्यलाई निरन्तरता दिइने लक्ष्य लिइएको छ ।

### ६.३.१. उद्देश्य

(क) कार्यक्रमहरुको अनुगमनले कार्यक्रममा प्रभावकारीता ल्याउन सुधार गर्दै लैजान सकिने ।

(ख) योजना कार्यान्वयको चरणमा आएका समस्या तथा चुनौतीहरुलाई समयमै सम्वोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु ।

(ग) योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङकन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

(घ) कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति पूर्ण जवाफदेही संयन्त्रको व्यवस्था मार्फत शासकीय प्रवन्धमा सुदृढ बनाई विद्यालय शिक्षामा सुशासन अभिबृद्धि गर्ने ।

(ङ) योजनको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

### ६.३.२. रणनीति

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने ससर्त तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै श्रोतको बजेट समेत संलग्न गरी बार्षिक तथा पञ्चबर्षीय शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयन योजनाको खाका तयार गरिने छ ।

(ख) विद्यालय शिक्षासंग सम्बन्धित मूख्य जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरुलाई कार्य सम्पादनमा उत्तरदायी नतिजाप्रति जवाफदेही बनाइन्छ ।

(ग) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो व्यवस्थित र प्रभावकारी बनाउन सञ्चार तथा प्रविधिको प्रयोग गरिनेछ ।

(घ) विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी बार्षिक रुपमा अद्यावधिक गरिने छ ।

(ङ) प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादन करार गर्ने अभ्यास गरी विद्यालय व्यवस्थापन र निर्धारित कार्यक्रम कार्यान्वयनमा जिम्मेवार बनाईने छ।

(च) अनुगमन तथा मूल्याङ्कन कार्यका लागि निश्चित बजेट विनियोजन गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरी प्राप्त पृष्ठपोषणलाई अनिवार्य रुपमा लागु गर्ने व्यवस्था मिलाईने छ ।

(छ) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम योजना तथा परियोजनालाई पुरस्कृत तथा दण्ड गर्ने व्यवस्था गर्ने ।

(ज) विद्यालयमा सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहजीकरणका साथै समस्या समाधानका लागि आवश्यक समन्वय तथा निर्देशन गरिने छ।

## ६.३.३. उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप

| उपलब्धी | नतिजा | प्रमुख क्रियकलाप |
|---|---|---|
| १. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धी हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।<br>२. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास हुने । | १. योजना अनुसार सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशिकाको विकास गरी सोही आधारमा कार्क्रमको कार्यान्वयन हुने।<br>२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास हुने ।<br>३. विद्यालय सुधार योजना तयार गरी समयसापेक्ष अध्यावधिक गरिने ।<br>४. योजना बमोजिम सम्पादन गरिने कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक निर्देशिका तयार भई सोही आधारमा कार्यक्रमको कार्यान्वयन हुने ।<br>५. बिद्यार्थीको उपलब्धी परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित भई यसका नतिजाहरुका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने ।<br>६. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना र जनशक्ति तयार हुने । | १. विद्यालयहरुको कार्यसम्पादन परीक्षण ।<br>२. विद्यार्थीहरुको सिकाइ उपलब्धी परिक्षण तथा मुल्याङ्कन ।<br>३. विद्यालय सुधार योजना तयार तथा अध्यावधिक।<br>४. सम्पादन हुने कार्यक्रमको कार्यान्वयका लागि निर्देशिका तयार ।<br>५. सुपरीवेक्षण र अनुगमन टोली गठन तथा अनुगमन।<br>६. संघीय तथा प्रदेश तहबाट प्राप्त सशर्त अनुदान लगायत स्थानीय स्रोतको बजेट समेत संलग्न गरी समावेश गरी शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयन । |

# परिच्छेद-७

# लक्ष्य तथा कार्यक्रम, कार्यान्वयन रणनीति तथा योजना

## ७.१. कार्यक्रम तथा क्रियाकलाप

हाल मूलुकभर विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७९-२०८८) लागु भइ कार्यान्वयनमा रहेकोले सबै स्थानीय निकाय अन्तरगतका विद्यालयहरुमा सोही अनुसार विद्यालय क्षेत्र सुधारका कार्यक्रम एवं क्रियकलापहरु सञ्चालन गर्नु आजको आवश्यकता रहेको छ । गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्था, उपलब्ध स्रोत र साधन तथा नेपाल सरकारबाट प्राप्त हुने ससर्त तथा अन्य अनुदान, नीति निर्देशनहरु समेतका आधारमा आगामी ५ बर्षभित्र यस गाउँपालिका भित्र रहेका विद्यालयहरुमा निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गरिने तथा निरन्तरता दिइने छ ।

| कार्यक्रम | क्रियाकलापहरु |
|---|---|
| विद्यालय शिक्षा क्षेत्र योजना (२०८३-२०८७) | १. बाल विकास तथा शिक्षा<br>➢ चार बर्ष उमेर समुहका बालबालिकालाई बाल विकास केन्द्रसम्म ल्याउने व्यवस्था मिलाउने ।<br>➢ बाल विकास केन्द्रहरुको स्थापना र सञ्चालनमा प्राथमिकता दिने ।<br>➢ पुराना विद्यालयहरुमा समेत बालविकास केन्द्र सञ्चालन गर्ने ।<br>२. विद्यालय शिक्षामा पहुँच<br>➢ हरके शैक्षिक बर्षको शुरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने ।<br>➢ पहुँच अनुसार प्राथमिक शिक्षा कार्यकक्रम विस्तार गर्ने ।<br>➢ विशेष आवश्यकता भएका बालबालिकाको लागि आवश्यक शिक्षा उपलब्ध गराउने ।<br>३. शैक्षिक गुणस्तर अभिबृद्धि<br>➢ निःशुल्क दिवा खाजा तथा पाठ्यपुस्तक उपलब्ध गराउने ।<br>➢ विद्यालयको भौतिक विकास तथा शैक्षिकस्तर बृद्धि गर्ने ।<br>➢ एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लागु गर्ने ।<br>➢ शिक्षामा यथाशक्य सूचना तथा सञ्चार प्रविधिको सञ्चालन र व्यवस्थापन गरिने ।<br>➢ स्थानीय भाषाभाषिहरुका लागि पाठ्यक्रम निर्माण तथा शैक्षिक सामाग्री उपलब्ध गराईने ।<br>➢ निरन्तर शिक्षक तथा विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्ने । |

| | |
|---|---|
| | ४. साक्षरता तथा निरन्तर शिक्षा<br>➢ समुदाय लक्षित व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>➢ साक्षरता अभियान र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br><br>➢ रोजगारीजन्य आय आर्जन कार्यक्रम सञ्चालन गर्ने ।<br>५. प्रोत्साहन तथा सहयोग<br>➢ दलित तथा सिमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति ।<br>➢ बालिका छात्रवृत्ति ।<br>➢ अपाङ्गता छात्रवृत्ति ।<br>➢ आर्थिक विपन्न तथा लक्षित समूहका विद्यार्थीको लागि छात्रवृत्ति ।<br>➢ माध्यमिक शिक्षा छात्रवृत्ति ।<br><br>६. शिक्षक तथा शिक्षा विकास कार्यक्रम ।<br>➢ नव प्रवेशी शिक्षक तथा कर्मचारीहरुका लागि सेवा प्रवेश तालिमको व्यवस्था गर्ने ।<br>➢ शिक्षकलाई पेशागत विकास र भाषिक तथा IT in Education तालिम दिईने ।<br>➢ प्रधानाध्यापकलाई व्यवस्थापन तथा नेतृत्व क्षमता बृद्धि तालिम दिईने। |

### ७.१.१. रणनीति

नेपालको संविधान, शिक्षा ऐन तथा स्थानीय स्वायत्त शासन ऐनले शिक्षा क्षेत्रमा योजना निर्माण तथा कार्यान्वयनका कार्यहरु विकेन्द्रिकरणको सिद्धान्त अनुसार गर्ने व्यवस्था गरेको छ । जसले स्थानीय तह, शिक्षा सम्बद्ध निकायहरु, तथा स्थानीय समुदायलाई शिक्षा क्षेत्रमा आफ्नो वास्तविक अवस्था, समस्या र आवश्यकता पहिचान गरी सोही अनुसार योजना निर्माण तथा कार्यान्वयनका लागि श्रोत परिचालन गर्न प्रोत्साहित गर्दछ ।

आगामी पाँच बर्षका लागि दिशा निर्देश गर्न तयार गरिएको गाउँपालिक शिक्षा क्षेत्र योजना निम्नानुसार कार्यान्वयन गरिने छ ।

(क)विद्यालयहरुको व्यवस्थापनमा स्थानीय समुदायलाई नै सकृय गराइ स्थानीय स्रोत, साधन तथा संघ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग गरी आफ्ना आवश्यकता अनुसार प्राथमिकिकरण गरी कार्य सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

(ख) गाउँपालिका भित्र संचालनमा रहेका विद्यालयहरुमा गरिने शैक्षिक सुधारका कार्यक्रमहरुका लागि आवश्यक पर्ने अनुदान रकम समयमानै सरल तरिकाले विद्यालयको खातामा जम्मा गरिने व्यवस्थालाई निरन्तरता दिईने छ ।

(ग) विद्यालयका शिक्षक तथा बाल विकास केन्द्रमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक, छात्रवृत्ति, दिवा खाजा र शैक्षिक समाग्री खरिदको रकम समयमानै निकासा गरिने छ ।

(घ) सम्बन्धित सरोकारवालाहरुलाई सक्रिय, सक्षम र उत्तरदायी बनाउन विभिन्न क्रियाकलापहरु सञ्चालन गरिने छ । त्यस्तै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई वर्तमान शैक्षिक नीति र कार्यक्रमहरुका बारेमा जानकारी दिन र स्थानीय शैक्षिक योजना निर्माण गर्ने सम्बन्धमा आवश्यक क्षमता विकास तालिम एवं कार्यशाला सञ्चालन गरिने छ ।

(ङ) विद्यालय उमेर समूहका बालबालिका सबैलाई विद्यालय भर्ना गराउन र भर्ना भएकाहरुलाई टिकाउनका लागि विभिन्न प्रकारका अभियानहरु, शैक्षिक प्रदर्शनी, चेतनामूलक कार्यक्रमहरु तथा समूदाय परिचालनका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने । यस्ता अभियानहरु सञ्चालन गर्दा स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, स्थानीय निकायहरु, विभिन्न सामुदायिक संघ संस्था तथा अभिभावकहरु आदिसंगको साझेदारीमा सञ्चालन गरिने छ ।

(च) गाउँपालिका भित्र सञ्चालन हुने शैक्षिक सुधारका कार्यक्रमहरुलाई नियमित निरिक्षण, सुपरिवेक्षण र अनुगमनका लागि गाउँपालिका, स्थानीय समुदाय र विद्यालय सम्बद्ध व्यक्तिहरुलाई सक्रिय गराइने छ । स्थानीय र निकट अनुगमन तथा मूल्याङ्कननै बढी प्रभावकारी हुने भएकाले विद्यालय सुधार योजना लगायत गाउँपालिकाबाट तयार गरिने गाउँ शिक्षा योजनामै अनुगमन तथा सुपरिवेक्षणका लागि आवश्यक व्यवस्था मिलाई कार्यान्वयन गरिने छ ।

(छ) प्रत्येक विद्यालयले आफ्नो स्रोत, साधन र विभिन्न निकायबाट प्राप्त हुने अनुदानलाई पारदर्शी बनाउन विद्यालयको आयव्ययको विवरण प्रत्येक महिना सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

(ज) शिक्षाको मूलधारमा समुदायमा पछाडी परेका बालिकाहरु, विपन्न, दलित, अपाङ्ग, सिमान्तकृत समुदायलाई समाजका सबै गतिविधिमा समान सहभागित गराउनका लागि शिक्षाको मूलधारमा ल्याउन छात्रवृत्ति, तालिम जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । विद्यालयहरुमा रिक्त दरवन्दीमा नयाँ शिक्षक नियुक्त गर्नु पर्दा महिला तथा पिछडीएको समुदायका व्यक्तिहरु नियुक्ति गर्ने कार्यलाई प्रोत्साहीत एवं पुरस्कृत गरिने छ ।

## ७.१.२. योजना कार्यान्वयनको प्रवन्ध

गाउँपालिका शिक्षा क्षेत्र योजना (२०८३-२०८७) कार्यान्वयन अवधिभर गरिने कार्यक्रम तथा क्रियाकलाप निम्नानुसार सञ्चालन गरिने छ । जसबाट कार्यक्रमगत रुपमा आइपर्ने समस्या, चुनौति, समस्या समाधानका उपाय तथा कार्यान्वयनमा सक्रिय हुनुपर्ने निकायहरुको बारेमा स्पष्ट दिशा प्रदान गर्न सहजता मिल्नेछ ।

| कार्यक्रमको नाम | मुख्य रणनीतिहरु | क्रियाकलापहरु |
|---|---|---|
| प्रारम्भिक बाल विकास शिक्षा | १. सञ्चालनमा रहेका बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक व्यवस्थापनमा सुधार ल्याइने छ ।<br>२. स्थानीय स्तरमा उपलब्ध हुने गरी बाल विकास केन्द्रहरुको स्थापना तथा सञ्चालन गर्ने ।<br>३. सबै विद्यालयहरुमा समेत बाल विकास केन्द्र सञ्चालन गर्न प्रोत्साहित गरिने ।<br>४. गैरसरकारी, सामुदायिक र निजी संघ संस्थाहरुलाई बाल विकास केन्द्र खोल्न प्रेरित गर्ने । | १. संघीय सरकार, प्रदेश सरकार, गाउँपालिकाको श्रोत र विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी आर्थिक श्रोत जुटाई सहजकर्ताहरुलाई क्षमता विकास र पुनर्ताजगी तालिम प्रदान गरिने ।<br>२. सामाजिक र आर्थिक रुपमा पिछडीएका बालबालिकालाई समेट्ने गरी विभिन्न नमुना विकास गरी पहुँच सुनिश्चित गरिने छ ।<br>३. खेलकुदका साथै मनोरञ्जनपूर्ण (अडियो भिडियोको प्रयोग) सिकाइको व्यवस्था गरिने छ ।<br>४. यसको प्रभावकारितको लागि अभिभावक, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरुलाई जिम्मेवार बनाईने । |
| आधारभूत शिक्षा | १. गाउँपालिकाको सक्रियतामा समुदाय, गैरसरकारी संघसंस्था, राजनैतिक दल तथा अन्य सरोकारवालाहरु समेतको सहयोगमा विद्यालय भर्ना अभियान तथा स्वागत कार्यक्रम सञ्चालन गरिने ।<br>२. आर्थिक विपन्न समुदाय, दलित, सिमान्तकृत, अपाङ्ग बालबालिका तथा छात्राहरुको शिक्षामा पहुँच, समता र निरन्तरता अभिबृद्धि गरिने छ ।<br>३. नेपाल सरकारको अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको अवधारणा कर्यान्वयन गर्न आवश्यक श्रोत तथा कानूनको तर्जुमा गरिने छ । | १. तोकीएको शैक्षिक योग्यता भएका गुणस्तरीय शिक्षकको व्यवस्था गरिने।<br>२. विद्यार्थी सिकाइका क्रममा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगमा आवश्यक सामाग्री तथा क्षमता विकास गरिने ।<br>३. संघीय र प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरी विद्यालयलाई प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) उपलब्ध गराउन आवश्यक लगानीको व्यवस्था मिलाईने ।<br>४. निःशुल्क शिक्षाको लागि पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामाग्रीका साथै स्वस्थ्यकर र पौष्टिक आहार सहितको खाजाको व्यवस्था मिलाईने ।<br>५. अभिभावक सचेतना, शिक्षक, विद्यालय व्यवस्थापन समिति र सम्बद्ध |

| | | |
|---|---|---|
| | ४. आधारभूत शिक्षा उमेर समूहका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्न विद्यार्थीलाई विद्यालयमा आकर्षित गर्न विभिन्न कार्यक्रमहरु (सडक नाटक, शैक्षिक प्रदर्शनी, बालक्लव गठन, बालर्‍याली) सञ्चालन गरीने । | पदाधिकारीहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरीने।<br>६. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सुधारात्मक र निरन्तरता दिन शिक्षक र प्रधानाध्यापकलाई जिम्मेवार बनाईने ।<br>७. शिक्षकको पेशागत विकास सहायता प्रणालीको स्थापना गरी शिक्षकले शिक्षणमा विताउने समय सुधार कार्यान्वयन कार्यविधि लागु गरिने छ। |
| माध्यमिक शिक्षा | १. गाउँपालिकाको सक्रियतामा समुदाय, गैरसरकारी संस्था, राजनैतिक दल समेतको सहयोगमा विद्यार्थी भर्ना कार्यक्रमहरु, टिकाउ तथा पहुँचमा सुधार कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गरिने छ ।<br>२. संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहयोगमा विद्यालयहरुको भौतिक पूर्वाधार विकासका साथै शिक्षक तथा सम्बद्ध सबैको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बृद्धिगरी शिक्षकहरुलाई समेत निरन्तर अध्यावधिक गराउने प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. शिक्षामा आर्थिक विपन्न, दलित, सिमान्तकृत, अपाङ्ग बालबालिका तथा छात्राहरुको पहुँच, समता र निरन्तरता अभिबृद्धि गरिने छ । | १. निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि पाठ्यपुस्तक, पाठ्यसामाग्री, छात्रवृत्ति उपलब्ध गराउनुका साथै अन्य आवश्यक कानून, मापदण्ड तर्जुमा गर्ने ।<br>२. अंग्रेजी, विज्ञान र गणित विषयमा आवश्यक शिक्षण सहयोग अनुदानको व्यवस्था गर्ने ।<br>३. विद्यालयको न्युनतम भौतिक पूर्वाधार विकास गरिनुका साथै आवश्यक विषयगत शिक्षकहरुको व्यवस्था मिलाईने ।<br>४. विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण र विद्यालयको कार्यसम्पादन परीक्षणलाई सुदृढ बनाईने ।<br>५. सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक सामाग्री र क्षमता विकास गरी सबै विद्यालयमा छुट्टै सुचना तथा सञ्चार प्रविधि प्रयोगशालाको व्यवस्था गरिने।<br>६. सबै विद्यालयहरुमा प्राविधिक धार शिक्षाको विस्तार गरिनुका साथै अनिवार्य विज्ञान प्रयोगशालाको व्यवस्था गरिने छ । |

| | | |
|---|---|---|
| | | ७. समग्र रुपले सक्षम विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गरिने । |
| साक्षरता तथा निरन्तर शिक्षा | १. अत्याधिक निरक्षरता भएको क्षेत्रको पहिचान गरी सघन तथा सक्रिय रुपमा अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>२. सामुदायिक अध्ययन केन्द्र शैक्षिक कार्यक्रम सञ्चालन गर्ने महत्वपूर्ण केन्द्रको रुपमा विकास गर्न क्षमता विकास गरिने छ ।<br>३. सबै विद्यालयहरुलाई आ-आफ्नो क्षेत्रमा साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिने छ।<br>४. प्रौढ तथा महिलाहरुको लागि साक्षरोत्तर शिक्षा तथा आय आर्जनका विभिन्न कार्यक्रम सञ्चालन गरी स्वरोजगारी सृजना गरिने छ। | १. सरकारी तथा गैरसरकारी संघसंस्था, समुदाय राजनैतिक दल, पत्रकारहरु तथा स्थानीय समाजसेवी, बुद्धिजिवीसंगको सहयोग र समन्वयमा निरक्षरता उन्मुलन हुने गरी कार्यक्रम सञ्चालन ।<br>२. सामुदायिक अध्ययन केन्द्रका पदाधिकारीहरुको क्षमता विकास गर्न आवश्यक रकम विनियोजन गरिने ।<br>३. प्रत्येक विद्यालयमा समूह गठन गरी स्थानीयस्तरमा साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने ।<br>४. संघ प्रदेश र गाउँपालिकाको समन्वय र सहयोगमा साक्षरोत्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरु सञ्चालन । |
| प्राविधिक शिक्षा तथा व्यवसायिक सिप | १. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा धारका कक्षा सञ्चालन गरी प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच बढाइने छ।<br>२. विद्यालयहरुमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गरी श्रम बजारमैत्री प्राविधिक धारको पाठ्यक्रमलाई समावेश गरिने छ ।<br>३. विद्यालयहरुमा सूचना तथा प्रविधिमा आधारित शैक्षिक कार्यक्रमको विस्तार गरिने छ । | १. पाठ्यक्रम तथा पाठ्यसामाग्री परिमार्जन गरी सान्दर्भिक बनाउने ।<br>२. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने ।<br>३. स्थानीय श्रम बजार अनुसारको प्राविधिक धारको शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाइने ।<br>४. प्राविधिक तथा व्यवसायिक शिक्षा सिकाइ सञ्चालन गर्ने विद्यालयका लागि शिक्षक तथा अनुदान निकासा दिन प्राथमिकता दिइने छ । |
| शिक्षक शिक्षा तथा विकास | १. सबै तहमा शिक्षक नियुक्तिमा योग्य, सक्षम तथा दक्ष शिक्षकहरुलाई प्राथमिकता दिईने साथै समय समयमा गुणस्तरीय शिक्षक शिक्षा | १. आवश्यकता तथा प्राथमिकिकरणका आधारमा मापदण्ड तयार गरी शिक्षकहरुलाई कम्तिमा १५- |

| | | |
|---|---|---|
| | तथा पेशागत तालिमको व्यवस्था मिलाईने ।<br>२. शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनको मूल्याङ्कन प्रणाली लागु गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने पद्दतीको विकास गर्ने ।<br>३. शिक्षकका लागि शिक्षण सिकाइका सम्बन्धमा अनलाईन तथा अफलाईन तालिमको व्यवस्था गरिने । | ३० कार्य दिने तालिमको व्यवस्था ।<br>२. प्रधानाध्यापकको नेतृत्व तथा व्यवस्थापकीय क्षमत अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्था ।<br>३. संघ र प्रदेशको सहभागितामा हुने पेशागत शिक्षक तालिम कार्यक्रमहरुमा गाउँपालिकामा कार्यरत शिक्षकलाई सहभागि गराउन प्रयास गर्ने ।<br>४. विद्यालयहरुमा अनुगमन तथा सुपरिवेक्षणको संयन्त्र प्रभावकारी बनाई विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुलाई जवाफदेही बनाउने ।<br>५. शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि अंग्रेजी माध्यमबाट शिक्षण, बहुभाषिक शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिने ।<br>६. शिक्षकहरुलाई शिक्षणप्रति उत्प्रेरित गर्न सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवा जस्ता वृत्ति विकासका प्रावधानहरु तयार गरी लागु गरिने । |
| प्रभावकारी सेवा प्रवाहका लागि क्षमता विकास | १. संघ तथा प्रदेशका शिक्षासंग सम्बन्धित निकायहरुसंग प्रभावकारी सम्बन्ध कायम गरी प्रधानाध्यापक/शिक्षक,प्रशासनिक कर्मचारी तथा सम्बद्ध निकायहरुको क्षमता अभिबृद्धि गर्ने ।<br>२. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन | १. शिक्षा सेवा प्रवाह सहभागिता मूलक, उत्तरदायि, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी बनाउन विद्यालयका प्रधानाध्यापकसंग कार्य सम्पादन करार गरिने ।<br>२. शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकासका लागि विभिन्न खालका तालिम सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| | प्रधानाध्यापक छनौट, तालिम र वृत्ति विकासमा विशेष ध्यान दिने ।<br>३. स्थानीय सरोकारवालाहरुको संलग्नतामा गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माण गरी प्रभावकारी रुपले कार्यान्वयन गरिने।<br>४. विद्यालयहरुमा आर्थिक पारदर्शीता कायम गर्न विद्यालय व्यवस्थापन समिति गाउँपालिकाको सम्बन्धित शाखा र कानूनद्वारा तोकिएको निकायबाट आम्दानी खर्चको लेखाजोखा गरी कम्तिमा महिनाको एक पटक सार्वजनिक गर्ने व्यवस्था गरिने । | ३. शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संगठन गठन गर्ने।<br>४. आर्थिक पारदर्शीता कायम गराउन आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यक्रम सञ्चलन ।<br>५. विद्यालय अनुदान निकासलाई कार्यकुशलता र कार्यसम्पादनसंग आवद्ध गरिने । |
| अनुगमन तथा प्रतिवेदन | १. मूल्याङ्कन तथा प्रतिवेदन कार्यमा सहजताका लागि एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ गर्ने ।<br>२. एकिकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कनको विकास गरी स्रोत केन्द्र र क्षेत्र स्तरीय अनुगमनलाई प्रभावकारी बनाईने ।<br>३. विद्यालयहरुको शैक्षिकस्तर विकास गर्न सम्बन्धित विषयगत कार्यालयहरु, स्थानीय बुद्धिजिवी, पेशागत संघसंस्थाहरु समेत सहभागी हुने गरी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गरीने । | १. विद्यार्थी उपलब्धी परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षण प्रणालीलाई थप व्यवस्थित र नियमित गरी शिक्षण सिकाइमा सुधार ल्याउने परिपाटी बसाल्ने ।<br>२. कार्यक्रम कार्यान्वयनको चौमासिक तथा बार्षिक समिक्षा तथा प्रतिवेदन तयार गरी सो का आधारमा विद्यालय व्यवस्थापन र शिक्षण सिकाइमा गुणस्तर अभिबृद्धि गर्दै लैजाने ।<br>३. नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अध्यावधिक गरिने ।<br>४. एकिकृत शैक्षिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणको अध्ययन गरी आवश्यक पर्ने मार्गदर्शनको निर्माण गरिने । |

परिच्छेद-८

# अनुगमन तथा प्रतिवेदन

## ८.१. शिक्षामा अनुगमन तथा वर्तमान अवस्था

कुनैपनि योजना कार्यक्रमको लक्ष्य, कार्यान्वयन प्रक्रिया र बर्तमान अवस्थाको जानकारी प्राप्त गर्ने अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणाली महत्वपूर्ण अङ्गका रुपमा रहेको हुन्छ । जसबाट योजनाको सञ्चालनमा देखिएका समस्या, अवरोध र सैद्धान्तिक त्रुटी लगायतका कमीकमजोरी समयमै पहिचान गरी भावी रणनीति तयार गरी योजना कार्यान्वयन गर्न सहयोग पुग्दछ । अनुगमन तथा निरीक्षण समयावधिक र सम्बद्ध विभिन्न निकायहरुबाट हुने गर्दछ ।

यसैगरी विद्यालय शिक्षा क्षेत्र विकास योजना कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिइ लक्ष्य र वास्तविक कार्यान्वयनको अवस्थाको अध्ययन गरी भावि रणनीति तयार गर्ने गरिएको छ । स्थानीयस्तरमा सञ्चालित विद्यालयहरुको विभिन्न निकायहरु (संघीय र प्रदेशस्तरीय, जिल्लास्तरीय, स्थानीयतह, विद्यालय निरीक्षक तथा श्रोत व्यक्तिहरु) बाट मासिक, चौमासिक र बार्षिक अनुगमन तथा सुपरिवेक्षण गर्ने परिपाटी रही आएको छ ।जसबाट विद्यालय शिक्षामा पहुँच र सहभागिता, समता तथा समावेशीता, विद्यार्थी उपलब्धी शिक्षक व्यवस्थापन, विद्यालयको भौतिक तथा सिकाइ वातावरण, शैक्षिक प्रशासन तथा व्यवस्थापन, उत्तरदायी तथा पारदर्शीताका सम्बन्धमा जानकारी हुने र सोही अनुसारको सुधार र विकास गर्न मद्दत पुग्दछ।

विद्यालय शिक्षाको समग्र विकासका लागि मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधि र संजालको प्रयोग गर्ने एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन विकास गर्न सम्बन्द्ध सबै निकायहरु जिम्मेवार हुनुपर्ने छ। भरपर्दो अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी सोबाट प्राप्त पृष्ठपोषणलाई तत्काल अध्ययन तथा गर्नुपर्ने सुधार गरी योजना कार्यान्वयनमा उपयोग गर्दा शिक्षा क्षेत्रमा विद्यार्थी उपलब्धी, विद्यालयको भौतिक पूर्वाधार र शिक्षकको कार्य सम्पादनमा सुधार हुने देखिन्छ ।

### ८.१.१. उद्देश्य

(क) विद्यालयको व्यवस्थापकीय पक्ष र शैक्षिक उपलब्धी पहिचान गरी कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने ।

(ख) विद्यालयहरुमा रहेका विविध प्रकारका समस्या तथा चुनौतिहरुलाई समयमै सम्बोधन गरी सुधारका लागि आवश्यक सुझाव दिने ।

(ग) विद्यालय शिक्षा क्षेत्रको विकासका लागि सम्बद्ध विभिन्न पक्षसंग अन्तरकृया र विश्लेषण गर्ने ।

(घ) संघीय र प्रदेश निकाय जिल्ला शिक्षा, श्रोत केन्द्र र विद्यालय तहमा हुने अनुगमन निरीक्षणलाई नियमित, पृष्ठपोषण प्राप्त हुने र एकिकृत सहभागिता गराउने ।

### ८.१.२. विधि र प्रक्रिया

(क) शिक्षा सम्बन्धी संघीय र प्रदेश निकाय, जिल्ला शिक्षा, श्रोत केन्द्र र आवश्यक अन्य निकायका पदाधिकारीहरु सम्मिलित शैक्षिक सुधार संयन्त्र निर्माण गरी परिचालन गरिने ।

(ख) मासिक, अर्धबार्षिक तथा बार्षिक अनुगमन योजना बनाई विद्यालय एवं शैक्षिक संस्थाहरुको भौतिक पक्षको अवलोकन गर्ने ।

(ग) विद्यालयको बजेट, श्रोत साधनको विनियोजन र बजेट निकासा तथा सोको उपदेयताका बारेमा अध्ययन गर्ने ।

(घ) विद्यार्थीको सिकाइ, उपलब्धी र शिक्षा कक्षाको अवलोकन गर्ने ।

(ङ) सरोकारवालाहरुसंग अन्तरक्रिया गरी सल्लाह सुझाव प्राप्त गरी पृष्ठपोषण तथा नमूनापाठ प्रदर्शन गर्ने।

### ८.१.३. अनुगमन तथा सुपरिवेक्षणमा सहभागिता

संघ तथा प्रदेशका शैक्षिक निकायहरु, जिल्लास्थित शिक्षा कार्यालयका पदाधिकारी, सम्बन्धित प्रधानाध्यापक, विद्यालय निरीक्षक, श्रोत व्यक्ति, शिक्षक अभिभावक संघका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, पत्रकार, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरु तथा विद्यार्थी प्रतिनिधिहरु ।

### ८.१.४. विद्यमान अवस्था

(क) विभिन्न समयमा विभिन्न निकायबाट अनुगमन तथा सुपरिवेक्षण हुने गरेको ।

(ख) अनुगमन प्रतिवेदन तयार गरी प्राप्त हुने नगरेको । प्राप्त प्रतिवेदन अध्ययन गरी सो को मार्गदर्शन अनुसार योजना निर्माण गर्न नसकीएको ।

(ग) सूचकहरुमा आधारित निरीक्षण तथा अनुगमन फाराम विकास गरी अनुगमन गर्ने नगरिएको । सामुहिक सुपरिवेक्षणको पद्दति कार्यान्यन नगरीएको ।

### ८.१. ५. चुनौति

(क) अनुगमन तथा निरीक्षण प्रकृया प्रभावकारी हुन नसकेको गुनासो विद्यमान रहेको ।

(ख) अनुगमन तथा निरीक्षण प्रकृयामा अनुगमन सुचकाङ्कको प्रयोग गर्न कठिन भएको ।

(ग) अनुगमन तथा निरीक्षण निकायलाई प्रकृयाको यथेष्ठ जानकारी नभएको ।

(घ) कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारलाई कडाइकासाथ लागु गर्न नसकिएको ।

(ङ) विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई आवश्यक तालिमको व्यवस्था गर्न नसकिएको ।

(च) शिक्षामा राजनीतिकरणको प्रभाव पर्ने गरेको ।

(छ) पेशाकर्मीहरुमा सेवाभाव, जिम्मेवारी बोध तथा नैतिकताको कमी ।

### ८.१.६. अवसरहरु

(क) शिक्षक सुपरिवेक्षण तथा सहयोग प्रणाली कार्यमुलक भई विद्यार्थीको सिकाइको गुणस्तर बृद्धि हुने ।

(ख) मूल्याङ्कन र प्रतिवेदन कार्य छिटो छरितो व्यवस्थित र प्रभावकारी हुने ।

(ग) शैक्षिक क्षेत्र सुधारका लागि स्थानीय समुदाय तथा गैरसरकारी संस्थाको समेत संलग्नता रहने।

(घ) आवश्यक श्रोत र साधन उपलब्ध हुनुका साथै दक्ष जनशक्तिको पर्याप्तता रहने ।

(ङ) शिक्षा क्षेत्रमा विद्यालयको भौतिक तथा सिकाइ वातावरण, शैक्षिक प्रशासन तथा व्यवस्थापन, उत्तरदायीत्व तथा पारदर्शीता अभिबृद्धि हुनुका साथै शिक्षामा पहुँच र सहभागिता, समता र समावेशी, विद्यार्थी सिकाइ उपलब्धीमा समेत बृद्धि हुने ।

### ८.१.७. रणनीतिक प्राथमिकता

(क) अनुगमन तथा निरीक्षण योजना निर्माण र स्वीकृत गराई कार्यान्वय गरिने छ ।

(ख) अनुगमन तथा निरीक्षण समितिको गठन गरी जवाफदेही बनाईने ।

(ग) सूचकाङ्कमा आधारित फारामको निर्माण गरी सोही फाराम अनुसार प्रतिवेदन तयार गर्ने ।

(घ) अनुगमन तथा निरीक्षण फाराम बमोजिम समग्र प्रतिवेदन तयार गरी पेश गरिने छ ।

(ङ) तहगत अनुगमन संयन्त्रलाई एकीकृत, नियमित र प्रभावकारी बनाईने ।

(च) प्राप्त अनुगमन तथा निरीक्षण प्रतिवेदनलाई आधार बनाई भावी रणनीति तय गरिने ।

### ८.१.८. क्रियाकलापहरु

| क्रम संख्या | क्रियाकलाप | विस्तृत क्रियाकलाप |
|---|---|---|
| १. | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन सम्बन्धी क्षमता विकास | १. सबै बालबालिकालाइ विद्यालय जाने तत्परता, प्रारम्भिक सिकाइ र गुणस्तरीयता वृत्ति गरिएको ।<br>२. प्रधानाध्यापकलाई नेतृत्व क्षमता विकास र शिक्षकलाई शैक्षिक तालिमको व्यवस्था गरिएको ।<br>३. प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुधार योजना निर्माण गर्न प्रेरित गरिएको ।<br>४. स्रोत केन्द्रको बैठकमा विद्यालय सुधार योजना र कार्यान्वयन सम्बन्धी छलफल गर्ने गरिएको । |
| २ | शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन | १. सूचकाङ्कमा आधारित निरीक्षण तथा अनुगमन फाराम निर्माण गरी स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुलाई प्रबोधिकरण।<br>२. स्रोत केन्द्रहरुबाट तथ्याङ्क फाराम वितरण गरी सोको संकलन पश्चात आवश्यक अध्ययन गरी कार्यान्वयन गर्ने गरिएको ।<br>३. स्रोतकेन्द्रहरुबाट प्राप्त तथ्याङ्कहरुको सारांस तयार गरी कम्प्युटर प्रविष्टि गर्ने गरिएको । |

| | | |
|---|---|---|
| | | ४. बार्षिक रुपमा कम्तिमा दुई पटक तथ्याङ्क प्रतिवेदन सार्वजनिक गर्ने गरिएको । |
| ३ | समाजिक परीक्षण तथा प्रतिवेदनको सुदृढीकरण | १. सामाजिक परीक्षण तथा प्रतिवेदनलाई विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिममा प्रमुख विषय बनाएको ।<br>२. सामाजिक परीक्षण तथा प्रतिवेदनलाई चौमासिक निकाशाको आधार बनाईएको ।<br>३. शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा सामाजिक परीक्षण समिति गठन ।<br>४. सरोकारवालाहरुलाई सामाजिक परीक्षणको महत्वबारे तालिमको व्यवस्था ।<br>५. सामाजिक परीक्षणलाई खर्च अनुमोदन गर्ने कार्यमा मात्र सिमित नराखी विद्यालयको शैक्षिक गुणस्तर बृद्धिमा समेत प्रयोग गर्ने गरिएको ।<br>६. सामाजिक परीक्षण प्रतिवेदन जिल्ला शिक्षा विकास समन्वय ईकाईमा पेश गर्ने गरिएको । |
| ४ | कार्यक्रम कार्यान्वयनको अनुगमन | १. विद्यालय शिक्षा योजना अनुसार बर्षको २ पटक अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्ने गरिएको ।<br>२. अनुगमन निरीक्षण पश्चात प्रतिवेदन पेश गर्न अनिवार्य गरिएको ।<br>३. अनुगमन निरीक्षणबाट प्राप्त प्रतिवेदन अनुसार मासिक रुपमा बैठकमा छलफल गर्ने गरिएको ।<br>४. गाउँपालिकाका प्रतिनिधी, सम्बन्धित विद्यालय सञ्चालक समिति, प्रधानाध्यापक, पेशागत संस्था, शिक्षक अभिभावक संघ, पत्रकार, राजनीतिक दलका प्रतिनिधी, विद्यार्थीका प्रतिनिधी समेतको सामुहिक सुपरीवेक्षण । |
| ५ | अनुसन्धानात्म कार्य तथा उद्देश्य प्राप्तीमा प्रगतिको अनुगमन | १. विद्यालय शिक्षा क्षेत्र योजनामा उल्लेख भए अनुसार शिक्षकहरुबाट शिक्षण सिकाइ सम्बन्धी अनुसन्धानात्मक कार्य गराई प्रतिवेदन लिने गरिएको।<br>२. प्राप्त अनुसन्धानात्मक कार्यहरुको औपचरिक छलफल र विश्लेषण गरी शिक्षा सिकाइमा जोड्ने गरिएको ।<br>३. शिक्षकको बढुवा मूल्याङ्कनमा अनुसन्धानात्मक कार्यको प्रतिवेदनलाई समेत सूचकका रुपमा लिइएकोले शिक्षकहरु अनुसन्धानात्मक कार्य गर्न प्रेरित भएको । |

## ८.१.९. सरोकारवालाहरुको भूमिका

| क्रम संख्या | व्यक्ति/ निकाय | भूमिका |
|---|---|---|
| १. | शिक्षा मन्त्रालय | १. सामाजिक, भौगोलिक तथा समयानुसार नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।<br>२. विद्यालयको अवस्था अनुसार अनुदान रकम समयमै उपलब्ध गराउने ।<br>३. समय समयमा अनुगमनको व्यवस्था मिलाई प्रतिवेदन प्राप्त गरी प्रकाशित गर्ने । |
| २ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | १. सामाजिक, भौगोलिक तथा समयानुकुल नीति नियम बनाई कार्यान्वयनको व्यवस्था मिलाउने ।<br>२. विद्यालय शिक्षा योजना अनुसार अनुगमन निरीक्षणको व्यवस्था मिलाई आवश्यक रकमको समेत व्यवस्था गर्ने ।<br>३. अनुगमन निरीक्षण प्रतिवेदन तयार गरी प्रकाशित गरिने। |
| ३ | शिक्षा विकास निर्देशनालय | १. विद्यालयहरुमा नियमित अनुगमनको व्यवस्था मिलाउने।<br>२. अनुगमन निरीक्षण अनुसार सुधारका उपायहरु अवलम्बन गर्न निर्देशन दिने ।<br>३. मातहतका जिल्लाहरुको अनुगमन प्रक्रियामा एक रुपता र समन्वय कायम गर्ने ।<br>४. प्रतिवेदन अध्ययन गरी छलफल तथा अन्तरक्रिया गर्ने गराउने। |
| ४ | शिक्षा विकास तथा समन्वय ईकाई | १. नियमित अनुगमन निरीक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।<br>२. अनुगमन निरीक्षण प्रतिवेदन प्राप्त गरी समय समयमा अन्तरक्रिया गरी राय सुझाव लिने, दिने ।<br>३. प्रतिवेदन अध्ययन गरी दण्ड तथा पुरस्कारको उचित व्यवस्था मिलाउने ।<br>४. प्राप्त प्रतिवेदन नियमित रुपमा सम्बन्धित निकायमा पठाउने । |
| ५ | विद्यालय निरीक्षक | १. विद्यालयमा विद्यार्थी र शिक्षकहरुको नियमित उपस्थिती भए/नभएको हेर्ने ।<br>२. शैक्षिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।<br>३. समय समयमा विद्यालय शिक्षा सुधार सम्बन्धमा छलफल र अन्तरक्रिया गरी आवश्यक सल्लाह सुझाव दिने ।<br>४. विद्यालयमा देखिएका शैक्षिक सिकाइ समस्याहरु समाधानका लागि आवश्यक पहल गर्ने । |
| ६ | स्रोतकेन्द्र | १. विद्यालयहरुको शैक्षिक कार्यक्रम नियमित अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्ने । |

| | | |
|---|---|---|
| | | २. विद्यालयमा विद्यार्थी र शिक्षकहरुको उपस्थिति नियमित भए/नभएको अनुगमन गर्ने ।<br>३. शिक्षण सिकाइ सुधारका लागि कक्षा अवलोकन गर्ने र शिक्षकहरुसंग छलफल गर्ने ।<br>४. विद्यालयका शैक्षिक समस्याहरु समाधानका लागि प्रयास गर्ने।<br>५. शिक्षकहरुलाई पेशागत सहयोग उपलब्ध गराउने । |
| ७ | गाउँपालिका | १. गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यालय बाहिर रहेका बालबालिकाहरु पहिचान गरी विद्यालयमा ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२. गाउँपालिका भित्र रहेका दलित, सिमान्तकृत विपन्न, अपाङ्ग तथा छात्राहरुलाई विद्यालयमा आकर्षित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>३. साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्न पहल गर्ने ।<br>४. गाउँ शिक्षा समितिको गठन गरी परिचालन गर्ने ।<br>५. गाउँ शिक्षा योजना बनाई कार्यान्वयन गर्ने गराउने<br>६. समय समयमा विद्यालयमा उपस्थित भई समस्या पहिचान गरी समस्या समाधानका लागि आवश्यक सल्लाह सुझाव दिने ।<br>७. गाउँपालिका क्षेत्रभित्र कार्यान्वयनमा रहेका शैक्षिक कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने ।<br>८. प्रधानाध्यापक तथा शिक्षकहरुको गुणस्तर मूल्याङ्कन गर्नुका साथै सरुवा बढुवाको सिफारिस गर्ने ।<br>९. विद्यालयहरुलाई नियमानुसार अनुदान सहयोग निकासा दिने । |
| ८ | समुदाय | १. विद्यालयहरुबाट समय समयमा सञ्चालन हुने साक्षरता तथा समुदाय लक्षित विकासका कार्यक्रमहरुमा उपस्थित भई आवश्यक सहयोग गर्ने ।<br>२. विद्यालयको पहुँच बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना तथा नियमित गराउन पहल गर्ने ।<br>३. बालबालिका तथा शिक्षकहरु विद्यालयमा नियमित भए/नभएको हेर्ने र आवश्यक सल्लाहा सुझाव दिने । |
| ९ | विद्यालय व्यवस्थापन समिति | १. विद्यालय शिक्षा क्षेत्र योजना अनुसार अनुगमनको सुदृढ संयन्त्र बनाई परिचालन गर्ने ।<br>२. अनुगमन योजनालाई नियमित बनाई छलफल तथा अन्तरक्रिया गरी प्रतिवेदन पेश गर्न लगाउने ।<br>३. प्राप्त अनुगमन प्रतिवेदन उपर छलफल गरी शैक्षिक सुधारका सुझावहरु कार्यान्वयन गर्ने गराउने । |

| | | |
|---|---|---|
| | | ४. प्राप्त प्रतिवेदन अनुसार विद्यालयको आवश्यक थप सुधारका लागि माथिल्लो निकायमा पठाउने । |
| १० | विद्यालय | १. प्रत्येक विद्यालयले विद्यालय शिक्षा सुधार योजनाको अनुगमन गर्ने व्यवस्था मिलाउने ।<br>२. विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने गराउने ।<br>३. अनुगमन निरीक्षण प्रतिवेदनबाट प्राप्त राय सूझावको घनीभुत छलफल गरी सुधारका सुझावहरु कार्यान्वयन गर्ने गराउने । |
| ११ | प्रधानाध्यापक | १. विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुको नियमितता अनुगमन गर्ने।<br>२. शिक्षक, कार्यालय कर्मचारी र सम्बद्ध निकायहरु बीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने ।<br>३. शिक्षकहरुलाई आवश्यकता अनुसार जिम्मेवारी तोकी कार्य गराउने।<br>४. समय समयमा विभिन्न निकायबाट हुने अनुगमन तथा निरीक्षणको बातावरण निर्माण गर्ने ।<br>५. सामुहिक तथा विषयगत सुपरिवेक्षणमा सहयोग गर्ने ।<br>६. विद्यालयको भौतिक व्यवस्थापन, दैनिक प्रशासन सञ्चालन तथा शैक्षिक सिकाइ सँस्कृतिको विकास गर्ने ।<br>७. विभिन्न निकायबाट प्राप्त प्रतिवेदनले दिएका आवश्यक सुझावहरु कार्यान्वयन गर्ने गराउने |
| १२ | शिक्षक | १. नियमित रुपमा विद्यालयमा उपस्थित भई शिक्षण सिकाइमा उत्साहपूर्वक सहभागि हुने ।<br>२. विद्यालयमा सिक्ने र सिकाउने सँस्कृतिको विकास गर्ने ।<br>३. समय समयमा हुने विषयगत तथा सामुहिक सुपरिवेक्षणमा सक्रियतापूर्वक सहभागि हुने ।<br>४. शिक्षण सिकाइ उपलब्धी सुधार सम्बन्धी मासिक तथा बार्षिक कार्य योजना बनाई कार्यान्वयन गर्ने ।<br>५. पेशागत दायित्व जिम्मेवारी पूर्वक निर्वाह गर्दै पेशागत विकासकालागि निरन्तर खोजी कार्य गर्ने ।<br>६. विद्यार्थी मूल्याङ्कनको अवधारणा अनुसार निरन्तर उदार कक्षोन्नती नीति कार्यान्वयन गर्ने ।<br>७. शिक्षण सिकाईमा थप सुधारका लागि सुझाव पेश गर्ने । |

# सन्दर्भ सामाग्री


१. नेपालको संविधान
२. विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८
३. सोह्रो योजना (२०८२/२०८६)
४. राष्ट्रिय शिक्षा नीति, २०७६
५. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम स्वरुप २०७६
६. आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा १-३), २०७६
७. विद्यालय सुरक्षा गुरु योजना तथा कार्यान्वयन कार्यविधि, २०१८
८. विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
९. शिक्षण सिकाइ निर्देशिका २०६७
१०. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५
११. अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७
१२. विद्यालय शान्ती क्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका २०६८
१३. विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७
१४. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५
१५. करैयामाई गाउँपालिकाको गाउँ वस्तुगत विवरण, २०७५
१६. राष्ट्रिय जनगणना २०७८
१७. घरपरिवार सर्वेक्षण विवरण, २०७५
१८. शिक्षा ऐन, २०२८
१९. शिक्षा नियमावली, २०५९
२०. विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०)
२१. शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) को मस्यौदा
२२. विद्यालय अनुगमन प्रतिवेदनहरु
२३. गाउँपालिकाको बार्षिक बजेटहरु
२४. गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरु
२५. विभिन्न आर्थिक वर्षमा भएका विद्यालय निकासाहरु